सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

८ फागुन २०८२, शुक्रबार (20 Feb 2026, Friday) ■ नेपाल संवत् ११४६ ■ वर्ष १९ ■ अंक ३०२ ■ पृष्ठ ८ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. १०/-

कांग्रेस, एमाले र रास्वपाले एकै दिन ल्याए घोषणापत्र

■ पाँच वर्षमा १५ लाख रोजगारी र निःशुल्क स्वास्थ्य





प्रतिज्ञापत्र सार्वजनिक गर्दै कांग्रेस सभापति गगन थापाले भने–

हाम्रो प्रतिज्ञापत्र पाँच वर्षपछि मूल्यांकन गरिने परम्परागत दस्ताबेज होइन, हरेक महिना जनताले जाँच्न सक्ने रिपोर्टकार्डसहितको संकल्प हो ।

पर्शुराम काफ्ले/नयाँ पत्रिका

पाँच वर्षमा कम्तीमा १५ लाख रोजगारी र सबै नेपालीको निःशुल्क स्वास्थ्य सेवालगायतका जनसरोकारका मुद्दा समेटेर कांग्रेसले आफ्नो चुनावी प्रतिज्ञापत्र ल्याएको छ । कांग्रेसले प्रतिनिधिसभा निर्वाचनका लागि बुधबार जनकपुरमा सार्वजनिक गरेको प्रतिज्ञापत्रका १० दृष्टिकोणको विस्तृत खाका बिहीबार राष्ट्रिय सभामा सार्वजनिक गरेको हो ।

प्रश्नोत्तर कार्यक्रममा सभापति गगन थापाले २०० पृष्ठको प्रतिज्ञापत्र सार्वजनिक गर्दै त्यसबारे सहभागीका प्रश्नहरूको उत्तर दिएका छन् । प्रतिज्ञापत्रबारे थापाले भने, 'हाम्रो प्रतिज्ञापत्र पाँच वर्षपछि मूल्यांकन गरिने परम्परागत दस्ताबेज होइन, हरेक महिना जनताले जाँच्न सक्ने रिपोर्टकार्डसहितको संकल्प हो ।'

» पृष्ठ २ मा क्रमशः

कांग्रेसले बिहीबार सभापति गगन थापासँगको प्रश्नोत्तर कार्यक्रमबाट विस्तृत प्रतिज्ञापत्र पनि सार्वजनिक गरेको छ

प्रतिज्ञापत्रका मुख्य बुँदा

- ०४८ यता उच्च तहमा रहेकाको सम्पत्ति छानबिन गर्न उच्चस्तरीय छानबिन आयोग
- संवैधानिक निकायको नियुक्तिमा दलका सदस्यलाई दुई वर्ष 'कुलिङ अफ पिरियड'
- मन्त्री, सांसद वा उच्चपदस्थहरूले शपथ लिनुपूर्व र पद छाडेपछि आफ्नो सम्पत्तिको सार्वजनिक घोषणा गर्नैपर्ने व्यवस्था
- राष्ट्रपति एक, प्रधानमन्त्री र मुख्यमन्त्री दुई र मन्त्री तीनपटक मात्र बन्न पाउने, समानुपातिक सांसद एकपटक मात्र हुने कानुनी व्यवस्था गरिने
- संघमा प्रधानमन्त्रीसहित १६ र प्रदेशमा मुख्यमन्त्रीसहित बढीमा ७ मन्त्रालयको व्यवस्था
- व्यक्तिगत आयमा सुरुको १० लाख रुपैयाँसम्म आयकर नलगाइने
- आगामी पाँच वर्षमा कम्तीमा १५ लाख मर्यादित र उत्पादनशील रोजगारी सिर्जना
- प्रत्येक नेपालीलाई सुरक्षित, सम्मानजनक र गुणस्तरीय स्वास्थ्य सेवा निःशुल्क दिइने
- शिक्षालाई निःशुल्क र गुणस्तरीय बनाउँदै, आधुनिक सिप र प्रविधिसँगको आबद्ध गरिने
- कृषिमा उन्नत प्रविधि, सुलभ ऋण र बजारको ग्यारेन्टीमार्फत कृषकलाई सम्मान
- आयोजनाको काम ३ सिफ्टमा गर्ने पद्धतिलाई अनिवार्य कार्य संस्कृति बनाइने
- पाँच वर्षमा अर्थतन्त्रलाई ११५ खर्ब रुपैयाँ र प्रतिव्यक्ति आयलाई २,५०० डलर पुऱ्याइने

■ युवालाई १० जिबी डाटादेखि सुत्केरीलाई २५ हजार भत्तासम्म





घोषणापत्र सार्वजनिक गर्दै एमाले अध्यक्ष केपी ओलीले भने–

पुस्ताहरूबिचको द्वन्द्वले यो देश चलेको होइन । यस्तो द्वन्द्वले देश बन्दैन पनि, चल्दैन पनि । देश बनाउन युवाको ऊर्जा चाहिन्छ । त्यो सपना, त्यो जोस र त्यो हिम्मत सँगसँगै अनुभवी पुस्ताको दृष्टि पनि चाहिन्छ । त्यो बुद्धि, त्यो संयम, त्यो मार्गदर्शन जसले युवा लडखडाउँदा भरोसा दिन्छ । युवा आगो हो, तर यसलाई दिशा चाहिन्छ । नत्र त्यही आगोले जलाउँछ ।

प्रेम गौतम/नयाँ पत्रिका

एमालेले विकासका लागि पाँच आधारभूत घोषणा, समृद्धिका २५ आधारस्तम्भ र मन्त्रिपरिषद्को पहिलो बैठकबाट थाल्ने ११ कामसहित चुनावी घोषणापत्र सार्वजनिक गरेको छ । राजधानीमा बिहीबार पत्रकार सम्मेलन गरी एमाले अध्यक्ष केपी ओलीले ८० पृष्ठ लामो चुनावी घोषणापत्र सार्वजनिक गरेका हुन् ।

सामाजिक न्याय र समानतामा आधारित समृद्ध पारस्परिक सद्भाव वृद्धि गर्दै 'विविधतामा एकता'को बाटोबाट सिंगो राष्ट्रलाई एकताबद्ध बनाउने घोषणा एमालेले

» पृष्ठ २ मा क्रमशः


एमालेको घोषणापत्र सार्वजनिक कार्यक्रममा नेताहरू
तस्बिर : **संजित परियार**/नयाँ पत्रिका

घोषणापत्रका मुख्य बुँदा

- उच्च आर्थिक वृद्धिबाट ४ लाख र सूचना प्रविधिको क्षेत्रसहित लक्षित रोजगार कार्यक्रमबाट एक लाखलाई वार्षिक रोजगारी
- २३ र २४ भदौमा क्षति भएका सार्वजनिक भवनको पुनर्निर्माण एक वर्षभित्र
- उद्यमी महिलालाई २० लाखसम्म निर्ब्याजी ऋण, सुत्केरीलाई २५ हजार भत्ता र गर्भवतीलाई ५ लाखसम्मको निःशुल्क जीवन बीमा
- विद्यार्थीलाई २० लाख निर्ब्याजी ऋण, पारिश्रमिकसहितको इन्टर्नसिप
- वैदेशिक रोजगारीमा रहेकाहरूको खातामा ५ हजार र सामाजिक सुरक्षामा निरन्तरता
- १८ देखि २८ वर्ष उमेरका युवालाई मासिक १० जिबी इन्टरनेट डाटा निःशुल्क
- सबै विद्यालयका किशोरीलाई निःशुल्क प्याड, १० कक्षासम्मका विद्यार्थीलाई खाजा
- श्रमिकहरूको न्यूनतम पारिश्रमिक २५ हजार पुऱ्याउने, सामाजिक सुरक्षा प्रणालीमा आबद्ध गर्ने
- गरिब परिवारको पहिचान गरी २५ हजार सम्मको ऋण मिनाहा, सामाजिक सुरक्षामा आबद्ध
- पाँच वर्षमा १०० खर्बको अर्थतन्त्र, प्रतिव्यक्ति आय तीन हजार डलर पुऱ्याउने
- दुई वर्षमा सबै घरमा २४सै घण्टा खानेपानी, बाह्रै महिना सिँचाइको व्यवस्था
- स्वास्थ्य बिमा प्रणालीलाई संरचनात्मक सुधार र बिमाको थैली विस्तार गरिने

■ ०४६ यताको सम्पत्ति छानबिन, पाँच लाखलाई रोजगारी





सुर्खेतको चुनावी सभालाई सम्बोधन गर्दै रास्वपा सभापति रवि लामिछानेले भने–

परिवर्तनको यो आगोलाई, यो झिल्कोलाई, जनताको चेतनालाई कसैले चुनौती नदियोस् । म सबैले सुन्ने गरी कर्णालीबाट भन्न चाहन्छु, लोकतन्त्रलाई खतरा छैन, हामी जोगाउँछौं ।

सुर्खेतमा **रमेश रावल**
काठमाडौंमा **कमलराज भट्ट**

राष्ट्रिय स्वतन्त्र पार्टीले शासन व्यवस्थामा थिति बसाल्ने संकल्पसहित वाचापत्र सार्वजनिक गरेको छ । बिहीबार सुर्खेत घण्टाघर चोकमा परिवर्तन उद्घोष सभामार्फत रूपान्तरणका लागि नीतिगत प्रस्थानका १०० आधार सार्वजनिक गरेको हो ।

वाचापत्रमा २३ र २४ भदौको जेन-जी आन्दोलनको छानबिन गर्न गठित जाँचबुझ आयोगको प्रतिवेदनमा उल्लेखित सुझाव र सिफारिस कार्यान्वयन गर्ने प्रतिबद्धता जनाइएको छ । यस्तै, ०४६ यताका सार्वजनिक पदाधिकारीको सम्पत्ति छानबिन गरी अवैध रूपमा आर्जित सम्पत्ति जफत तथा राष्ट्रियकरण गर्ने वाचा रास्वपाले गरेको छ ।

» पृष्ठ २ मा क्रमशः

रास्वपाले बिहीबार सुर्खेतमा गरेको चुनावी सभाबाट वाचापत्र पनि सार्वजनिक गरेको छ

वाचापत्रका मुख्य बुँदा


- ०४६ यताका उच्चपदस्थहरूको सम्पत्ति छानबिन गरी अवैध सम्पत्ति जफत गर्ने ।
- प्रत्यक्ष निर्वाचित कार्यकारी, पूर्ण समानुपातिक संसद्, सांसद मन्त्री नहुने व्यवस्था, गैरदलीय स्थानीय सरकार र सुधारिएको प्रादेशिक स्वरूप बनाउन संविधान संशोधनको प्रस्ताव गर्ने
- सातै प्रदेशमा अत्याधुनिक डिजिटल पार्क निर्माण गरी ५ लाख प्रत्यक्ष रोजगारी सुनिश्चित
- राज्य संयन्त्र र संवैधानिक अंगमा दलीय आबद्धता अन्त्य गर्न कानुनी व्यवस्था गर्ने
- राष्ट्रिय गौरवका आयोजनालाई आगामी दुई वर्षभित्र सम्पन्न गर्ने
- पाँच/सात वर्षभित्र प्रतिव्यक्ति आय ३००० डलर नाघ्ने र अर्थतन्त्रको आकार १०० अर्ब डलर नजिक पुऱ्याइने लक्ष्य
- साना बचतकर्ताको बचत सुरक्षित गर्न १०० दिनभित्र एकीकृत बचत सुरक्षा कोष स्थापना
- संघमा संख्या १८ मा सीमित गर्ने
- हरेक प्रदेशमा कम्तीमा एक अत्याधुनिक नमुना समावेशी विद्यालय स्थापना
- सरकारी सेवाभित्र दलगत ट्रेड युनियनको व्यवस्था खारेज गर्ने, भ्रातृ संगठन नबनाउने
- भारतीय रुपैयाँसँग स्थिर विनिमयदर विज्ञहरूको सहभागितामा अध्ययन र पुनरावलोकन गर्ने
- शिक्षक तथा प्राध्यापकहरूको राजनीतिक आबद्धतालाई पूर्णतः निषेध गर्ने

भाषा विवादमा फेरि अल्झियो इम्बोस्ड नम्बर प्लेट जडान

सुवास भट्ट/नयाँ पत्रिका

पाँच अर्ब ६१ करोड ८७ लाख ५० हजार रुपैयाँ (तीन करोड ८७ लाख ५० हजार अमेरिकी डलर)को सवारीसाधनमा इम्बोस्ड नम्बर प्लेट जडान परियोजना फेरि भाषा विवादमा अल्झिएको छ । नम्बर प्लेटमा राखिने भाषालाई लिएर सुरुमै सरकारको बदनियत र पछि सर्वोच्च अदालतको आफ्नै फैसला बाझिने अन्तरिम आदेशले परियोजना लफडामा परेको हो ।

इम्बोस्ड नम्बर प्लेट अंग्रेजी कि देवनागरी लिपिमा लेख्ने भन्ने विवादमा ६ फागुन ०७४ मै सर्वोच्चमा रिट पुगेको थियो । संवैधानिक इजलासले २७ मंसिर ०७६ मा अंग्रेजी लिपिमै नम्बर लेख्न सकिने वैधता दिएको थियो । तर, अन्य विभिन्न लफडाले इम्बोस्ड नम्बर प्लेट जडान अल्झिरहेका वेला गत १ असोजमा यातायात व्यवस्था विभागले सार्वजनिक सूचना जारी गरी पुनः जडान प्रक्रिया अघि बढाएपछि अंग्रेजी भाषामा इम्बोस्ड नम्बर प्लेट वितरण संविधानविपरीत भन्दै रिट पऱ्यो । उक्त रिटमाथि सर्वोच्चले २५ माघमा अन्तरिम आदेश दिएपछि इम्बोस्ड नम्बर प्लेट जडान फेरि अल्झिएको हो ।



तीन करोड ८७ लाख ५० हजार अमेरिकी डलरको परियोजना झन्डै १० वर्षदेखि अलपत्र, अख्तियारमा भ्रष्टाचार उजुरी, सार्वजनिक तह र अड्डा-अदालतमा विवादैविवाद

इम्बोस्ड नम्बर प्लेट आपूर्ति तथा प्लेट जडानका लागि आवश्यक वैयक्तिकरण, नामांकन र सूचना प्रविधि पूर्वाधारसमेतको निर्माणका लागि यातायात व्यवस्था विभागले १७ जेठ ०७३ मा डेकाटुर टाइगर आइटी (संयुक्त उपक्रम)सँग खरिद सम्झौता गरेको थियो । कुल २५ लाख प्लेट आपूर्ति गर्ने गरी १५ जेठ ०७८ सम्म पाँच वर्षका लागि विभागले डेकाटुरसँग खरिद सम्झौता गरेको थियो । १२ भदौ ०७४ मा राजपत्रमा सूचना प्रकाशित गरेर तत्कालीन बागमती अञ्चलमा इम्बोस्ड नम्बर प्लेटसम्बन्धी व्यवस्था लागू गरिएको थियो ।

त्यसभन्दा अघि नै तत्कालीन सरकारले निर्णय गरेर यातायात व्यवस्था ऐनको अनुसूची हेरफेर गरी इम्बोस्डमा प्रयोग गरिने भाषा अंग्रेजी कायम गरेको थियो । सरकारको निर्णयको आधारमा भौतिक पूर्वाधार तथा यातायात व्यवस्था मन्त्रालयले सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को अनुसूची- २ मा हेरफेर गरी बुँदा १२ मा 'इम्बोस्ड सवारी नम्बर प्लेटमा अक्षर र अंक अंग्रेजी लिपिमा हुनुपर्ने' व्यवस्था गरेको थियो । २५ साउन ०७४ मै राजपत्रमा सूचना प्रकाशित गरेको थियो ।

सरकारको निर्णयअनुसार नै इम्बोस्ड नम्बर प्लेटमा अंग्रेजी लिपि प्रयोग गरेर जडान सुरु गरियो । तर, इम्बोस्डमा अंग्रेजी भाषाको प्रयोग संविधानविपरीत भएको भन्दै ६ फागुन ०७४ मा भरतकुमार बस्नेत र ८ गते राजन बुर्लाकोटीले प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेतलाई विपक्षी बनाएर सर्वोच्च अदालतमा रिट निवेदन दर्ता गरेका थिए । सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को अनुसूची २ को कानुनी व्यवस्था संविधानको धारा ७ विपरीत रहेको भन्दै बदरको माग गरेका थिए । देवनागरी लिपिमा लेखिने नेपाली भाषा सरकारी कामकाजको मुख्य भाषा हुने संवैधानिक व्यवस्थाको प्रतिकूल हुने गरी सवारीसाधनको नम्बर प्लेटसम्बन्धी सरकारी कामकाजमा अंग्रेजी भाषा प्रयोग गरिएको रिटमा उल्लेख थियो । संविधानको धारा ७ मा 'देवनागरी लिपिमा लेखिने नेपाली भाषा नेपालको सरकारी कामकाजको भाषा हुनेछ'को व्यवस्था छ ।

रिट दर्ता भएको तीन दिनमै १० फागुनमा सर्वोच्चले अंग्रेजी भाषा प्रयोग गरिएको इम्बोस्ड नम्बर प्लेट वितरण नगर्न-नगराउन अन्तरिम आदेश जारी गरेको थियो ।

» पृष्ठ २ मा क्रमशः



चक्रपथको नारायणगोपालचोकदेखि चप्पल कारखानासम्म गरिएको कालोपत्रे । चीनले कलंकीदेखि नारायणगोपालचोकसम्म मात्रै निर्माण गर्ने भएपछि यो खण्ड सरकारले नै बनाउन लागेको हो । तस्बिर : **दिपेन्द्र ढुंगाना**/नयाँ पत्रिका

कर्नर किक

● रवि मिश्र



उम्मेदवारलाई अब 'रुफ टप भेहिकल' प्रतिबन्ध

टेकराज थामी/नयाँ पत्रिका

गृह मन्त्रालयले निर्वाचन प्रचारप्रसारका क्रममा 'रुफ टप भेहिकल' प्रयोग गर्न प्रतिबन्ध लगाएको छ । बिहीबार गृह मन्त्रालयमा बसेको केन्द्रीय सुरक्षा समितिको बैठकले सुरक्षाको कारण देखाउँदै यस्तो निर्णय गरेको हो ।

गृहप्रवक्ता आनन्द काफ्लेका अनुसार 'रुफ टप भेहिकल' प्रयोग गर्दा उम्मेदवारको सुरक्षामा खतरा देखिएको निष्कर्ष निकालिएको छ । 'सुरक्षाका दृष्टिले 'रुफ टप भेहिकल' प्रयोग जोखिमपूर्ण देखियो । त्यसैले निर्वाचन अवधिभर उम्मेदवारले यस्ता सवारीसाधन प्रयोग गर्न पाउनेछैनन् । उम्मेदवारकै सुरक्षालाई ध्यानमा राखेर निर्णय गरिएको हो,' उनले भने ।

प्रतिनिधिसभा निर्वाचनका लागि प्रत्यक्षतर्फ उम्मेदवारी दर्ता भएलगत्तै केही उम्मेदवारले 'रुफ टप भेहिकल' प्रयोग गर्दै आएका थिए । विशेष गरी रवि लामिछाने र बालेन्द्र शाहले यस्ता सवारीसाधन प्रयोग गर्दै सर्वसाधारणसँग भेटघाट तथा सम्बोधन गरिरहेका थिए । सुरक्षा संयन्त्रका चारवटै निकायले यस्तो प्रयोग उम्मेदवारका लागि

» पृष्ठ २ मा क्रमशः



तीन जिल्लामा थप सुरक्षाकर्मी खटाइने

बढ्दो सुरक्षा चुनौतीको विश्लेषणपछि गृहले झापा, दोलखा र रामेछाप जिल्लामा थप सुरक्षाकर्मी खटाउने निर्णय गरेको छ । उम्मेदवारबिचको कडा प्रतिस्पर्धा झडपमा बदलिन सक्ने आकलनका आधारमा तीन जिल्लालाई संवेदनशील मानिएको हो । झापा ५ लाई विशेष संवेदनशील मानिएको छ । दोलखामा विगतमा पनि झडप तथा बुथ कब्जाका घटना हुने गरेका थिए । रामेछापमा सुरक्षा चुनौती बढेको गृहको विश्लेषण छ ।

■ बुथ कब्जा रोक्न कडाइ

गृह मन्त्रालयले निर्वाचनका क्रममा बुथ कब्जा गर्नेहरूमाथि कडा कारबाही गर्ने निर्णयसमेत गरेको छ । विगतका निर्वाचनमा दलका कार्यकर्ता, स्थानीय गुन्डा समूह, प्रहरी तथा मतदानस्थलमा खटिएका कर्मचारीको मिलेमतोमा बुथ कब्जाका घटना हुने गरेको भन्दै यसपटक कडाइ गरिने बताइएको छ । 'विगतमा बुथ कब्जाका घटना हुने गरेका थिए । यसपटक त्यस्ता गतिविधि हुन दिइनेछैन । यदि कसैले यस्तो कार्य गरेको पाइए प्रहरी, कर्मचारी वा अन्य जो-कोहीमाथि कानुनी कारबाही गरिनेछ,' प्रवक्ता काफ्लेले भने । त्यस्तै, रामेछापमा पनि एमाले, कांग्रेस, नेकपा र रास्वपाबिच नै कडा प्रतिस्पर्धा छ । रामेछापमा एमालेबाट माधव ढुंगेल, कांग्रेसबाट रामचन्द्र खड्का, नेकपाबाट श्यामकुमार श्रेष्ठ र रास्वपाबाट डा. कृष्णहरि बुढाथोकी रहेका छन् ।

NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

पाँच वर्षमा...

पृष्ठ १ बाट क्रमशः

कांग्रेसको प्रतिज्ञापत्रमा ०४८ सालपछि सार्वजनिक जीवनका उच्च तहमा रहेका हरेक व्यक्तिको सम्पत्ति छानबिन गर्न ६ महिनाभित्र उच्चस्तरीय अधिकारसम्पन्न छानबिन आयोगको गठन, मन्त्री, सांसद वा उच्चपदस्थ व्यक्तिहरूले शपथ लिनुपूर्व र पद छाडेपछि आफ्नो सम्पत्तिको सार्वजनिक घोषणा गर्ने व्यवस्था अनिवार्य गर्ने उल्लेख गरेको छ।

यसबाहेक राष्ट्रपति एक कार्यकाल, प्रधानमन्त्री र मुख्यमन्त्री बढीमा दुई कार्यकाल, मन्त्री बढीमा तीन कार्यकाल मात्र रहन पाउने र समानुपातिकतर्फ सांसद एकपटक अन्तिमपटक हुने कानुनी र संवैधानिक व्यवस्था तथा विभिन्न समयमा गठित आयोगका सिफारिसबमोजिम संघमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसहित बढीमा १५ + १ र प्रदेशमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसहित बढीमा ६ + १ वटा मन्त्रालय मात्र रहने व्यवस्था लागू गर्ने कांग्रेसको प्रतिबद्धता छ।

कांग्रेसले आफूलाई लोकतन्त्रवादीहरूको एक मात्र भरपर्दो राजनीतिक शक्तिको रूपमा दाबी गरेको छ। पार्टी अब गुटबन्दी र व्यक्तिगत स्वार्थको चक्रव्यूहबाट मुक्त भएको प्रतिज्ञापत्रमा उल्लेख गरेको छ।

सभापति थापाले अब अंकगणितीय जोडघटाउ र पदको भागबन्डा गरेर जसरी पनि सत्तामा पुग्ने संस्कृति बनेको 'निर्वाचनअघिको गठबन्धन' अन्त्य भएको बताए। 'निर्वाचनअघि गठबन्धन नगर्ने कांग्रेसको निर्णयलाई पछ्याउँदै सबै प्रमुख दलहरू विनागठबन्धन निर्वाचनमा होमिएका छन्। अब कांग्रेस कुनै पनि अवस्थामा सत्ताका लागि आफ्ना सिद्धान्तसँग सम्झौता गर्दैन,' प्रतिज्ञापत्रमा छ।

आफ्नो अन्तर्राष्ट्रिय सम्बन्धबारे कांग्रेसले भनेको छ, 'नेपालको राष्ट्रिय हितलाई सर्वोपरि राख्न दृढ छ। विश्व समुदायसँग सार्वभौमिक समानताको सिद्धान्तको आधारमा सन्तुलित अन्तर्राष्ट्रिय सम्बन्ध र परराष्ट्र नीति अवलम्बन गर्दै नेपाली कांग्रेस नेपाललाई एउटा आत्मविश्वासयुक्त राष्ट्रको रूपमा विश्वमञ्चमा स्थापित गराउने प्रतिबद्धता व्यक्त गर्दछ।'

सभापति थापाले संविधानका मूल्य-मान्यता, नागरिक अधिकार तथा समानुपातिक समावेशी सिद्धान्तलाई संकुचित हुन नदिई संविधान संशोधनको नेतृत्व लिने भनेका छन्। 'संघीय, प्रादेशिक र स्थानीय गरी तीनै तहका सरकार र शासकीय प्रणालीमा आवश्यक संवैधानिक, संस्थागत र संरचनागत सुधार गर्छौं,' थापाले भने।

संविधान संशोधनका लागि संसद् सुरु हुनेबित्तिकै त्यहाँभित्रका दलहरूबिच सहकार्यका लागि एउटा अन्तरदलीय सहकार्य संरचना निर्माण गर्ने कांग्रेसको प्रतिबद्धता छ। त्यसको नेतृत्व कांग्रेसले गर्ने र त्यो संरचनामा एउटा न्यूनतम समझदारी कायम गर्ने कांग्रेसको लक्ष्य छ।

प्रतिज्ञापत्रका बाँकी मुख्य बुँदा...

- नीतिगत निर्णयबाट हुने भ्रष्टाचारलाई कानुनको दायरामा ल्याउन अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन ६ महिनाभित्र संशोधन।
- अख्तियार दुरुपयोग अनुसन्धान आयोग, महालेखा परीक्षकको कार्यालय, सार्वजनिक खरिद अनुगमन कार्यालयलगायत अनुसन्धान तथा नियमनकारी निकाय र संस्थाको संरचना सुधार।
- भ्रष्टाचार तथा अन्य फौजदारी मुद्दा लागेको व्यक्ति निर्वाचन लड्न नपाउने, पदमा नरहने व्यवस्था। भ्रष्टाचारको अभियोगमा मुद्दा दर्ता भएको राजनीतिक दलका कुनै पनि तहका नेता र सदस्य पदबाट स्वतः निलम्बन हुने व्यवस्था।
- सार्वजनिक सेवाप्रवाह र विकास निर्माणमा देखिने अवरोधहरूलाई 'फास्ट ट्र्याक'मा हटाउने र मन्त्रालय र कार्यालय धाउने समयमा काम हुने सुनिश्चित गर्छौं। समयमा काम सुनिश्चित गर्न प्रधानमन्त्री कार्यालयमा तीन महिनाभित्र सुशासन केन्द्र र प्रत्येक मन्त्रालयमा सुशासन इकाइ स्थापना।
- राष्ट्रिय परिचयपत्र, ड्राइभिङ लाइसेन्स, राहदानीजस्ता प्रमाणपत्रहरू एक हप्ताभित्र सेवाग्राहीलाई उपलब्ध गराउने व्यवस्था।
- राष्ट्रिय योजना आयोग र संघीय सरकारका विभाग तथा कार्यालयहरूलाई आवश्यकता र औचित्यका आधारमा एक-आपसमा गाभ्ने वा प्रदेश तथा स्थानीय तहलाई हस्तान्तरण वा खारेज
- एक वर्षभित्र तहगत सरकार सञ्चालनसम्बन्धी छाता ऐन तर्जुमा।
- विकट र दुर्गम क्षेत्रलाई पहिलो प्राथमिकतामा राखेर तथ्य र प्रमाणका आधारमा बजेट विनियोजन।
- दलको लोकप्रिय मत प्रतिशत, संगठनात्मक संरचना, सक्रिय सदस्य संख्या, निर्वाचनमा सहभागिता र संगठनको समावेशी अवस्थाको आधारमा जनतालाई करको अतिरिक्त भार नपर्ने गरी राज्य कोषबाट वित्तीय सहयोग प्रदान गर्ने कानुनी व्यवस्था।
- मतपत्रमा सम्बन्धित निर्वाचन क्षेत्रका उम्मेदवारहरूको सूचीको अन्त्यमा नो भोट अर्थात् 'माथिका कुनै पनि होइन' भन्ने विकल्प र निर्वाचित जनप्रतिनिधिको कार्यसम्पादन अनुचित र गलत आचरण भएमा प्रत्याह्वानको व्यवस्थासहित एक वर्षभित्र कानुनी व्यवस्था।
- करका दर र सर्तहरू कम्तीमा १०-१५ वर्षसम्म स्थिर रहने गरी 'स्ट्याबिलिटी क्लज'सहितको कानुनी ग्यारेन्टी।
- उद्योग दर्तादेखि नवीकरणसम्मका सबै प्रक्रियालाई कागजविहीन र हैरानीमुक्त बनाउन सरलीकृत डिजिटल प्रणाली लागू।
- 'पहिले थुन्ने अनि सुन्ने' अन्यायपूर्ण परम्परा अन्त्य गरी व्यावसायिक क्षेत्रमा प्राकृतिक न्यायको सिद्धान्त अक्षरशः लागू।
- नवीन सोच भएका युवा तथा महिला उद्यमीहरूका लागि विनाधितो परियोजनाकै आधारमा पाँचदेखि ५० लाख रुपैयाँसम्मको कर्जा उपलब्ध।
- साना तथा मझौला उद्योग र कृषि कर्जामा निश्चित अवधिसम्म ब्याजदर नबढ्ने गरी 'स्थिर ब्याजदर' नीति।
- नेपाल विकासशील राष्ट्रमा स्तरोन्नति हुँदा आउने चुनौतीलाई अवसरमा बदल्न आर्थिक कूटनीतिलाई सशक्त बनाउँदै निर्यातमा विशेष अनुदान र सहुलियतपूर्ण कर्जा उपलब्ध।
- सडक, रेल र हवाई सेवालाई एकै छातामुनि ल्याउन 'मल्टिमोडल ट्रान्सपोर्ट एक्ट' जारी र व्यापारिक पूर्वाधारलाई जलवायुमैत्री एवं विपत् प्रतिरोधी।
- करको भारबाट सर्वसाधारणलाई राहत दिन व्यक्तिगत आयमा सुरुको १०
- लाख रुपैयाँसम्म आयकर नलगाउने नीति। व्यक्तिगत आयकरको अधिकतम दर २५ प्रतिशतभन्दा नबढ्ने गरी प्रगतिशील प्रणाली लागू र वार्षिक एक करोड रुपैयाँभन्दा माथिको आयमा मात्र अतिरिक्त शुल्क।
- युवाहरूलाई प्रशासन र नीति निर्माणमा प्रत्यक्ष सहभागी गराउन वार्षिक कम्तीमा पाँच हजार प्रशिक्षार्थी (फेलो)हरूलाई प्रतिस्पर्धी पारिश्रमिकसहित संघीय, प्रादेशिक र स्थानीय तहमा परिचालन।
- मल खरिदको प्रक्रिया क्यालेन्डर बनाएर मलको आवश्यकता हुने समयमा आपूर्ति सुनिश्चित। मलको उत्पादन नेपालमै हुन सक्ने गरी तराईमा मल करखाना स्थापना।
- सबै नेपालीलाई आपसमा जोड्ने, सेवा र अवसरमा समान पहुँच सुनिश्चित गरी र गाउँ-सहरबिचको असमानता अन्त्य गर्ने लक्ष्यसहित सन्तुलित, दिगो र गुणस्तरीय पूर्वाधार विकास उच्च प्राथमिकता।
- सबै खेतीयोग्य भूमिमा पाँच वर्षभित्र सिँचाइ सुविधा पुर्‍याउने गरी सिँचाइ आयोजना डिजाइन।
- आगामी पाँच वर्षमा देशको कुल विद्युत् जडित क्षमता न्यूनतम १४,००० मेगावाट र प्रतिव्यक्ति विद्युत् खपत ७५० युनिट।
- सहकारी क्षेत्रमा देखिएका चुनौतीलाई सम्बोधन गर्न बचत सुरक्षण कोषको प्रभावकारी कार्यान्वयन र ठगीविरुद्ध 'शून्य सहनशीलता'को नीति
- एकपटकको नेपाली, सधैँको नेपाली भन्ने भावनालाई आत्मसात् गर्दै नागरिकताको निरन्तरता, सम्पत्ति र मतदानको अधिकार सुनिश्चित गरेर डायस्पोराका सबै पुस्ताको भावना, ज्ञान, सिप र पुँजीलाई देशको समुन्नतिमा जोड्ने वाचा।
- खेलकुदलाई मनोरञ्जनबाट माथि उठाई 'राष्ट्रिय पहिचान' र 'राष्ट्र निर्माणमा युवा सहभागिता'को मेरुदण्ड बनाउने संकल्प।

युवालाई...

पृष्ठ १ बाट क्रमशः

गरेको छ। 'आज हाम्रा पुर्खाले अनेकौं त्याग र बलिदानबाट निर्माण र एकीकृत गरेको प्यारो मातृभूमि नेपालको समृद्ध सामाजिक एकता, सद्भावसहितको सामाजिक सुव्यवस्था र सामाजिक सुसम्बन्धयुक्त प्रणालीलाई ध्वस्त पारेर राष्ट्रिय एकतालाई छिन्नभिन्न बनाउँदै जाति, भाषा, धर्म, संस्कृति, भूगोल र पुस्ताका नाममा विभाजन गरी देशलाई भित्रैबाट कमजोर पार्ने 'कुटिल' षड्यन्त्र भइरहेको छ। यस्ता षड्यन्त्रहरूलाई असफल पार्दै सामाजिक न्याय र समानतामा आधारित समृद्ध पारस्परिक सद्भाव वृद्धि गर्दै 'विविधतामा एकता'को बाटोबाट सिंगो राष्ट्रलाई एकताबद्ध बनाउने घोषणा गर्दछौं,' घोषणापत्रमा छ। परिपूर्ण लोकतन्त्र, संविधान, कानुनको सर्वोच्चता र सुशासनको प्रतिबद्धता एमालेले गरेको छ।

जननिर्वाचित प्रतिनिधिहरूले लेखेको संविधान हुलदंगा र आगजनीबाट थिचिएको, मिचिएको, मूर्च्छित भएको र चलेको भन्दै एमालेले राष्ट्रिय सहमतिको आधारमा संविधानलाई परिमार्जन गर्दै पुनः जीवन्त र क्रियाशील बनाएर व्यवहारमा कार्यान्वयन गर्ने घोषणा गरेको छ। भ्रम नभई, तथ्यमा विश्वास गर्न आग्रह गर्दै एमालेले समृद्धिको युगतर्फ नेपाललाई अघि बढाउने घोषणा गरेको छ।

'नेपाललाई एक दशकभित्र समुन्नत राष्ट्रमा रूपान्तरण गर्नु छ। नेपालीको सम्मान र स्वाभिमान विश्वस्तरमा वृद्धि गर्नु छ। यो उन्नत नेपाली जनआकांक्षाको निष्कर्ष 'समृद्ध नेपाल-सुखी नेपाली' नै हो। करिब तीन करोड नेपालीको यो राष्ट्रिय आकांक्षालाई एमालेले राष्ट्रिय गन्तव्य निर्धारण गरेको छ। हामी सिंगो स्वाधीन नेपाल र सम्पूर्ण नेपालीलाई समृद्धि र समुन्नतिको गन्तव्यसम्म पुर्‍याएरै छाड्ने संकल्प र घोषणा गर्दछौं,' घोषणापत्रमा उल्लेख छ।

मैत्रीपूर्ण विदेश सम्बन्ध स्थापित गर्ने पनि एमालेले जनाएको छ। स्वतन्त्र, तटस्थ, न्याय र विश्वशान्तिमा आधारित असंलग्न वैदेशिक नीति र परराष्ट्र सम्बन्ध कायम राख्दै अघि बढ्ने घोषणा गरेको छ। 'हामी नेपालको विकासक्रमको क्रमिक प्रगतिको यो सत्यलाई गम्भीरतापूर्वक अवलोकन गर्न, समीक्षा गर्न र विगतको अवस्था, हाम्रो भूगोल, हाम्रा स्रोतसाधन, हामीले व्यहोरेको आन्तरिक राजनीतिक अस्थिरता र भूराजनीतिक जटिलतासँग तुलना गरेर हेर्न आदरणीय जनसमुदाय र सबै सरोकारवालाहरूलाई हार्दिक आग्रह गर्दछौं,' एमालेले भनेको छ।

घोषणापत्रका मुख्य बुँदा

- युवा र उद्यमीलाई १० हजार डलरबराबरको बैंक कार्ड उपलब्ध गराउने
- सबै शिक्षकको मर्यादाक्रम तोक्ने र सामाजिक सुरक्षा प्रणालीमा आबद्ध गर्ने
- स्वास्थ्य स्वयंसेवीको वार्षिक भत्ता बढाएर २० हजार पुर्‍याउने, सामाजिक सुरक्षा प्रणालीमा आबद्ध गर्ने
- **सुरक्षाकर्मीको सम्मान र कल्याण** : राष्ट्रको सुरक्षा, सार्वभौमिकता र स्थायित्वका लागि जीवन अर्पण गर्ने बहालवाला तथा अवकाशप्राप्त सुरक्षाकर्मीहरूको सम्मान र कल्याण सुनिश्चित गर्ने
- 'समृद्धिका स्तम्भ' भन्दै एमालेले आर्थिक क्षेत्रका लागि गर्‍यो यस्ता घोषणा
- **सहकारीपीडितको बचत दोषीबाटै असुलेर फिर्ता** : समस्याग्रस्त सहकारीका कारण पीडित भएका बचतकर्ताको रकम छिटो, पारदर्शी र उत्तरदायी ढंगले फिर्ता गर्ने, दोषीमाथि कडा कारबाही गर्दै दोषीबाटै असुली हुने व्यवस्थासहित बचत फिर्ता ग्यारेन्टी कोष स्थापना गर्ने। सहकारी दर्ता, प्रतिवेदन, अनुगमन र सूचना प्रणालीलाई पूर्ण रूपमा डिजिटल बनाउने। सहकारीको व्यावसायीकरण, ब्रान्डिङ, गुणस्तर प्रमाणीकरण र ई-कमर्समार्फत राष्ट्रिय तथा अन्तर्राष्ट्रिय बजार पहुँच विस्तार गर्ने। दीर्घकालीन राष्ट्रिय सहकारी नीतिमार्फत सुरक्षित बचत, उत्पादनशील अर्थतन्त्र र समृद्ध नेपालको आधार तयार गर्ने।
- **पाँच वर्षमा पर्यटक आगमन दोब्बर** : नेपाललाई रहस्यमय हिमाली, आश्चर्यजनक प्रकृति, धार्मिक र सांस्कृतिक विशेषता, विशिष्ट संस्कृति र असाधारण साहसिक पर्यटनको अनुपम अनुभवको अवसर दिने विशिष्ट पर्यटन गन्तव्यको रूपमा विश्व पर्यटन बजारमा ब्रान्डिङ गर्ने। पर्यटनको पूर्वाधार विकास, बजार प्रवर्द्धन, हवाई सेवा विस्तार, आन्तरिक सुरक्षा र नयाँ गन्तव्यको विकास गरेर पाँच वर्षमा पर्यटक आगमन दोब्बर गर्ने।
- **पढ्दै कमाउँदै, कमाउँदै पढ्दै** : 'पढ्दै कमाउँदै, कमाउँदै पढ्दै' कार्यक्रममार्फत उच्च शिक्षाका लागि विदेश जाने प्रवृत्ति घटाउने। विद्यालय शिक्षालाई क्रमशः अनिवार्य र निःशुल्क बनाउँदै पूर्वप्राथमिक शिक्षासहित सबै बालबालिकाको शिक्षामा समान पहुँच सुनिश्चित गर्ने, आर्थिक, भौगोलिक वा शारीरिक अवस्थाका कारण बालबालिका विद्यालय शिक्षाबाट र किशोर-किशोरी प्राविधिक वा उच्च शिक्षाबाट वञ्चित हुने अवस्था अन्त्य गर्ने।
- **एआई केन्द्र स्थापना, नागरिक एपलाई 'सुपर एप'मा विकास** : नागरिक एप, डेटा सेन्टर, राष्ट्रिय परिचयपत्र प्रणाली, एआई केन्द्र, डिजिटल नेपाल फ्रेमवर्कलगायतका सबै प्रमुख डिजिटल पूर्वाधार इकाइहरूको स्थापना र सञ्चालन गर्ने। नागरिक एपलाई 'सुपर एप'का रूपमा विकास गरी सबै मन्त्रालय र सरकारी सेवाहरू पूर्ण रूपमा एकीकृत गर्ने। गलत सूचना, झुटा समाचार, डिपफेक, अल्गोरिदमिक पूर्वाग्रहमार्फत सत्यलाई विकृत बनाउने अवस्थाको अन्त्य गर्ने।
- **हरेक गाउँपालिकामा सधैँ चल्ने कम्तीमा एक सडक** : सबै गाउँपालिकालाई सबै मौसममा चल्ने कम्तीमा एक सडकले जोड्ने, जिल्ला सदरमुकाम र प्रदेश राजधानीलाई राष्ट्रिय राजमार्गमा जोड्ने। अब बन्ने सडकहरू कम्तीमा डबल लेनको हुने, विगतमा निर्माण भएका सिंगल लेनका सडकहरूलाई डबल लेनमा स्तरोन्नति गर्ने।
- **पूर्व-पश्चिम विद्युतीय रेलमार्ग एक दशकभित्र सक्ने** : एक दशकभित्र रेलमार्ग निर्माण सक्न तीव्रता दिने, वीरगन्ज-काठमाडौं विद्युतीय रेलमार्ग र केरुङ-काठमाडौं विद्युतीय रेलमार्ग निर्माणका लागि पूर्वाधार तयारीको कार्य अघि बढाउने, नेपाल-भारत अन्तरदेशीय रेलमार्ग निर्माणको कार्य आगामी पाँच वर्षभित्र सम्पन्न गर्ने लक्ष्यका साथ कार्यान्वयन गर्ने। भारतसँग अन्तर्देशीय जलमार्गको माध्यमबाट र चीनसँग पारवहन तथा व्यापार सम्झौताबमोजिम सामुद्रिक बन्दरगाह उपयोग गरेर अन्तर्राष्ट्रिय व्यापारमा जलमार्गको पहुँच विकास गर्ने। राजमार्ग, रेलमार्ग, जलमार्ग र विमानस्थललाई एक-अर्कासँग आबद्ध गर्ने गरी 'एकीकृत मल्टिमोडल ट्रान्सपोर्ट सिस्टम'को विकास गर्ने। ठुला सहरमा विद्युतीय बससेवा विस्तार गर्ने।

Department of Roads
Road Division Surkhet
INVITATION FOR BIDS (Notice No. 7-082/83)
First Date of Publication: 2082/11/08 BS (20th Feb, 2026 AD)
Road Division Surkhet (Subbakuna) invites electronic bids from eligible bidders for the following works.

S. N.	Contract Identification No	Description and Location of Works	Estimate Amount without VAT	Fee for Bid Documents (NRs)	Bid Security Amount (NRs)
1	RDSKT/ 33701138-4/ 082/83-26	Construction of Side Drain works on Ratna Rajmarg (Harrre- Bangesimal Section), Ch 68+700 to 112+500	-	5000	5,70,000

- Last Date & Time of Bid Submission is 2082/12/08-BS (2026/03/22-AD);12:00 hours and Date & Time of Bid Opening is 2082/12/08-BS (2026//03/22- AD);13:00 hours
- **Cash Deposit for Purchase of Bid Document:** Rastriya Banijya Bank, Surkhet, Account Name: Division Road Office, Subbakuna, Surkhet, Revenue a/c No.: 1000100200010000, Office Code: 337016801, Revenue Heading No.: 14229 and **Cash Deposit for Bid Security (optional if bidder submits Bank Guarantee from A Class Bank):** Rastriya Banijya Bank, Surkhet, Account Name: District Treasury Controller Office, Surkhet, Deposit A/C No.: 4080100102030000, Office Code: 337016801
- Bid security period shall be 30 days beyond bid validity period. Eligible Bidders May Obtain further information at Road Division Surkhet (Tel:083:411349, Email roaddivisionsurkhet@gmail.com) or PPMO'S Website :- www.bolpatra.gov.np/egp

Division Chief

०४६ यताका...

पृष्ठ १ बाट क्रमशः

भ्रातृ संगठन नबनाउने, राज्य संयन्त्र र संवैधानिक अंगलाई दलीय आबद्धता अन्त्य गर्न आवश्यक कानुनी र संस्थागत व्यवस्था कार्यान्वयन गर्ने योजना रास्वपाले अघि सारेको छ। यसैगरी सरकारी सेवाभित्र दलगत ट्रेड युनियन व्यवस्था खारेज गर्ने वाचा छ।

वाचापत्रमा सार्वजनिक प्रशासनिक सेवा सुधारलाई विशेष जोड दिइएको छ। फाइल घुमाउने परम्परागत र झन्झटिलो तहगत टिप्पणी प्रथालाई अन्त्य गरी निर्णय प्रक्रियालाई छिटो-छरितो र प्रविधिमैत्री बनाउने, टिप्पणी र परिपत्रलाई डिजिटल बनाउने र डिजिटल हस्ताक्षर अनिवार्य गर्ने वाचापत्रमा छ।

रास्वपाले शासकीय स्वरूपमै संविधान संशोधनको एजेन्डा अघि सारेको छ। प्रत्यक्ष निर्वाचित कार्यकारी, पूर्ण समानुपातिक संसद्, सांसद मन्त्री नहुने व्यवस्था, गैरदलीय स्थानीय सरकार र सुधारिएको प्रादेशिक स्वरूपजस्ता विषयमा बहस-पत्र बनाएर संविधान संशोधनको प्रस्ताव वाचापत्रमा छ। यसैगरी अख्तियार, संवैधानिक परिषद् र न्यायपरिषद् ऐन संशोधन गरी स्वतन्त्र, सक्षम र उत्तरदायी संवैधानिक निकायहरूको संस्थागत सुशासन सुदृढ गर्ने, नीतिगत निर्णयको स्पष्ट परिभाषा गर्ने भनिएको छ। कुनै पनि नीति वा कानुन सीमित स्वार्थ समूहको लाभका लागि बनाइने प्रवृत्तिको अन्त्य गर्दै जनतालाई पूर्णरूपमा सूचित गर्न सबै विधेयकको वित्तीय पाटो र नियामकीय प्रभाव विश्लेषण गर्ने उल्लेख छ। संक्रमणकालीन न्यायका बाँकी काम टुंग्याउने विषय पनि वाचापत्रमा छ।

वाचापत्रका बाँकी मुख्य बुँदा...

- कार्की जाँचबुझ आयोगको प्रतिवेदनका सुझाव र सिफारिस कार्यान्वयन गर्ने
- कर्मचारीको पारिश्रमिक सुविधा समयसापेक्ष परिमार्जन गर्ने
- उच्च र सर्वोच्च अदालतका न्यायाधीश नियुक्ति प्रक्रिया मेरिटोक्रेसी र प्रतिस्पर्धात्मक प्रणालीबाट गर्ने
- अदालती सुनुवाइको प्रत्यक्ष प्रसारणको प्रबन्ध मिलाउने
- पार्टीमा प्रमुख पदमा दुई कार्यकालभन्दा बढी बस्न नपाउने व्यवस्था गर्ने
- सार्वजनिक पद सम्हाल्नुअघि र कार्यकाल पूरा भएपछि सम्पत्तिमा आएको परिवर्तनको लेखा परीक्षण गरी सार्वजनिक गर्नुपर्ने
- आगामी दशकमा ३० हजार मेगावाट विद्युत्जडित क्षमता हासिल गर्ने
- वायुसेवा निगमलाई राजनीतिक भागबन्डा र हस्तक्षेपबाट मुक्त गरी यसको सञ्चालन र व्यवस्थापनको जिम्मा खुला प्रतिस्पर्धाबाट छानिएको व्यावसायिक टोलीलाई सुम्पिने
- रेलमार्ग विस्तारको ५० वर्षे गुरुयोजना बनाउने, निर्माणाधीन रेलमार्गलाई चाँडो सञ्चालनमा ल्याउने
- प्राज्ञिक नियुक्तिहरू तथा शिक्षक छनोट, पदोन्नति र मूल्यांकन प्रक्रिया पारदर्शी र मेरिट आधारित बनाउने
- १५ वर्षदेखि अधुरा रंगशालालाई समयमै सम्पन्न गर्दै सातै प्रदेशमा अत्याधुनिक र पूर्णतः पहुँचयुक्त खेल पूर्वाधारहरू निर्माण गर्ने
- अन्तर्राष्ट्रिय पदक विजेता खेलाडीलाई पेन्सन कोष, स्वास्थ्य बिमा र रोजगारीको ग्यारेन्टी गरिने
- देशभर आधारभूत स्वास्थ्य क्षेत्रमा न्यूनतम मापदण्ड कायम गरी सेवा प्रवाह गर्न आवश्यक मानव संसाधन, पर्याप्त औषधि आपूर्ति, अत्यावश्यक उपकरण, सहज पहुँच तथा आधारभूत पूर्वाधारको सुनिश्चिततासहितको एकीकृत मोडेल तयार गरी लागू गर्ने। ग्रामीण तथा दुर्गममा स्वास्थ्य सेवा पहुँच प्राथमिकताका साथ विस्तार गरिने
- स्वास्थ्य बिमालाई थप सुदृढ मोडलमा गुणस्तरीय स्वास्थ्य सेवा तथा प्रत्येक नागरिकको पहुँच सुनिश्चित हुने गरी विस्तार गर्ने
- जलनपीडितहरूको निःशुल्क र गुणस्तरीय उपचार सुनिश्चित गर्न जलन उपचार कोषको स्थापना र एक विश्वस्तरीय विशेष जलन अस्पतालको निर्माणको प्रक्रिया थाल्ने
- कार्यस्थलमा श्रमिकका लागि सुरक्षा, बिमा र सामाजिक सुरक्षा अनिवार्य गर्ने
- पहिलोपटक घर खरिद वा निर्माण गर्ने नागरिकका लागि घर कर्जाको वार्षिक साँवाब्याज भुक्तानीलाई आयकरमा कट्टी गर्न पाउने प्रावधान र मालपोतमा विशेष छुटको व्यवस्था गर्ने
- सबै नागरिकलाई सुरक्षित पिउने पानी सुनिश्चित गर्ने
- प्रत्येक कूटनीतिक नियोगको सक्रियता र नतिजा मापन गर्न वैज्ञानिक 'पर्फर्मेन्स अडिट' प्रणाली लागू गरिने

रविको चुनौती

अल भर्सेस वान, घन्टी भर्सेस अल

सुर्खेत / राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का सभापति रवि लामिछानेले आफूहरूबाहेक सबै राजनीतिक दललाई एउटै दल बनाएर चुनाव लड्न पुनः चुनौती दिएका छन्। २१ फागुनको निर्वाचनका लागि अब दुई साता पनि बाँकी नरहँदा रास्वपाले वारपारको राजनीतिमा जोड दिएको छ।

रास्वपाले बिहीबार सुर्खेतको वीरेन्द्रनगरमा आयोजना गरेको परिवर्तन उद्घोष सभामा लामिछानेले राजनीतिलाई ध्रुवीकरणतर्फ लगेर लाभ लिने रणनीतिक अभिव्यक्ति दिएका हुन्। 'हामी निर्वाचनबाट भाग्य बदल्ने काममा लागिरहेका छौँ, यो विश्वास पनि जनताकै हो। निर्वाचनबाट भाग्ने होइन। कसैलाई लोकतन्त्रको पिर लाग्छ भने एउटा अफर छ-भएभरका सबै मिल्नुस्, एउटा दल बनाएर चुनाव लड्नुहोस्,' उनले भने, 'अल भर्सेस वान, घन्टी भर्सेस अल। जतिवेला जनता जाग्यो, त्यतिवेलामा कचकच गर्न पाइँदैन है, कचकच गर्न पाइँदैन। शान्तिपूर्ण निर्वाचनको प्रत्याभूति सरकारले दिन्छ, दियोस्।'

उनले लोकतन्त्रलाई कसैबाट खतरा नभएको बताए। 'मान्छेहरू लोकतन्त्रलाई खतरा हुन्छ भनिरहेका छन्। जब जनता जागे, तपाईंहरूलाई बल्ल लाग्यो लोकतन्त्रलाई खतरा छ ? लोकतन्त्रलाई खतरा छ-छैन जनताले बुझेका छन्,' उनले भने, 'मैले पहिला पनि भनेको छु र कर्णालीमा पनि भन्छु- लोकतन्त्रलाई जुन खतरा थियो, त्यो खतरा हेलिकोप्टर चढेर भागेको छ, बस ल्यान्ड नहोस्। लोकतन्त्रलाई खतरा तब हुन्छ, जब त्यो हेलिकोप्टर फेरि सिंहदरबार या बालुवाटारमा ल्यान्ड हुन्छ। जता ल्यान्ड हुन्छ, ल्यान्ड होस्, हामीलाई भन्नु केही छैन। तर, जनताको भाग्य फेर्ने र बनाउने मात्र होइन, बदल्ने सिंहदरबारमा ल्यान्ड नहोस्, यत्ति भए पुग्छ। त्यसैले परिवर्तनको यो आगोलाई, यो झिल्कोलाई, जनताको चेतनालाई कसैले चुनौती नदियोस्। म सबैले सुन्ने गरी कर्णालीबाट भन्न चाहन्छु, लोकतन्त्रलाई खतरा छैन, हामी जोगाउँछौं।'

रास्वपाले लोकतन्त्रको विधि मानेर लोकतान्त्रिक मूल्य र मान्यतामा अडिग रहेर काम गर्ने उनले बताए। लामिछानेले प्रश्नको ठेक्का नलिन पनि चेतावनी दिए। 'हामीले प्रश्नहरूको सामना गरेनौं, डिबेटमा भाग लिएनौं भन्ने प्रश्न आएको छ। 'यो प्रश्नको ठेक्का कसैले नलिए हुन्छ,' उनले भने, 'जनताको प्रश्न जनताले सोध्छन्, घरघरमा सोधेका छन्, जवाफ दिएका छौं। हरघरदैलोमा जनताले प्रश्न सोधेका छन्, हरेक ठाउँमा जवाफ दिएका छौं। प्रश्नको ठेक्का हामीले कसैलाई दिएका छैनौं। जनताको प्रश्न जनताले सोधेका छन्, हरजनताको हरप्रश्नको हरठाउँमा, हरचोकमा, हरगल्लीमा, हरढोकामा जवाफ दिँदै छन् रास्वपाका सबै नेताहरू, सबै उम्मेदवारहरू। त्यसकारणले प्रश्नको ठेक्का पनि नलिए हुन्छ, लोकतन्त्रको ठेक्का पनि नलिए हुन्छ।'

कर्णालीका सुइना हाम्मा सुइना : बालेन

रास्वपा वरिष्ठ नेता बालेन्द्र शाह 'बालेन'ले कर्णालीका पीडा, गरिबी र दुःख बेच्ने नेता धेरै आएको, तर गरिबीलाई बुझ्न अहिलेसम्म कोही नआएको बताएका छन्। वीरेन्द्रनगरमा बिहीबार आयोजित परिवर्तन उद्घोष सभामा बालेनले भने, 'देशमा अझै पनि भोकमरी छ। अझै पनि चार वर्षमुनिका बालबालिकाको मृत्युदर एकदमै बढ्दो छ, महिला, आमाको मृत्युदर बढ्दो छ, त्यो कर्णालीमा छ। र, त्यो कर्णालीको पीडालाई, गरिबीलाई, त्यो दुःखलाई बेच्ने नेता धेरै आए, त्यो गरिबीलाई बुझ्ने नेता धेरै आएका छैनन्, अहिलेसम्म कोही आएको छैन। त्यो बुझ्ने नेताहरू बन्न चाहन्छन् राष्ट्रिय स्वतन्त्र पार्टीका नेताहरू।'

कर्णालीमा पर्यटन, कृषि र आयआर्जन वृद्धि गर्न र आशीर्वाद लिन आफूहरू आएको उनले बताए। 'यहाँको पर्यटन, कृषि, आयआर्जन सबै वृद्धि गर्न पाऊँ। तपाईंहरूको आशीर्वाद लिन पाऊँ। अस्ति मैले फेसबुकमा लेखेजस्तै, अब 'कर्णालीका सुइना हाम्मा सुइना' भनेजस्तै तपाईंहरूको त्यो सपना, कर्णालीबाट घोषणा गरेका छौँ,' उनले भने, 'आज उप्रान्तबाट त्यो सबै तपाईंका सपना हाम्रा सपना हुनेछन्। ती सपना बोकेर यहाँबाट जान पाऊँ।'

देशको सबैभन्दा लामो नदी, सबैभन्दा ठुलो जिल्ला, सबैभन्दा ठुलो गाउँपालिका र देशकै सबैभन्दा गहिरो ताल रहेको ठाउँ कर्णाली रहेको बताउँदै उनले त्यो गहिराइलाई आजसम्म कुनै सरकार र पार्टीले बुझ्न नसकेको र आफूहरूले त्यो गहिराइलाई बुझ्न चाहेको बताए। 'डोल्पाको सुनजस्तो मानिने यार्सागुम्बा विश्वभरि पुग्न सक्छ। तर, कर्णालीको स्याउ र मार्सी चामल चितवन र झापा पुग्न सक्दैन। राष्ट्रिय स्वतन्त्र पार्टी यहाँको उत्पादन कम्तीमा पनि देशभरि पुर्‍याउने पार्टी बन्न चाहन्छ,' उनले भने, 'आफैँमा यो सिँजा उपत्यका सभ्यता भएको ठाउँ, नेपाली भाषाको उद्गम स्थल, खस भाषाको उद्गम स्थल, यहाँ आफ्नै भाषा छ, आफ्नै लिपि छ, आफ्नै चित्रकला छ, आफ्नै नाचगान छ, आफ्नै जात्रा पनि छ। यो सबै भयो भने एउटा सभ्यता मानिन्छ, राष्ट्रिय स्वतन्त्र पार्टी त्यो सभ्यता जोगाउने पार्टी बन्न चाहन्छ।'

भाषा विवादमा...

पृष्ठ १ बाट क्रमशः

त्यसको करिब दुई वर्षपछि संवैधानिक इजलासले उक्त मुद्दाको किनारा लगायो। तत्कालीन प्रधानन्यायाधीश चोलेन्द्रशमशेर जबरा तथा न्यायाधीशहरू दीपककुमार कार्की, हरिकृष्ण कार्की, विश्वम्भरप्रसाद श्रेष्ठ र प्रकाशमानसिंह राउतसहितको संवैधानिक इजलासले २७ मंसिर ०७६ मा अंग्रेजीमा 'इम्बोस्ड नम्बर प्लेट राख्नुपर्ने गरी भएका निर्णय र कामकारबाहीमा त्रुटि नभएको भन्दै रिट निवेदन खारेजीसँगै अन्तरिम आदेश निष्क्रिय हुने' ठहर गरिदियो।

सर्वोच्चको फैसलामा छ, '...नेपाल सरकार भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयद्वारा सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को अनुसूची- २ मा हेरफेर गरी सवारीसाधनमा अंग्रेजी लिपिमा लेखिएको इम्बोस्ड नम्बर प्लेट राख्नुपर्ने गरी भएका निर्णय एवं कामकारबाहीमा कुनै संवैधानिक एवं कानुनी त्रुटि रहेको नदेखिँदा रिट निवेदन मागबमोजिम आदेश जारी गर्न मिलेन। प्रस्तुत रिट निवेदन खारेज हुने ठहर्छ।'

अन्तरिम आदेशपछि रोकिएको इम्बोस्ड जडान कार्य सर्वोच्चको फैसलापछि १ साउन ०७७ देखि विभागले पुनः सुरु गर्‍यो। तर, यसपछि पनि इम्बोस्ड जडानको कार्य सरल र सहज तरिकाले अघि बढेन। सर्वोच्चको संवैधानिक इजलासबाट भएको फैसलाको बाबजुद पनि कानुन व्यवसायी र नेपाली भाषाका अभियन्ताहरूले इम्बोस्ड नम्बर देवनागरीमै कायम हुनुपर्ने माग र दबाब निरन्तर रूपमा बढाइरहेका थिए।

सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को अनुसूची- २ को भाग २ अन्तर्गत ११ र १२ नम्बर बुँदा हेरफेर गर्ने सरकारको निर्णयबमोजिम १४ वैशाख ०८० मा भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयले राजपत्रमा सूचना प्रकाशित गर्‍यो। बुँदा १२ मा 'इम्बोस्ड सवारी नम्बर प्लेटमा रहने अक्षर र अंक नेपाल सरकारले निर्णय गरेबमोजिम देवनागरी लिपि वा अंग्रेजी लिपि वा दुवै लिपिको मिश्रितमा हुनुपर्नेछ' उल्लेख छ। यसअघि ०७४ मा प्रकाशित राजपत्रमा इम्बोस्डमा प्रयोग गर्ने भाषा अंग्रेजीमा हुनुपर्ने भनेकामा पछिल्लो राजपत्रले नेपाल सरकारले निर्णय गरेबमोजिम देवनागरी लिपि वा अंग्रेजी लिपि वा दुवै लिपिको मिश्रितमा हुनुपर्ने गरी नयाँ व्यवस्था गरिदियो। सरकारले निर्णय गरेबमोजिम संशोधन भएको राजपत्रको अनुसूचीको जुन व्यवस्थामा टेकेर सर्वोच्चले संवैधानिक इजलासबाट फैसला गरेको थियो त्यो संशोधन भएर फरक परिस्थिति बन्यो।

यसबिचमा गत १ भदौमा भाषा आयोगले निर्णय गरेर देवनागरी लिपिमा विद्युतीय संकेत संख्या राख्न सरकारको ध्यानाकर्षण गराएको थियो। संविधानले भाषासम्बन्धी अन्य कुरा भाषा आयोगको सिफारिसमा नेपाल सरकारले निर्णय गरेबमोजिम हुने व्यवस्था गरेको छ। लगत्तै ३ भदौमा यातायात व्यवस्था विभागले इम्बोस्ड नम्बर प्लेट अनिवार्य जडान गर्नेसम्बन्धी सार्वजनिक सूचना जारी गर्‍यो। सूचनामा १ असोजदेखि सबै सवारीधनीलाई यथाशीघ्र सम्बन्धित यातायात कार्यालयमा गई इम्बोस्ड जडान गर्न भनेको थियो। भौतिक पूर्वाधार तथा यातायातमन्त्रीको अध्यक्षतामा बसेको विषयगत समितिको बैठकको निर्णयअनुसार यस्तो सूचना निकालेको विभागले जनाएको थियो। त्यसविरुद्ध अधिवक्ता रामबहादुर राउतले सर्वोच्चमा निवेदन दर्ता गरेका थिए। तयसमा २५ माघमा सुनुवाइ गर्दै सर्वोच्चले विषयगत समितिको निर्णयबमोजिम सूचना कार्यान्वयन नगर्न भनेपछि फेरि विवाद बल्झिएको छ। सर्वोच्चको आदेशमा भनिएको छ, 'अंग्रेजी भाषामा इम्बोस्ड नम्बर प्लेट बनाउने कार्य उल्लिखित संवैधानिक र कानुनी व्यवस्थाको आलोकमा कार्यान्वयन नगर्नू-नगराउनू।'

ऐनको अनुसूचीमा भएको फेरबदल र संवैधानिक व्यवस्थाको आलोकमा सर्वोच्चले पछिल्लो आदेश जारी गरेको छ। 'संवैधानिक इजलासबाट फैसला भएपश्चात् कानुनी व्यवस्था पनि संशोधन भई परिस्थितिमा परिवर्तन भएको देखियो। यसरी संशोधित कानुनी व्यवस्थाअनुसार इम्बोस्ड सवारी नम्बर प्लेटमा रहने अक्षर र अंकमा देवनागरी लिपिलाई पहिलो प्राथमिकतामा राखेको र भाषा आयोगले समेत देवनागरी लिपिमा विद्युतीय संकेत संख्या राख्न नेपाल सरकारको ध्यानाकर्षणसमेत गराएको प्रारम्भिक रूपमा देखिएको अवस्थामा सुविधा र सन्तुलनको दृष्टिकोणबाट समेत २० साउन ०८२ मा माननीय भौतिक पूर्वाधार तथा यातायातमन्त्रीज्यूको अध्यक्षतामा बसेको विषयगत समितिको बैठकबाट भएको निर्णयबमोजिम इम्बोस्ड नम्बर प्लेट अनिवार्य जडान गर्नेसम्बन्धी यातायात व्यवस्था विभागको ३ भदौ ०८२ को सूचनाअनुसार अंग्रेजी भाषामा इम्बोस्ड नम्बर बनाउने कार्य उल्लिखित संवैधानिक र कानुनी अवस्थाको आलोकमा कार्यान्वयन नगर्नू-नगराउनू' न्यायाधीशद्वय कुमार रेग्मी र महेश शर्मा पौडेलको इजलासले दिएको अन्तरिम आदेशमा भनिएको छ।

सर्वोच्चको यो आदेशसँगै तत्कालका लागि अंग्रेजीमा इम्बोस्ड जडानसम्बन्धी कामकारबाही रोकिन पुगेको छ। हालसम्म करिब एक लाख सवारीमा इम्बोस्ड जडान गरिएको अवस्थामा र सरकारले ठुलो लगानी गरेको यो परियोजना फेरि अन्योलमा फसेको छ। सर्वोच्चको आदेशपछि इम्बोस्ड जडान सम्बन्धमा के हुन्छ भन्नेबारे प्रतिक्रियाका लागि पटकपटक फोन प्रयास गर्दा पनि यातायात व्यवस्था विभागका महानिर्देशक राजीव पोखरेल र सूचना अधिकारी गणेशमानसिंह राई सम्पर्कमा आएनन्।

इम्बोस्ड नम्बर प्लेट जडानका लागि मूल्य अभिवृद्धि करबाहेक अमेरिकी डलर तीन करोड ८७ लाख ५० हजारमा गरिएको सुरु सम्झौताको रकम नेपाली रुपैयाँमा चार अर्ब १६ करोड ७९ लाख ५० हजार रुपैयाँ हुन्थ्यो। विनिमयमा भएको उतारचढावका कारण मंगलबारको दरअनुसार पाँच अर्ब ६१ करोड ८७ लाख ५० हजार रुपैयाँ हुन पुगेको छ।

परियोजना नै अन्योलमा, भ्रष्टाचारको उजुरी थाती

भाषासम्बन्धी विवादले इम्बोस्ड नम्बर जडानसम्बन्धी परियोजना नै अन्योलमा फस्न पुगेको छ। ०७८ मा २५ लाख प्लेट इम्बोस्ड जडान गर्नुपर्ने सम्झौता भए पनि हालसम्म एक लाख पनि पुगेको छैन। परियोजना अन्योलमा हुँदा यसको ठुलो असर सरकारलाई नै पर्नेछ। निर्धारित परिमाणको इम्बोस्ड सम्झौता अवधिभित्र वैयक्तिकरण हुन नसकेमा खरिदकर्ता (सरकार) ले वैयक्तिकरण हुन बाँकी नम्बर प्लेटहरूको ९५ प्रतिशत सम्झौता मूल्यबराबरको रकम आपूर्तिकर्तालाई भुक्तानी गर्ने सम्झौता सरकारले ठेकेदारसँग गरेको छ। यस्तो अवस्थामा ठेकेदार कम्पनी डेकाटुरले सम्झौताबमोजिमको संख्यामा आपूर्ति हुन बाँकी खाली प्लेट देखाएर सरकारसँग भुक्तानी दाबी गर्ने अवस्था छ। सरकार ठेकेदारलाई भुक्तानी दिन बाध्य हुने अन्यथा ठेकेदार मध्यस्थतामा जान सक्ने अवस्था छ। अर्कोतिर इम्बोस्ड परियोजनामा भ्रष्टाचार भएको विषयमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा पनि उजुरी छन्। अख्तियारले प्रारम्भिक छानबिन गरे पनि हालसम्म मुद्दा टुंगो लगाएको छैन।

उम्मेदवारलाई...

पृष्ठ १ बाट क्रमशः

खतरापूर्ण हुने सुझाव दिएपछि समितिले निर्वाचन अवधिभर प्रतिबन्ध लगाउने निर्णय गरेको बताइएको छ। गृह स्रोतका अनुसार 'रुफ टप भेहिकल'मा उभिएर प्रचार गर्दा सुरक्षा निकायको प्रत्यक्ष पहुँच कमजोर हुने र टाढाबाट आक्रमण वा ढुंगा प्रहारजस्ता जोखिम बढ्ने सम्भावना रहन्छ। 'यसले उम्मेदवारको ज्यानमा खतरा निम्त्याउन सक्छ। त्यसैले यस्ता सवारीसाधन प्रयोगमा रोक लगाइएको हो,' स्रोतले भन्यो।

बैठकमा चारवटै सुरक्षा निकायका प्रमुख, प्रदेश कमान्डर, प्रदेशका प्रमुख सचिव तथा प्रमुख जिल्ला अधिकारी सहभागी थिए। जुममार्फत गरिएको बैठकमा समितिका अध्यक्ष तथा गृहमन्त्री ओमप्रकाश अर्यालले सुरक्षा ब्रिफिङ लिएका थिए। बैठकमा निर्वाचनका लागि आवश्यक सुरक्षा प्रबन्ध अधिकांश स्थानमा तयार रहेको जानकारी दिइएको छ भने केही जिल्लामा थप सुरक्षा व्यवस्था गर्नुपर्ने सुझाव पनि आएको छ।

उपेन्द्र र सिकेलाई साख जोगाउन सकस

जसपा, जनमत र कांग्रेसलाई चुनौती दिँदै नयाँ मधेशकेन्द्रित दल, २० महिला उम्मेदवार चुनावी मैदानमा

राजविराजमा **सौरभ यादव**

२१ फागुनको निर्वाचन नजिकिँदै गर्दा सप्तरीको चारवटै निर्वाचन क्षेत्रका उम्मेदवार घरदैलोमा व्यस्त छन् । यस जिल्लाबाट दुई राष्ट्रिय अध्यक्ष चुनावी मैदानमा छन् । जसपा नेपाल अध्यक्ष उपेन्द्र यादव ३ र जनमत पार्टीका अध्यक्ष डा. सिके राउत सप्तरी २ बाट चुनावी मैदानमा छन् । दल र स्वतन्त्र उम्मेदवारहरू मतदातासँग भेटघाट गर्ने, समस्या सुन्ने र आश्वासन बाँड्दै मतदाताको मन जित्न घरदैलोमा दौडधुप गरिरहेका छन् । मधेश प्रदेशमा नयाँ दल र उम्मेदवारको चर्चा हुँदै गर्दा सप्तरीमा भने पुरानैको वर्चस्व देखिएको छ । कांग्रेस, एमाले, राष्ट्रिय स्वतन्त्र पार्टी र जनता समाजवादी पार्टी नै मुख्य प्रतिस्पर्धामा देखिएका छन् ।

सप्तरीका चारैवटा निर्वाचन क्षेत्रबाट १०२ जनाको उम्मेदवारी कायम रहेको निर्वाचन कार्यालयले जानकारी दिएको छ । चार लाख ४६ हजार ४०२ मतदाता रहेको सप्तरीमा पुरुष मतदाता दुई लाख ३३ हजार ९६, महिला मतदाता दुई लाख १३ हजार २८३ तथा अन्य २३ जना छन् । चारवटै निर्वाचन क्षेत्रमा २९६ मतदानस्थल र ५६२ मतदान केन्द्र तोकिएका छन् ।

सप्तरीमा दल र स्वतन्त्र गरी २० महिला चुनावी मैदानमा उत्रेका छन् । चारवटा निर्वाचन क्षेत्र रहेको सप्तरीमा सातजना दलका र १३ स्वतन्त्र गरी २० जना महिला उम्मेदवार चुनावी प्रतिस्पर्धामा छन् । सप्तरी १ मा राष्ट्रिय स्वतन्त्र पार्टीबाट पुष्पाकुमारी चौधरी र नागरिक उन्मुक्ति पार्टीबाट टीकालक्ष्मीनारायण चौधरी उम्मेदवार छन् । रामकुमारी खंग, उम्दादेवी सदा र रिजवाना खातुनले स्वतन्त्र उम्मेदवारी दर्ता गराएका हुन् ।

सप्तरी २ बाट पूर्वसांसदसमेत रहेकी रज्जुकुमारी झा ठाकुर नेपाल जनता पार्टी र नेपाल मजदुर किसान पार्टीकी नीलमकुमारी यादव उम्मेदवार हुन् । अम्बिकादेवी साफी, विन्दुकुमारी चौधरी, साधन दास र सुशीलाकुमारी साहले स्वतन्त्र उम्मेदवारी दर्ता गराएका छन् । क्षेत्र नम्बर ३ मा कोशिलादेवी पासवान, कौशलकुमारी चौधरी, रजियादेवी सदा र सरिताकुमारी यादवले स्वतन्त्र उम्मेदवारी दिएका छन् । क्षेत्र नम्बर ४ मा जनता समाजवादी पार्टीबाट डा. बाँबीसिंह यादव, नेपाली कम्युनिस्ट पार्टीबाट रुवीकुमारी कर्ण र आम जनता पार्टीबाट अनिताकुमारी चौधरीले उम्मेदवारी दिएका छन् । यहाँ प्रेमकुमारी महरा र सनमकुमारी चौधरीले स्वतन्त्र उम्मेदवारी दिएका छन् ।

सप्तरी १ मा जसपा नेपाललाई विरासत जोगाउने चुनौती

सप्तरी १ मा जसपा नेपाललाई आफ्नो विरासत जोगाउने चुनौती छ । जिल्लाकै सर्वाधिक एक लाख नौ हजार मतदाता रहेको सप्तरी १ मा १४ जना प्रत्यक्ष र सातजना स्वतन्त्र गरी २१ जना उम्मेदवार छन् । ०७० को दोस्रो संविधानसभा चुनावमा तत्कालीन माओवादीले जितेबाहेक सबै चुनाव जसपा नेपालले जित्दै आएको छ । यो क्षेत्रमा ०६४ को पहिलो संविधानसभा निर्वाचनमा तत्कालीन मधेशी जनअधिकार फोरम नेपाल (हाल जसपा नेपाल)बाट जेपी गुप्ता निर्वाचित भएका थिए । ०७४ मा जसपा नेपालबाटै डा. सूर्यनारायण यादव र ०७९ मा नवलकिशोर साह सुडीले चुनाव जितेका थिए । यी तीनैजना नेता हाल जसपा नेपालमा आबद्ध छैनन् । जेपी गुप्ता भ्रष्टाचार मुद्दामा मुछिएपछि हाल राजनीतिक रूपमा निष्क्रिय छन् । सप्तरी १ मा स्वाभिमान पार्टीबाट नवलकिशोरका छोरा सुमितकुमार उम्मेदवार बनेका छन् ।

सप्तरी १ मा जसपा नेपाल, स्वाभिमान, जनमत, कांग्रेस र एमालेबिच प्रतिस्पर्धा छ । यो क्षेत्रमा सबैभन्दा बढी दलित समुदाय छन् । जसपा नेपालबाट श्यामसुन्दर सरदार चुनावी मैदानमा छन् । गत निर्वाचनमा साढे २३ हजारभन्दा बढी मत ल्याएर जितेका नवकिशोर साहले यसपटक छोरा सुमितकुमारलाई स्वाभिमान पार्टीबाट उम्मेदवार बनाएका छन् । जनमत पार्टीबाट उपाध्यक्ष डा. जयकान्त राउत उम्मेदवार छन् । उनी जनमतका अध्यक्ष डा. सिके राउतका दाइ हुन् । कांग्रेसबाट रामदेव साह उम्मेदवार छन् । उनी कांग्रेस सप्तरी सभापति हुन् । यो क्षेत्रमा १० हजारभन्दा बढी मत पहाडी समुदायको छ । एमालेबाट सुमन प्याकुरेल उम्मेदवार बनेका छन् । जातिगत रूपमा हिसाब गर्दा सप्तरी १ मा दलित समुदायपछि यादव र थारूको जनसंख्या छ ।

सप्तरी २ मा सिके राउतलाई आफ्नै पूर्वनेताको चुनौती

सप्तरी २ मा एक लाख पाँच हजार ९२२ मतदाता छन् । यो क्षेत्रमा २० प्रत्यक्ष र १४ स्वतन्त्र गरी ३४ जना उम्मेदवार चुनावी मैदानमा छन् । सप्तरी २ मा जित नदोहोरिने चुनावी इतिहास छ । ०५१ यता यस क्षेत्रमा कसैले पनि दोहोऱ्याएर चुनाव जितेका छैनन् । जनमत पार्टीका अध्यक्ष डा. सिके राउत, जसपाका उमेश यादव र रास्वपाका रामजी यादवबिच कडा प्रतिस्पर्धामा हुने आकलन गरिएको छ ।

तत्कालीन माओवादीबाट ०७० मा संविधानसभा चुनाव जितेर सिँचाइमन्त्रीसमेत भइसकेका उमेश यहाँबाट लगातार पाँचौँपटक चुनाव लड्दै छन् । ०६४ यता दुई संविधानसभा, ०७४ को प्रतिनिधिसभा र ०७९ को प्रदेश सभा चुनावसहित उनी पटक-पटक मैदानमा उत्रिए पनि दोस्रो संविधानसभाबाहेक अन्य चुनाव जित्न सकेका छैनन् । रास्वपाका रामजी यादव भने पहिलोपटक चुनावी मैदानमा छन् । उनी राजविराज नगरपालिकाका पूर्वमेयर शम्भुप्रसाद यादवका ज्वाइँ हुन् ।


गत निर्वाचनमा जसपाका उपेन्द्र यादवलाई हराएर विजयी भएका जनमतका अध्यक्ष डा. सिके राउत यसपटक पनि उम्मेदवार बनेका छन् । उनलाई आफ्नै पूर्वनेता र कार्यकर्ताले चुनौती दिएका छन् । ०७९ मा सप्तरी २ (१) प्रदेश सभा जितेर मुख्यमन्त्री बनेका सतिशकुमार सिंह अहिले स्वाभिमान पार्टीबाट मैदानमा छन् । सिंह तिलाठी कोइलाडी गाउँपालिकाका पूर्वअध्यक्ष पनि हुन् । डा. राउतका पूर्वनिकट सहयोगी तथा जनमत पार्टीका पूर्व राष्ट्रिय प्रवक्ता शरदसिंह यादवले जनअधिकार पार्टीबाट उम्मेदवारी दिएका छन् । जनमत पार्टीकै मुस्लिम अनुहार मानिने अनिश अन्सारी राष्ट्रिय मुक्ति पार्टीबाट प्रतिस्पर्धामा छन् । अन्सारीले गत चुनावमा जनमतकै तर्फबाट सप्तरी ३ मा १९ हजारभन्दा बढी मत ल्याएका थिए ।

■ **सप्तरी १**
मतदाता : १,१९,०४३
पुरुष : ६१,७१०
महिला : ५७,३२५
अन्य : ८
मतदानस्थल : ८०
मतदान केन्द्र : १५२

■ **सप्तरी २**
मतदाता : १,०५,९२२
पुरुष : ५६,४००
महिला : ४९,५२०
अन्य : २
मतदानस्थल : ६८
मतदान केन्द्र : १३०

■ **सप्तरी ३**
मतदाता : १,११,८७१
पुरुष : ५८,८४९
महिला : ५३,०१५
अन्य : ७
मतदानस्थल : ७४
मतदान केन्द्र : १४४

■ **सप्तरी ४**
मतदाता : १,०९,५६६
पुरुष : ५६,१३७
महिला : ५३,४२३
अन्य : ६
मतदानस्थल : ७४
मतदान केन्द्र : १३६



● **सनतकुमार मण्डल**, सचिव, कांग्रेस सप्तरी



विशेष महाधिवेशनबाट बदलिएको कांग्रेस यसपालि सप्तरीमा चारवटै क्षेत्र जित्ने गरी रणनीतिसहित अघि बढेको छ । १, ३ र ४ चुनाव जित्नेछौँ । २ मा कडा प्रतिस्पर्धा छ । जिल्लामा वडावडामा समिति गठन गरेर चुनावी प्रचारप्रसारमा होमिएका छौँ । पछिल्लो समय कांग्रेसको पक्षमा जबर्जस्त माहोल बनेको छ ।

● **नीरज मुक्ति**, सचिव, जसपा नेपाल सप्तरी



चारवटै क्षेत्रमा चुनाव जित्ने गरी प्रचारप्रसार अघि बढेको छ । हाम्रो राष्ट्रिय अध्यक्ष यही जिल्लाबाट चुनावी मैदानमा भएकाले उत्साहित छौँ । वडावडामा समिति गठन भएको छ । युवा समिति र महिला समिति परिचालन भएको छ ।

● **देवनाथ यादव**, सचिव, एमाले सप्तरी



एमालेले सप्तरीका चारवटै क्षेत्रमा उम्मेदवार दिएका छौँ । चारवटै क्षेत्रमा प्रचारप्रसार तीव्र रूपमा अगाडि बढेको छ । जिल्लामा हाम्रो पार्टीको पकड राम्रो रहेकाले चुनाव जित्छौँ । ध्वंस रोज्ने कि पुनर्निर्माण गर्ने पार्टी रोज्ने भन्ने सही निर्णय गर्ने जिम्मा मतदातालाई छ । एमाले देश विकास गर्ने पार्टी हो ।

● अमर मण्डल, इन्चार्ज, नेकपा सप्तरी



चारवटै क्षेत्रमा चुनाव प्रचारप्रसार अगाडि बढाएका छौँ । सबै उम्मेदवार घरघरमा गएर भेटघाट गरिरहेका छन् । मतदाताको समस्या सुनिरहेका छन्, थप रणनीति बनाउँदै छौँ । विगतको भन्दा यसपटक नेकपाको पक्षमा माहोल बढेको छ ।

● **रामगमन साह**, अध्यक्ष, जनमत पार्टी सप्तरी



पार्टीका राष्ट्रिय अध्यक्ष नै सप्तरी २ बाट चुनावी मैदानमा हुनुहुन्छ । चारवटै निर्वाचन क्षेत्रमा घरदैलो अभियान सुरु भएको छ । घरघरमा गएर पार्टीका उम्मेदवारले मतदाताको समस्या सुनिरहेका छन् । पार्टीका जिल्ला कमिटीका साथीहरू दिनरात प्रचारप्रसारमा लाग्नुभएको छ । सुखद नतिजा आउने आसमा छौँ ।

उपेन्द्रको प्रवेशसँगै सप्तरी ३ बन्यो 'हाई प्रोफाइल' क्षेत्र

सप्तरी ३ मा २२ जना उम्मेदवार चुनावी मैदानमा छन् । ७४ मतदानस्थल र १४४ मतदान केन्द्र रहेको यस क्षेत्रमा कुल मतदाता संख्या एक लाख ११ हजार ८७१ छ । रूपनी, विष्णुपुर र राजगढ गाउँपालिका तथा शम्भुनाथ र डाक्नेश्वरी नगरपालिका गरी सप्तरीका पाँच स्थानीय तह यस क्षेत्रमा समेटिएका छन् । जसपा नेपालका अध्यक्ष उपेन्द्र यादवको प्रवेशसँगै यो क्षेत्र 'हाई प्रोफाइल' बन्न पुगेको छ । जसपाका नेता-कार्यकर्ताको दबाबका कारण उनी यस क्षेत्रबाट उम्मेदवार बनेका हुन् । यस क्षेत्रमा जसपाका उपेन्द्र, कांग्रेसका दिनेशकुमार यादव र एमालेका ताराकान्त चौधरीबिच कडा प्रतिस्पर्धा हुने आकलन गरिएको छ ।

दोस्रो संविधानसभा निर्वाचनमा एमालेका ताराकान्त चौधरी, ०७४ मा तत्कालीन राजपाका चन्द्रकान्त चौधरी (दुवै दाजु-भाइ) यस क्षेत्रबाट विजयी भए । थारू र मुस्लिम मतदातामा उनीहरूको परम्परागत पकड छ । चन्द्रकान्तका छोरा अमरकान्त चौधरी रास्वपाबाट उमेदवार बनेका छन् । यहाँ काका-भतिजा नै चुनावी मैदानमा छन् । ०७९ को निर्वाचनमा कांग्रेसका दिनेशकुमार यादव २६ हजार १६६ मतसहित विजयी भएका थिए । पहिलो संविधानसभा निर्वाचनदेखि निरन्तर यही क्षेत्रबाट उम्मेदवार हुँदै आएका उनी यसपटक बिरासत जोगाउन मैदानमा छन् ।

सप्तरी ४ मा कांग्रेसलाई जसपा र रास्वपाको कडा टक्कर

सप्तरी ४ मा कांग्रेस र जसपाको पकड बलियो भए पनि बहुपक्षीय भिड्न्त हुने देखिन्छ । एक लाख नौ हजार ५६६ मतदाता रहेको यस क्षेत्रमा दलबाट १४ र ११ स्वतन्त्र गरी २५ जना चुनावी मैदानमा छन् । खडक, बोदेबरसाइन, सुरुंगा नगरपालिका र बलान बिहुल गाउँपालिका गरी चारवटा पालिका यस क्षेत्रमा पर्छन् । पूर्वमन्त्रीसमेत रहेका कांग्रेस केन्द्रीय सदस्य तेजुलाल चौधरीले ०७० यता लगातार चुनाव जितेर ह्याट्रिक गरेका छन् । चौथो जितको खोजीमा रहेका तेजुलाललाई चुनावको मुखैमा लामो समयदेखिका सहयात्री तथा कांग्रेस ४ का सभापति सीताराम साहले साथ छाडेका छन् । २८ पुसमा कांग्रेस छाडेर रास्वपा प्रवेश गरेका सीताराम चुनावी मैदानमा उत्रिएका छन् ।

रास्वपाको मधेशमा बढ्दो क्रेजबाट चुनावी नतिजा निकाल्न सक्ने आसमा सीताराम उम्मेदवार बनेका हुन् । कांग्रेसमा रहँदा ०७४ मा मधेश प्रदेश सभा सदस्यका लागि सप्तरी ४ (१) र ०७९ को स्थानीय तह निर्वाचनमा खडक नगरपालिकाबाट मेयरका प्रत्याशी बनेका सीतारामले दुवैपटक पराजय व्यहोरे । एमालेले उम्मेदवार बनएका गंगाप्रसाद चौधरी पूर्वसांसद हुन् । ०५१ मा प्रतिनिधिसभा सदस्यका लागि भएको मध्यावधि निर्वाचनमा विजयी भएका गंगाप्रसाद त्यसयता चुनाव लडेका थिएनन् । मधेशी एकता समाज नेपालका अध्यक्षसमेत रहेकी बबीसिंह यादव सामाजिक कार्यमा सक्रिय छिन् ।

संक्षेप

मोटरसाइकल दुर्घटनामा दुईजनाको मृत्यु

सर्लाही/ ईश्वरपुरमा तीनवटा मोटरसाइकल आपसमा ठोक्किँदा दुईजनाको मृत्यु भएको छ । दुईजना घाइते भएका छन् । बुधबार राति ८:४५ बजे ईश्वरपुर नगरपालिका- १३, बाँके-संग्रामपुर सडकखण्डअन्तर्गत खिलामा तीन भारतीय नम्बर प्लेट भएको मोटरसाइकल आपसमा ठोक्किएको हो । मोटरसाइकल दुर्घटना भएको खबर पाएपछि पुगेको प्रहरी टोलीले घाइते चारैजनाको उद्धार गरेको थियो । उद्धार गरी अस्पताल पुऱ्याएपछि दुईजनाको मृत्यु भएको र दुईजना डिस्चार्ज भएका प्रहरीले जनाएको छ । प्रहरीका अनुसार दुर्घटनामा सर्लाहीको हरिपुर्वा नगरपालिका- ९, मिर्चैया बस्ने मुकेश राय र रामज्ञान रायको मृत्यु भएको छ । उनीहरूलाई लालबन्दीस्थित मोडल अस्पतालमा सामान्य उपचारपछि थप उपचारका लागि प्रादेशिक अस्पताल मलंगवा पुऱ्याइएको थियो । प्रादेशिक अस्पताल पुऱ्याउनेबित्तिकै दुवैजनालाई चिकित्सकले मृत घोषणा गरेका जिल्ला प्रहरी कार्यालय, सर्लाहीका प्रवक्ता प्रहरी नायब उपरीक्षक सरोज राईले बताए । दुर्घटनामा हरिपुर्वा नगरपालिका- ९ का विक्रम राय र रामविश्वास रायसमेत घाइते भएका छन् ।

सेनाले लियो कारागार सुरक्षाको जिम्मा

धनकुटा/ कारागार कार्यालय धनकुटाको सुरक्षा जिम्मा नेपाली सेनाले लिएको छ । सुरक्षाको हिसाबले अत्यन्त संवेदनशील मानिने कारागार निर्वाचन अवधिभरका लागि नेपाली सेनाले लिएको हो । आसन्न २१ फागुनको प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि प्रहरी फिल्डमा खटिनुपर्ने भएपछि जनशक्ति कम हुने भएकाले सो अवधिका लागि सेनाले कारागारमा सुरक्षा दिनेछ । धनकुटाको सल्लेरीस्थित भीमदल गणबाट नेपाली सेनाको टोली कारागार सुरक्षामा खटिएको छ । यसअघि नेपाल प्रहरी र आवश्यकताका आधारमा सशस्त्र प्रहरी टोलीले कारागारको सुरक्षा दिँदै आएको थियो । संघीय सरकारको मन्त्रिपरिषद्को निर्णयअनुसार कारागार अतिसंवेदनशील भएकाले कारागार र महत्त्वपूर्ण आयोजनाको सुरक्षा नेपाली सेनाले दिने निर्णय गरेको थियो । सोही निर्णयबमोजिम निर्वाचन अवधिभरका लागि कारागार कार्यालय धनकुटाको सुरक्षा नेपाली सेनाले लिएको जिल्ला प्रहरी कार्यालय धनकुटाका एसपी शरदकुमार थापा क्षेत्रीले बताए ।

बेपत्ता बालकको शव भेटियो, मृत्यु हुनेको संख्या १५ पुग्यो

रामेछाप/ यात्रुवाहक बस दुर्घटनामा परी हराइरहेका लिखु तामाकोशी गाउँपालिका- ७, तिल्पुङका आठ वर्षीय रोनिश तामाङको शव फेला परेको छ । यससँगै दुर्घटनामा मृत्यु हुनेको संख्या १५ पुगेको छ । गाडी दुर्घटनामा परी हराइरहेका रोनिशको खोजीकार्यमा जुटेको प्रहरीको टोलीले दुर्घटनाको नवौँ दिनमा दुर्घटनास्थलबाट करिब ६ किलोमिटर तल रामेछाप नगरपालिका- ९, मरिनघाटस्थित सुनकोशी नदी किनारमा पानीमा तैरिराखेको अवस्थामा बुधबार शव फेला परेको हो । घटनास्थलमा पुगेका प्रहरी र मृतकका आफन्तले उनको शव पहिचान गरी पोस्टमार्टमका लागि मन्थली अस्पताल ल्याइएको छ । हराइरहेका रोनिशको शव फेला परेसँगै बस दुर्घटनामा परेका सबै यात्रुको पहिचान खुलेको जिल्ला प्रहरी कार्यालय, रामेछापका सूचना अधिकारी राजनप्रसाद तिम्सिनाले बताए । गत २७ माघमा काठमाडौँबाट ओखलढुंगातर्फ जाँदै गरेको बाप्र ००१-०५ ख ९९७५ नम्बरको बस मन्थली नगरपालिका- ६ स्थित त्रिवेणी मन्दिरनजिकै दुर्घटनामा परेको थियो । दुर्घटनामा परी १२ जनाको घटनास्थलमै ज्यान गएको थियो । गाडीमा सवारमध्ये तीन बालक बेपत्ता भएका थिए ।

हत्या गरिएका सबइन्जिनियरलाई सहिद घोषणा र क्षतिपूर्ति माग्दै आन्दोलन

लहानमा मणिलाल विश्वकर्मा

सिराहाको सुखीपुर नगरपालिका- ९, बैसखा गाउँ घर भई सर्लाहीको मलंगवास्थित पूर्वाधार विकास कार्यालयमा कार्यरत रहेकै वेला हत्या गरिएका करिब ३७ वर्षीय सबइन्जिनियर प्रमोदकुमार यादवलाई सहिद घोषणा र मृतकका परिवारलाई क्षतिपूर्ति माग्दै आफन्त र स्थानीय आन्दोलित भएका छन् । आन्दोलनका क्रममा पीडित आफन्त र स्थानीयले बिहीबार दिउँसो करिब २ बजेसम्म दुई घण्टा पूर्व-पश्चिम लोकमार्गअन्तर्गत धनगढी बजारखण्ड अवरुद्ध गरे । उनीहरूले सडकमा टायर बालेर यादवलाई सहिद घोषणा, मृतक परिवारलाई क्षतिपूर्ति, नाबालिका छोरीको निःशुल्क शिक्षा, पीडित परिवारबाट एकजनालाई रोजगारीसहित हत्यारालाई कारबाही र गृहमन्त्रीको राजीनामा माग्दै प्रदर्शन गरेका हुन् ।

सडक अवरोधले पूर्व-पश्चिम जानुपर्ने सयौँ सवारीसाधन रोकिएपछि पीडित परिवारले उठाएका मागहरू माथिल्लो निकायमा पठाउने प्रतिबद्धता जनाएपछि सडक अवरोध खोलिएको इलाका प्रहरी कार्यालय लहानका प्रमुख प्रहरी नायब उपरीक्षक कैलाश राईले बताए । 'घटना भएको जिल्लामा पनि प्रहरीले अनुसन्धान गरिरहेकाले अपराधी छिट्टै पक्राउ पर्ने कुरामा शंका उपशंका नगर्न आग्रह गर्चौं,' उनले भने, 'त्यसपछि अवरुद्ध सडक खुलाइएको हो ।'



गत १४ माघमा बैसखा गाउँमा बस्दै आएका बाबु लक्ष्मी यादवको निधन भएपछि गाउँ आएका प्रमोद २५ माघमा काजकिरिया सकेर ३ फागुन दिउँसो बुहारी पुनम र दुई वर्षीया छोरी अनायासहित कर्मथलो मलंगवा फर्किएको दाजु मनोजकुमार यादवले बताए ।

'भाइले शुद्धिभोजपछि घरमा पूजा गरेर फर्किन्छु भन्दै थियो,' उनले भने, 'तर, कार्यालयमा हाजिर हुन तारन्तार फोन आउनुका साथै आफन्तकोमा सूतक परेपछि कर्मथलो फर्किएको भाइको त्यही दिन निर्ममतापूर्वक हत्या भयो ।' दुई दिदी र बहिनीपछिको कान्छो भाइ प्रमोदलाई छोरासरह हुर्काएको सुनाउँदै उनले भने, 'मोबाइलमा नम्बरसमेत सेभ रहेको व्यक्तिले फोन गरेको भन्ने सुनेको छु, भाइले नजिकबाट चिनेकै व्यक्तिले नै हत्या गरेको हुन सक्छ ।' करिब चार वर्षको उमेरमा आमा गुलावदेवी गुमाएका प्रमोद दाजु-भाउजूकै लालनपालन र रेखदेखमा हुर्किएका थिए ।

१५ दिने मिथिला माध्यमिकी परिक्रमा मटिहानी आइपुग्यो

महोत्तरी/ १५ दिने मिथिला माध्यमिकी परिक्रमा महोत्तरीको मटिहानीमा आइपुगेको छ । साधुसन्त तथा गृहस्थ परिवारजनको धार्मिक आस्थाको प्रख्यात यात्राका रूपमा रहेको माध्यमिकी परिक्रमा भारतको गिरिजास्थानमा बुधबार विश्राम गरी बिहीबार बिहानै मटिहानी आइपुगेको हो । परिक्रमा यात्रीहरूलाई नेतृत्वकर्ता मिथिला बिहारी र किशोरीजीको डोलालाई मटिहानी नगरपालिकाका नगर प्रमुख हरिप्रसाद मण्डल, सहायक प्रमुख जिल्ला अधिकारीसहित सुरक्षा निकाय प्रमुखहरू तथा स्थानीयले स्वागत गरेका छन् ।

नगर प्रमुख मण्डलले परिक्रमालाई मटिहानीमा स्वागत गर्न पाउँदा अत्यन्तै हर्षित भएको बताएका छन् । परिक्रमा यात्रीका लागि मटिहानी नगरपालिकाले स्वास्थ्य, खानेपानी, सरसफाइ, बिजुली, शौचालयलगायत विभिन्न व्यवस्थापन गरिएको उनले बताए । साथै, आफूसमेत वडाध्यक्षहरूसहित नगरपालिकाको टोली लिएर परिक्रमा यात्रीहरूको सेवामा समर्पित रहेको बताए ।

■ सुदूरपश्चिममा निर्वाचन सुरक्षा

दुई सय ४५ मतदान केन्द्रमा सिसिक्यामेराबाट निगरानी गरिने

धनगढीमा **तेजराज भट्ट**

सुदूरपश्चिममा निर्वाचन सुरक्षालाई लक्षित गरेर निर्वाचन क्षेत्रहरूमा सुरक्षा जनशक्ति परिचालन गरिएको छ । नेपाल प्रहरी, सशस्त्र प्रहरीले मातहतका युनिटहरूमा जनशक्ति पठाउन थालेका छन् । निर्वाचनको सुरक्षाका लागि केही मतदानस्थलमा सिसिक्यामेराबाट समेत निगरानी गरिने भएको छ ।

सुदूरपश्चिम प्रदेश प्रहरी कार्यालय धनगढीका अनुसार प्रदेशका नौवटै जिल्लामा सात हजार ५८ जना नेपाल प्रहरी परिचालन हुँदै छन् । यसमध्ये यहाँ अपुग सात सय जनशक्ति केन्द्रबाट माग गरिएको प्रदेश प्रहरी कार्यालयका प्रवक्ता प्रहरी वरिष्ठ उपरीक्षक पदमबहादुर विष्टले जानकारी दिए । नेपाल प्रहरीमातहत १३ हजार ६६९ जना निर्वाचन प्रहरी परिचालन गरिएको उनले बताए ।

'जिल्ला र मातहतका युनिटहरूमा जनशक्ति पठाउन थालिसकेका छौँ । १० फागुनभित्र सबै जनशक्ति सम्बन्धित ठाउँमा पठाइसक्छौँ,' प्रहरी वरिष्ठ उपरीक्षक विष्टले भने, 'सुरक्षा संवेदनशीलताका आधारमा मतदान केन्द्रमा परिचालन हुने जनशक्ति तोकेका छौँ ।' उनका अनुसार एक निर्वाचनस्थल भएका सामान्य मतदान केन्द्रमा तीनजना प्रहरी र पाँचजना निर्वाचन प्रहरी, संवेदनशील केन्द्रमा तीन प्रहरी र ६ निर्वाचन प्रहरी तथा अतिसंवेदनशील केन्द्रमा तीन प्रहरी र १० जना निर्वाचन प्रहरी खटिँदै छन् ।

थप मतदानस्थलमा प्रतिमतदान केन्द्र दुई-दुईजनाका दरले जनशक्ति खटिने प्रदेश प्रहरी कार्यालयले जनाएको छ । सुदूरपश्चिममा एक हजार १७६ वटा मतदान स्थल र दुई हजार १९९ वटा मतदान केन्द्र निर्धारण गरिएका छन् । तीमध्ये चार सय ८१ स्थललाई सुरक्षाका दृष्टिले अतिसंवेदनशीलको सूचीमा राखिएको प्रवक्ता विष्टले बताए । त्यस्तै, सात सय ५७ वटा स्थललाई संवेदनशील र नौ सय ८६ स्थललाई अतिसंवेदनशीलको सूचीमा राखेर सुरक्षा प्रबन्ध गरिएको उनले बताए ।



प्रदेश प्रहरी प्रमुख प्रहरी नायब महानिरीक्षक ओमबहादुर रानाले निर्वाचनको सुरक्षाका लागि चारवटै सुरक्षा निकाले समन्वयमा काम गरिरहेको बताए । एकीकृत सुरक्षा योजना बनाएर कार्यान्वयन गरिएको उल्लेख गर्दै उनले नागरिकले शान्तिपूर्ण रूपमा मतदान गर्न पाउने गरी सुरक्षा व्यवस्था मिलाइएको बताए । अतिसंवेदनशीलसहित चार सय ४५ मतदानस्थलमा नेपाल प्रहरीले सिसिक्यामेराबाट निगरानी गर्ने उनले जानकारी दिए ।

निर्वाचनका वेला गाउँपालिका र नगरपालिकामा दुई-दुई तथा उपमहानगरमा तीनवटा 'मोबाइल' गस्ती टोली पनि परिचालन हुने प्रदेश प्रहरी कार्यालयले जनाएको छ । जिल्लाको छुट्टै दुईवटा मोबाइल टोली परिचालन हुनेछन् । आकस्मिक अवस्थाका लागि हेलिकोप्टरसमेत तयारी अवस्थामा राख्ने गरी केन्द्रमा कुरा भइरहेको प्रदेश प्रहरी प्रमुख रानाले बताए । मतदानस्थलको पहिलो घेराको सुरक्षामा नेपाल प्रहरी खटिनेछ । सुदूरपश्चिममा निर्वाचन सुरक्षाका लागि सशस्त्र प्रहरीको करिब तीन हजार सात सय जनशक्ति परिचालन हुँदै छ । सशस्त्र प्रहरीका निमित्त प्रदेश प्रमुख दिग्विजय सुवेदीले सशस्त्र प्रहरीअन्तर्गत एक हजार पाँच सय निर्वाचन प्रहरीसहित पाँच हजार दुई सय जनशक्ति परिचालन गर्न लागिएको बताए । केन्द्रको सुरक्षा नीतिअनुसार प्रत्येक निर्वाचन क्षेत्रमा सशस्त्र प्रहरी वरिष्ठ उपरीक्षकले टोलीको नेतृत्व गर्ने उनको भनाइ छ ।

निर्वाचनलाई मध्यनजर गर्दै आपराधिक घटना हुन नदिन सीमाक्षेत्रमा पनि चेकजाँच र सतर्कता बढाइएको छ । कतिपय ठाउँमा तालिमप्राप्त कुकुरसमेत परिचालन गरिएको छ । सशस्त्र प्रहरी वरिष्ठ उपरीक्षक सुवेदीले सीमाक्षेत्रमा चेकजाँच कडा गरिनुका साथै सीमाक्षेत्रमा साबिकभन्दा बढी निगरानी र सतर्कता बढाइएको छ । तराईका दुई जिल्ला कैलालीमा एक सय एक किलोमिटर र कञ्चनपुरमा एक सय २९.५ किलोमिटर खुला सिमाना भारतसँग जोडिएको छ । निर्वाचनमा नेपाली सेनाले तेस्रो घेरामा रहेर सुरक्षा दिनेछ । विमानस्थल, कारागारजस्ता महत्त्वपूर्ण र संवेदनशील क्षेत्रको सुरक्षा जिम्मा नेपाली सेनाले लिएको छ । सुदूरपश्चिममा रहेका सातवटै जिल्ला कारागार, धनगढी विमानस्थल, नेपाल आयल निगमको प्रादेशिक कार्यालय धनगढीको सुरक्षा 'कमान्ड' नेपाली सेनाले लिएको प्रदेश प्रहरी प्रमुख प्रहरी नायब महानिरीक्षक रानाले बताए । जेन-जी आन्दोलनका वेला कारागारबाट भागेका कैदीबन्दीबाट निर्वाचनको सुरक्षामा खतरा नहोस् भनेर पनि सतर्कता अपनाइएको उनले बताए ।

बालेन-रविको 'क्रेज' र कांग्रेसमा गगनको नेतृत्व

कांग्रेस र रास्वपाबिच स्वस्थ, सकारात्मक र प्रभावकारी राजनीतिक प्रतिस्पर्धा हुनु समग्र मुलुकका लागि उपलब्धिमूलक नै हुनेछ



● प्राडा गान्धी पण्डित


अग्रलेख

केही साताअघि बालेन-रविको नेतृत्वमा जनकपुरमा सम्पन्न राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)को जनसभापछि देशको राजनीतिको भावी कोर्समेत प्रभावित हुने सम्भावना देखिँदै छ। सो जानसभापछि बालेन नेपालका विभिन्न भागमा पुग्दा जुन किसिमको जनलहर देखापऱ्यो, यसले आमनागरिक एवं नवयुवामा अभूतपूर्व उत्साह, उमंग र रक्तसञ्चार पैदा गरेको छ। विगतमा सेलाउँदै गएको जेन-जी पुस्ताको परिवर्तनको आकांक्षालाई बालेन रास्वपामा प्रवेश गरेपछि सो पार्टीको चुनावी माहोल र गतिविधि उचाइमा पुगेको देखिँदै छ। विकृत राजनीतिबाट आक्रान्त नेपाली जनताले लामो समयपछि परिवर्तनको पक्षमा यति ठुलो जनलहरसहितको जनसभा देख्ने मौका पाए। पहाडी हावापानी र संस्कारमा हुर्किएका पहाडी मूलका नेता र सदियौँदेखि शोषित, पीडित मधेशी संस्कारमा हुर्केका नेताबिचको अभूतपूर्व 'फ्युजन' हुनु आफैँमा नौलो अभ्यास हो। पहाडी मूलको नेताबाट स्थापित राजनीतिक पार्टीले मधेशी मूलका बालेनलाई आउँदो प्रतिनिधिसभा निर्वाचनमा भावी प्रधानमन्त्रीका रूपमा प्रस्तुत गरिनु आफैँमा सामान्य विषय होइन।

रास्वपा ०७९ को निर्वाचनमा २१ सिट जितेर संसद्को चौथो ठुलो दलका रूपमा उदाएको पार्टी हो। रास्वपा युवा पुस्ताको समर्थन र विश्वास प्राप्त गरेरै संसद्मा चौथो ठुलो दलका रूपमा उभिन सकेको हो। प्रचण्ड नेतृत्वको सरकारमा रवि लामिछाने गृहमन्त्री हुँदा ठुला भ्रष्टाचार मुद्दाका पुराना फाइलमा छानबिन गरी कारबाही बढाउँदै गर्दा कांग्रेसका केही नेता अनुसन्धानको दायरामा आउने सम्भावना देखेर उसले रातारात केपी ओलीसँग गठबन्धन गरी नयाँ सरकार गरेको हो। ओली सरकार गठनपछि रवि लामिछानेविरूद्ध पाँच जिल्लामा सहकारी ठगी र संगठित अपराधका मुद्दा दायर गरिएको हो। त्यसमध्ये रुपन्देहीमा सम्पत्ति शुद्धीकरणको मुद्दा दायर गरी निजलाई थुनामा राखी अनुसन्धान तहकिकातसमेत गरियो। पुर्पक्षका लागि धरौटी रहेको अवस्थामा पनि सम्पत्ति शुद्धीकरण ऐनको दफा २७ लगाई निजको सांसद पद पनि निलम्बन गरिएको थियो। तर, २३ र २४ भदौको जेन-जी विद्रोहपछिको परिस्थितिमा रास्वपाले आफ्नो हैसियतलाई नयाँ उचाइमा पुऱ्याउने अवसर पायो। बालेनको रास्वपा प्रवेशले सो पार्टीमा नया रक्तसञ्चार प्रवाह गरेको छ।

२३ र २४ भदौपछिको आन्दोलनको अर्को उपलब्धि भनेको कांग्रेसमा भएको रूपान्तरण पनि हो। यसबाट गगन थापा कांग्रेस सभापतिमा स्थापित भए। थापा र विश्वप्रकाश शर्माले कांग्रेसभित्र नयाँ रक्तसञ्चार, उत्साह र उमंग पैदा गरेका छन्। युवापुस्ताको भावना, चाहना र आकांक्षालाई समेट्ने र प्रतिनिधित्व गर्ने एक मात्र पार्टीका रूपमा स्थापित हुन खोजिरहेको रास्वपालाई कांग्रेसमा गगन-विश्वको उदयले एउटा झट्का लागेको देखिन्छ। किनभने गगन-विश्व प्रकाशले अब कांग्रेसलाई नयाँ पुस्ताको चाहनाअनुसार परिवर्तन गर्ने उद्घोष गरेका छन्। पार्टीमा पुराना पुस्ताको वर्चस्व समाप्त पारी युवापुस्तासँग हातेमालो गरेर देशमा स्थिरता र सुशासन ल्याई भ्रष्टाचार अन्त्य गरी प्रगति र समृद्धिको दिशामा देशलाई अघि बढाउने संकल्प गरेका छन्। यही जोश र नाराका साथ कुनै पनि पार्टीसँग चुनावी गठबन्धन नगरी एक्लै निर्वाचनमा भाग लिने अठोट गरेबाट एउटा कांग्रेसमा ऊर्जा, उत्साह र उमंग पैदा भएको छ। यसबाट परिवर्तनका नायक युवापुस्तालाई कांग्रेसले केही हदसम्म आफूतर्फ तान्न सफल भएको छ। यसले रास्वपाले युवावर्गलाई आफूतर्फ आकर्षित गर्दै आएको गति र शक्तिमा केही शिथिलता आई आगामी निर्वाचनमा कांग्रेस र रास्वपाबिच स्वस्थ, सकारात्मक र प्रभावकारी प्रतिस्पर्धा पैदा हुन सक्ने स्थिति सिर्जना भएको छ। यी दुई पार्टीबिच स्वस्थ, सकारात्मक र प्रभावकारी राजनीतिक प्रतिस्पर्धा हुनु समग्र मुलुकका लागि उपलब्धिमूलक नै हुनेछ। किनकि यी दवै दलको चाहना र उद्देश्य एकै छन्- सुशासन, भ्रष्टाचारको अन्त्य, आर्थिक समृद्धि र विकास। यो लक्ष्यप्राप्ति यस निर्वाचनपछिको प्रतिनिधिसभाले वर्तमान संविधान र निर्वाचन कानुनमा संशोधन गर्न सकेको अवस्थामा मात्र सम्भव देखिन्छ। त्यसका लागि वास्तविक परिवर्तनकारी युवा समूहलाई प्रतिनिधित्व गर्न सक्ने यी दुई दल मात्र हुने देखिन्छ। संविधान संशोधन गर्न दुईतिहाइ बहुमत आवश्यकता पर्छ र त्यसका लागि कांग्रेस र रास्वपाबिच सहकार्यको आवश्यकता पर्छ। त्यसैगरी, प्रतिनिधिसभालाई प्रभाकारी र उत्तरदायी बनाउन पनि यी दुई दलमध्ये एउटा सरकारमा रहन र अर्को सशक्त प्रतिपक्षको भूमिका वहन गर्न संसद्मा बलियो शक्तिका साथ उपस्थित हुन आवश्यक छ। यस्तो अवस्था सिर्जना भएमा मात्र मुलुकमा सुशासन, कानुनी व्यवस्था, भ्रष्टाचारमुक्त शासन व्यवस्थासहितको समृद्ध र विकसित मुलुकमा नेपाललाई रूपान्तरण गर्न सकिन्छ। त्यस अर्थमा कांग्रेस र रास्वपाले यस निर्वाचनमा एक-अर्काप्रति आरोप-प्रत्यारोप लगाउनुको साटो स्वस्थ प्रतिस्पर्धामा उत्रिनु अहिलेको मूल आवश्यकता हो।

यस निर्वाचनमा रास्वपाजस्ता नयाँ दल वा सुधारिएर आएका कांग्रेसजस्ता दलको लक्ष्य र उद्देश्य भनेको पुराना सत्ताविरुद्ध वैचारिक रूपमा आक्रमण गर्नु र नयाँ परिवर्तनको वाहकका रूपमा शंखनाद गर्नु हो। जेन-जी आन्दोलनले नेपालको राजनीतिमा रूपान्तरण र परिवर्तनको आकांक्षा राख्ने पक्षधरलाई एउटा उत्साह र नवीन ऊर्जा प्राप्त भएको छ। जसका कारण कांग्रेस, एमाले र माओवादीका शीर्ष नेताहरूले सडक, गल्ली, गाउँगाउँ र चियापसलमा व्यापक विरोध र प्रतिरोध सामना गर्नुपरिरहेको छ। जसका कारण पुराना दलका नेतामा एक किसिमको आन्तरिक, मानसिक र मनोवैज्ञानिक दबाब बढेको छ। पुराना नेताको मुख्य चुनौती भनेको समाज र गाउँगाउँमा सर्वसाधारण जानतासमक्ष भोट माग्न जाँदा एकातर्फ नयाँ एजेन्डासहित के, कसरी र किन तिनै पुराना दललाई नै भोट दिनुपर्ने हो भन्ने जनताको टड्कारो प्रश्न आफूतिर तेर्सिन्छ भने अर्कातर्फ आमजनताका आक्रोश, आलोचना र प्रतिरोधलाई कसरी सामना गर्ने भन्ने अवस्था छ। यस्तो विषम एवं परिवर्तित राजनीतिक माहोलमा जनतासमक्ष गई चुनावमा पराजित हुनुभन्दा राजनीतिबाट सम्मानजनक वहिर्गमन भई नयाँ पुस्तालाई राजनीतिक विरासत सुम्पिनु नै बुद्धिमत्ता हुन्थ्यो। त्यस्तो, अवस्थामा उनीहरू सम्मानित र विगतको योगदानका लागि कदरयोग्य पात्रका रूपमा नेपालको इतिहासमा स्थापित हुन सक्थे। तर, त्यस्तो हुन नसकेकाले यो निर्वाचन पुरानो र नयाँ पुस्ताबिचको प्रतिस्पर्धाका रूपमा स्थापित हुनुपुगेको छ।



> लोकतन्त्रमा घोषणापत्र केवल मत तान्ने साधन होइन, जनतासँग गरिएको सामाजिक सम्झौता पनि हो। जब त्यो सम्झौता पूरा हुँदैन, जनविश्वास कमजोर हुन्छ।

२३ र २४ भदौको आन्दोलनमार्फत नेपालको राजनीतिलाई नयाँ पुस्ताले नवीन मोडमा प्रवेश गराएका छन्। पुराना र नयाँ पार्टीबिच तीव्र चुनावी बहसको थालनी एवं भोलिका दिनमा नयाँ वा पुराना पुस्तामध्ये कसको नेतृत्वमा सरकार बन्नुपर्छ भन्ने विषयमा समाजको ध्यान केन्द्रित हुनपुगेको छ। कांग्रेसमा भएको नेतृत्व परिवर्तन, रास्वपाले बालेन शाहलाई भावी प्रधानमन्त्रीको उम्मेदवारका रूपमा प्रस्तुत गर्नु र एमालेले निवर्तमान प्रधानमन्त्री केपी ओलीकै नेतृत्व स्विकारेर निर्वाचनमा होमिँदा यसले आगामी चुनावमा कौतुहल एवं चुनावी सरगर्मी पैदा गरेको छ। मूलतः यसपटक सबै दल भावी सरकारको लक्ष्य, नीति र कार्यक्रम प्रस्तुत गरेरभन्दा बढी क्षेत्रीयता, व्यक्ति र पुस्ताकेन्द्रित भई निर्वाचनमा होमिएका छन्। कांग्रेसले सभापति गगन थापालाई, रास्वपाले बालेन शाहलाई र एमालेले केपी ओलीलाई भावी प्रधानमन्त्रीका रूपमा प्रस्तुत गरी निर्वाचनमा भाग लिएका कारणले नै यो निर्वाचनलाई पुराना भर्सेस नयाँ पुस्ताबिचको प्रतिस्पर्धाका रूपमा लिनुपर्ने देखिन्छ। आगामी निर्वाचन नेपाली मतदाताका लागि चुनौती र अवसर दुवै हुन्। यस निर्वाचनबाट मतदाताले पुराना दलको निरन्तरता वा नयाँ दलको नेतृत्वमध्ये कसलाई रूचाउँछन् भन्ने पुष्टि हुनेछ। यस निर्वाचनले केवल पुराना दलबाट नयाँ दलमा राजनीतिक हस्तान्तरण वा पुस्तान्तरण गर्ने मात्र होइन, यसले देशको भावी गन्तव्य कता बढ्नुपर्छ भन्ने पनी निर्क्योल गर्नेछ। २३ र २४ भदौको जेन-जी आन्दोलनले नेपाली जनतालाई मुलुकमा व्याप्त भ्रष्टाचार, कुशासन, बेथिति एवं अस्थिरताको जड भनेको वर्तमान संविधान र निर्वाचन कानुनमा विद्यमान क्षिद्र एवं पुराना दलका नेतामा रहेको विकृत सोच र संस्कार नै हो र त्यस्ता विकृति र बेथितिलाई जरैदेखि निर्मूल नगर्दासम्म मुलुक सही दिशामा अगाडि बढ्न सक्दैन भन्ने पाठ सिकाएको छ। समृद्धि, सुशासन, स्थिरता, विधि र पद्धति अनुसरण गरी मुलुकलाई अग्रगमनतर्फ बढ्ने हो भने वैकल्पिक र सुधारमुखी राजनीतिक सोच राख्ने युवापुस्ताले पत्याएको नयाँ राजनीतिक दलले निर्वाचन जित्नु आवश्यक देखिन्छ। अहिलेको आवश्यकता र मूल प्रश्न भनेको के नेपाली मतदाताले शुद्ध छवि र सोच भएका तथा मुलुकलाई अग्रगमनतर्फ हाँक्न सक्ने आँट र क्षमता भएका व्यक्तिलाई अघि सारेर निर्वाचनमा भाग लिने दललाई अत्यधिक बहुमत दिलाएर निर्वाचित गर्छन् वा गर्दैनन् भन्ने नै हो।

दलहरू साँच्चिकै वैकल्पिक र सुधारमुखी राजनीति गर्न चाहन्छन् भने प्रधानमन्त्रीको नाममा भन्दा पहिले तिनले 'के गर्ने, कसरी गर्ने र संसद्लाई कसरी सुदृढ बनाउने भन्ने स्पष्ट एजेन्डा प्रस्तुत गरी तिनको स्पष्ट र विश्वसनीय जवाफ दिन सक्नुपर्छ। कुनै एक दलले आफ्नो प्रधानमन्त्री उम्मेदवार घोषणा गर्दैमा संसदीय प्रणाली कमजोर हुन्छ वा त्यस्तो प्रधानमन्त्री उम्मेदवार घोषणा नगर्दैमा चुनाव हार्छ भन्ने होइन। तर, त्यसको अर्थ संसद्भन्दा माथि व्यक्ति होइन भन्ने स्पष्ट संस्थागत प्रतिबद्धता पनि उत्तिकै आवश्यक हुन्छ। किनभने एक व्यक्तिले चुनाव जिदैमा वा एकजनालाई पार्टी नेताका रूपमा देवत्वकरण गर्दैमा देशको मुहार परिवर्तन हुन सक्दैन। त्यसका लागि कुनै नेताको हैसियत जति नै माथि वा जति नै 'पपुलर' भए पनि प्रधानमन्त्री हुन त संसद्मा १३८ प्रतिनिधिसभा सदस्यको समर्थन आवश्यक पर्छ। यस अर्थमा आगामी निर्वाचनको गन्तव्य भनेको व्यक्तिकेन्द्रित नभई एजेडाकेन्द्रित हुनुपर्छ।

अन्त्यमा, देशको राजनीतिमा आमूल परिवर्तन ल्याउने वाहकका रूपमा हेरिएको आगामी निर्वाचनलाई सफलीभूत पार्न आममतदाताको पनि ठुलो भुमिका रहनेछ। राजनीतिमा आमूल परिवर्तन गर्न संविधान संशोधन आजको मूल आवश्यकता हो भने त्यसका लागि कुनै एक दलले संसद्मा बहुमत ल्याउन आवश्यक देखिन्छ जसका लागि मतदाताले विभिन्न दललाई छरिने गरी मतदान गर्नुको सट्टा कुनै एक दलले बहुमत पाउने गरी मतदान गरिदिएको अवस्थामा मात्र स्थायी सरकार र सो सरकारले युवावर्गको चाहनाअनुरूप संविधान संशोधन र सुशासनका एजेन्डालाई कर्यरूप दिन सम्भव हुन्छ। यस अर्थमा नयाँ वा परिवर्तनकारी एजेन्डा बोकी निर्वाचनमा होमिएका दललाई मतदान गरेर मुलुकलाई सुधार र अग्रगमनको दिशामा अगाडि बढ्न सहयोग गर्नु आजको आवश्यकता हो।

(पण्डित वरिष्ठ अधिवक्ता हुन्)

---

३ प्रश्न

अर्थशास्त्री **केशव आचार्य**लाई



राष्ट्रिय स्रोत अनुमान समितिले आगामी वर्षका लागि बजेटको सिलिङ १९ खर्बभन्दा कम दिनुलाई कसरी हेर्नुभएको छ ?

चालू आर्थिक वर्षको बजेट १९ खर्बमाथिको भए पनि मध्यावधि समीक्षामा पौने तीन खर्बजति घटाएर १६ खर्ब हाराहारीमा झारिएकाले १९ खर्बमुनिको सिलिङलाई बजेट घटेको भन्न मिल्दैन। हाम्रो खर्च गर्न सक्ने क्षमताका हिसाबले हेर्दा विगत पाँच-सात वर्षयताका बजेट महत्त्वाकांक्षी थिए। हाम्रो राज्य संयन्त्रको पुँजीगत बजेट खर्च गर्न सक्ने क्षमताका हिसाबले हेर्दा १५ खर्बसम्मको बजेट ठिकै हो। जब राज्यको खर्च गर्न सक्ने क्षमता नै छैन भने बजेटको सिलिङ घटाउनु नै ठिक हो। अत्यन्त न्यून पुँजीगत बजेटसमेत खर्च गर्न नसकिरहेको अहिलेको अवस्थामा बजेटको सिलिङ बढाउनुको अर्थ छैन।

बजेटको आकार यस वर्षभन्दा पनि खुम्चिनुपर्ने अवस्था किन आएको होला ?

यसअघिको बजेटमा तीन करोडभन्दा कमका आयोजना संघको योजनामा नपर्ने भनियो। तर, पछि बजेट खोतल्दै जाँदा दुईचार लाखका सयौँ योजना पनि राखिएको पाइयो। कसैका खल्तीबाट आएका अनावश्यक र अनुत्पादक योजनामा यसरी बजेट छर्नु भनेको बजेटको दुरुपयोग मात्र हो। हाम्रो विकास प्रशासन राणाकालको जस्तो छ। आवश्यकताले मात्र हुँदैन, बजेट खर्च गर्न सक्ने क्षमता पनि हुनुपर्छ। अन्यथा बजेट बढाउनुभन्दा घटाउनु नै बुद्धिमानी हो।

निर्वाचनपछि आउने नयाँ सरकारले अर्थतन्त्र उकास्न के गर्नुपर्ला ?

अबको निर्वाचनपछि आउने सरकारले अत्यावश्यक कानुनमा तत्काल सुधार गरी नीतिगत व्यवस्था बलियो बनाउनुपर्छ। संसद्को नियमावलीमै कुनै विधेयक टेबुल भइसकेपछि समितिले कति दिनमा टुंग्याउने, संसद्ले कति दिनमा पारित गर्ने र कति दिनमा प्रमाणीकरणसमेत भइसक्ने भनेर किटान गर्नुपर्ने देखिन्छ। राजनीतिक नेतृत्वले निजामती प्रशासन चलाउन बन्द गर्नुपर्छ। शिक्षा, निजामती, प्रहरीलगायत नल्याई नहुने ऐन तत्काल ल्याउनुपर्छ। खर्च गर्ने विधि र क्षमता बलियो बनाएपछि भने ३० खर्बको बजेट ल्याए पनि फरक पर्दैन।

प्रेरक प्रसंग

फाटेको मोजा

एकपटक एक धनाढ्य व्यापारीले छोरालाई आफ्नो इच्छापत्र दिँदै भने- छोरा, म मरेपछि मेरा खुट्टामा यी फाटेका मोजा लगाइदिनू। यो मेरो जीवनको अन्तिम इच्छा हो। यसलाई जसरी पनि पूरा गरिदिनू।

केही समयपछि व्यापारीको मृत्यु भयो। बाबुको मृत्युपछि छोराले बाबुको अन्तिम इच्छा सम्झियो। उसले पण्डित र आफन्तजनसामु बाबुको अन्तिम इच्छा बतायो। साथै, उसले बाबुको लिखित इच्छापत्र पनि देखायो। तर, पण्डितले उसको याचना अस्वीकृत गर्दै भने- तपाईंका पिताको अन्तिम इच्छा त हो, तर हाम्रो धर्मले यस्तो अनुमति दिँदैन। छोराले बाबुको अन्तिम इच्छा जसरी पनि पूरा गरेरै छाड्ने जिद्दी गऱ्यो। त्यहाँ उपस्थित सबै ठुल्ठुला पण्डित र उनका आफन्तजनले यस विषयमा कुनै समाधान निकाल्न सकेनन्। उनीहरू सबैले धर्मको दुहाइ दिँदै मृतकका पाउमा फाटेका मोजा लगाइदिन नमिल्ने अड्डी लिए।



यही अन्योलबिच मृतक व्यापारीका विश्वासप्राप्त वकिल त्यहाँ आइपुगे र व्यापारीले लेखेको एउटा हस्तलिखित पत्र छोरालाई दिए। पत्रमा लेखिएको थियो- मेरा प्यारा छोरा, देख्दै छौ नि ? सम्पत्ति, घर, जग्गा, गाडी, ठुल्ठुला कारखाना, फार्महाउस सबै साथमा हुँदाहुँदै पनि मरेपछि एकजोर फाटेको मोजा पनि साथमा लान पाइन्न। एक दिन तिम्रो पनि मृत्यु निश्चित छ। त्यसैले, सचेत रहनू। तिमीले पनि एक सादा सेतो कपडामै बेरिएर जानुपर्नेछ, जसमा कुनै गोजीसम्म हुँदैन। त्यसैले याद राख, धन सम्पत्तिका लागि कसैलाई दुःख नदेऊ, गलत तरिकाबाट धन कमाउने बाटो रोज्दै नरोज। किनकि, मृत्युपछि सम्पत्ति होइन, कर्म मात्र तिम्रो साथमा जानेछन्।

टिप्पणी

nayapatrikaofficial
@naya_patrika

निर्वाचन सुरक्षित बनोस्

यतिखेर सुरक्षा निकायहरू आ-आफ्नो ब्यारेकबाट निस्केर विभिन्न संवेदनशील क्षेत्रको सुरक्षामा खटिएका छन्। यस क्रममा नेपाली सेना पनि ब्यारेकबाट निस्केर विमानस्थल, कारागारजस्ता संवेदनशील स्थानको सुरक्षामा खटिएको समाचार पढियो। विगतमा जेन-जी आन्दोलनका नाममा जसरी 'जेल ब्रेक' भयो र कैदीबन्दी फरार भए, जसरी प्रहरीका बिट, प्रभाग र वृत्तहरू लुटिए, हतियार र पोसाकसमेत सुरक्षित भएनन्, अबका दिनमा त्यस्तो कहिल्यै नहोस्। निर्वाचनको नाममा फेरि पनि धमिलो पानीमा माछा मार्नेहरू भित्रभित्रै सक्रिय भइरहेको समयमा सुरक्षा व्यवस्थामा सानो मात्र चुक भयो भने पनि निर्वाचन असुरक्षित बन्न सक्छ। त्यसैले, निर्वाचनको सुरक्षामा विशेष ध्यान देऊ।

● **अनन्त शाक्य**, वनस्थली, काठमाडौं

निर्वाचनको विकल्प छैन

भर्खरै मात्र पूर्वराजा ज्ञानेन्द्र शाहले पूर्वसहमति नगरी निर्वाचनमा जान नहुने अभिव्यक्ति दिएको समाचार पढियो। तर, यतिखेर देशको संविधान नै ट्र्याकबाहिर पुगेको समयमा निर्वाचन नै त्यस्तो सही उपाय हो, जसले ट्र्याकबाहिरको संविधानलाई सही ट्र्याकमा ल्याउन सक्छ। त्यसैले यतिखेर कसैलाई पनि निर्वाचनविरोधी अभिव्यक्ति दिने छुट छैन। आगामी २१ फागुनको निर्वाचनका नाममा देशको अर्बौं खर्च भइसकेको छ। निर्वाचनको विकल्प छैन।

● **सच्चित अधिकारी**, घट्टेकुलो, काठमाडौं

तयारी राम्रो गर

'तयारी अवस्थामा मतपेटिका' शीर्षकको तस्बिर समाचारमा संखुवासभाका विभिन्न मतदान केन्द्रमा पठाउन ठिक पारिएका निर्वाचन सामग्रीको तस्बिर र क्याप्सन प्रकाशित भएको रहेछ। यतिखेर निर्वाचन आयोगले देशैभरि यसैगरी निर्वाचन सामग्री मतदान केन्द्रहरूमा पठाउन ठिक पारेर राखेको अवस्था छ। अब ती सामग्रीलाई सुरक्षित तबरले सम्बन्धित मतदान केन्द्रमा पुऱ्याउने र शान्तिपूर्ण रूपमा निर्वाचन सम्पन्न गराउने दायित्व आयोग र सुरक्षा निकायको काँधमा आएको छ।

● **गौरिका चौरसिया**, सतुंगल, काठमाडौं

दलहरूका गुलिया वाचा

यतिखेर दलहरू धमाधम निर्वाचन घोषणापत्र सार्वजनिक गरिरहेका छन्। निर्वाचन जतिजति नजिकिँदै छ, त्यतित्यति दलहरू मतदाता फकाउने आ-आफ्नो रणनीतिमा व्यस्त देखिन्छन्। यसै क्रममा उनीहरूले ल्याएको घोषणापत्र पनि त्यस्तै मतदाता भुक्याउने पासो बन्ने खतरा देखिँदै छ। प्रायः सबैजसो राजनीतिक दलले मतदातालाई भुक्याउने नियतले भविष्यमा कहिल्यै पूरा नहुने या पूरा गर्ने नसकिने खालका वाचा गरिरहेका देखिन्छन्। उनीहरूका गुलिया वाचामा कति मतदाता फस्ने हुन्, त्यसको परिणाम थाहा पाउन त आगामी २१ फागुन नै कुर्नुपर्ने हुन्छ।

यतिखेर दलहरू पाँच वर्षमा यति लाख या उति लाख रोजगारी सिर्जना गर्छौं भनेर डिंग हाँकिरहेका छन्। साथै, उनीहरू बिदेसिएका नेपाली युवालाई स्वदेशमै फर्काएर यहीं रोजगारी दिने या स्वरोजगार बनाउने वाचा गरिरहेका छन्। साथै, कतिपय दलले यति या उति लाख विनाधितो कर्जा दिने वाचा गरिरहेका छन्। कतिले यसअघिका सबै भ्रष्टाचारीलाई कानुनको कठघरामा उभ्याउने दाबी गरिरहेका छन्। तर, तिनैले विगतमा पटक-पटक या केहीपटक सत्तामा पुग्दा यसबारे माखो मारेनन्। तैपनि, अहिले फेरि तिनैले यो सब गरिदिन्छन् र नेपाल स्वर्ग हुन्छ भनेर पत्याइदिनुपर्ने हामीले ? कमसेकम दलहरूले गफै दिनुपरे पनि अलि पत्याउने खालको दिनु नि !। जनतालाई पटक-पटक भुक्याएर पनि यिनलाई अझै सोझासिधा जनतालाई थप भुक्याउने या उल्लु बनाउने धित किन नमरेको होला ? पत्याउन सकिने र गरे पूरा पनि हुन सक्ने खालका वाचा गरेरचाहिँ जनताको मन जित्न सकिन्न र ?

● **मन्जरी कटुवाल**, दधिकोट, भक्तपुर

क्युबाको मेडिकल मिसनमा अमेरिकी हस्तक्षेप किन ?

अमेरिकाले विना कुनै प्रमाण क्युबाको विदेशी चिकित्सा मिसनलाई 'जबर्जस्ती श्रम' र 'मानव बेचबिखन'को एक स्वरूप मानेको छ



देश/विदेश

● सारा समिम

ग्वाटेमालाले आफ्नो तीन दशक पुरानो स्वास्थ्य कार्यक्रमलाई चरणबद्ध रूपमा अन्त्य गर्न लागेको गत साता घोषणा गऱ्यो। सो कार्यक्रमअन्तर्गत क्युबाली डाक्टरहरूले ग्वाटेमालाको स्वास्थ्य सेवा प्रणालीमा रहेको ठुलो खाडल भर्न क्युबामा काम गर्दै आएका छन्। संयुक्त राज्य अमेरिकाको भारी प्रतिबन्धअन्तर्गत कम्युनिस्ट सरकार क्युबाले आफ्नो 'सेतो कोटधारी सेना'का हजारौँ सदस्यलाई विश्वभरका स्वास्थ्य क्षेत्र विशेष गरी ल्याटिन अमेरिकामा भाडामा दिएर प्रत्येक वर्ष अर्बौं डलर कमाउँदै आएको छ। हवानाले अन्तर्राष्ट्रिय कूटनीतिका लागि एक उपकरणसरह विश्वव्यापी रूपमा आफ्नो चिकित्सा मिसन प्रयोग गरेको छ।

अमेरिकाले विना कुनै प्रमाण नै क्युबाको विदेशी चिकित्सा मिसनलाई 'जबर्जस्ती श्रम' र मानव बेचबिखनको एक स्वरूप मानेको छ र यसको उद्देश्य क्युबाली सरकारको विदेशी आम्दानीको सबैभन्दा ठुलो स्रोतमा पहुँच प्रतिबन्धित गर्नु हो। क्युबाको चिकित्सा मिसनलाई नियन्त्रण गर्ने अमेरिकी प्रयास नयाँ होइन। गत वर्ष मात्र वासिङटनले विदेशी सरकारलाई क्युबासँग चिकित्सा सहयोग सम्झौता गर्नबाट निरुत्साहित गर्ने उद्देश्यले भिसा प्रतिबन्ध लगाएको थियो। गत वर्ष फेब्रुअरीमा अमेरिकी विदेशमन्त्री मार्को रुबियोले अमेरिकाले 'क्युबाली श्रम निर्यात कार्यक्रमसँग जोडिएको जबर्जस्ती श्रम'लाई लक्षित भिसा प्रतिबन्धित गर्ने घोषणा गरे।

'यो विस्तारित नीति वर्तमान वा पूर्वक्युबाली सरकारी अधिकारी र विदेशी सरकारी अधिकारीसहित अन्य व्यक्तिमा लागू हुन्छ, जो क्युबाली श्रम निर्यात कार्यक्रम विशेष गरी क्युबाको विदेशी चिकित्सा मिसनका लागि जिम्मेवार वा संलग्न मानिन्छन्,' अमेरिकी विदेश मन्त्रालयको वेबसाइटको एक विज्ञप्तिमा भनिएको छ। क्युबाली मूलका रुबियो हवानाका मुखर आलोचक हुन् र उनले ल्याटिन अमेरिकामा अमेरिकी नीतिलाई अगाडि बढाएका छन्, जसमा जनवरी ३ मा भेनेजुएलाका राष्ट्रपति निकोलस मादुरोलाई अपहरण गर्न गरिएको सैन्य कारबाही पनि समावेश छ। ट्रम्पको नेतृत्वमा, वासिङटनले आफ्नो पश्चिमी गोलार्द्धको अक्षको एक अंशको रूपमा ल्याटिन अमेरिकामा आफ्नो ध्यान केन्द्रित गरेको छ, जसले यस क्षेत्रमा वासिङटनको प्रधानता पुनर्स्थापित गर्न खोज्छ।

मदुरोको अपहरणपछि अमेरिकाको ध्यान क्युबातिर मोडिएको छ। वरिष्ठ अमेरिकी अधिकारीहरू विशेष गरी रुबियोले संकेत गरे कि हवाना वासिङटनको दबाब अभियानको अर्को लक्ष्य हुन सक्छ। वास्तवमा, अमेरिकाले नयाँ तेल नाकाबन्दीको एक अंशका रूपमा क्युबामा भेनेजुएलाको तेल ढुवानी बन्द गऱ्यो। हवानाले दशकौँदेखि व्यापक अमेरिकी प्रतिबन्धको सामना गरिरहेको छ र क्युबाले २००० देखि मादुरोका पूर्ववर्ती ह्युगो चाभेजसँग भएको सम्झौताको भागका रूपमा प्रदान गरिएको भेनेजुएलाको तेलमा बढ्दो रूपमा निर्भर रहेको छ। नाकाबन्दीले इन्धनको अभावले गर्दा क्युबामा गम्भीर ऊर्जा संकट निम्त्याएको छ। राष्ट्रपति मिगुएल डियाज-केनेलले प्रतिक्रियाका रूपमा कठोर आपतकालीन प्रतिबन्ध लगाएका छन्। यसले क्युबाली चिकित्सा मिसन चरणबद्ध रूपमा बन्द गर्न देशहरूमा अमेरिकी दबाबलाई नवीकरण गरेको छ।

विश्वभरका ५६ देशहरूमा २४ हजारभन्दा बढी



क्युबाली चिकित्सक कार्यरत छन्। यसमा भेनेजुएला, निकारागुआ र मेक्सिकोजस्ता ल्याटिन अमेरिकी देश; अँगोला, मोजाम्बिक, अल्जेरियासहित अफ्रिका र कतारसहित मध्यपूर्व समावेश छन्। अन्य देशमा पनि कहिलेकाहीँ तैनाथ भएका छन्। उदाहरणका लागि इटालीले कोभिड- १९ महामारीको समयमा क्युबाली डाक्टरलाई आफ्नो सबैभन्दा बढी प्रभावित क्षेत्रका केही अस्पतालमा मद्दत गर्न प्राप्त गरेको थियो। क्युबाली डाक्टर क्यारिबियन देशहरूका लागि महत्त्वपूर्ण छन्। प्रशिक्षित चिकित्सा पेसेवरहरूको अभावबिच तिनले चिकित्सा हेरचाहमा उल्लेखनीय खाडल भर्छन्।

क्यारिबियन देशहरूले मार्च २०२५ मा भिसा प्रतिबन्ध लगाउने अमेरिकी धम्कीविरुद्ध जवाफी हमला गरे। 'क्युबाली नर्स र क्युबाली डाक्टरविना हामीले महामारीबाट पार पाउन सक्दैनौँ,' बार्बाडोसकी प्रधानमन्त्री मिया मोटलीले संसद्मा भनिन्, 'अहिले अचानक, हामीलाई मानव तस्कर भनिएको छ किनभने हामी प्राविधिक मानिसलाई काममा राख्छौँ र उनीहरूलाई उच्च शुल्क तिर्छौँ,' त्रिनिदाद र टोबागोका प्रधानमन्त्री किथ राउलीले त्यतिबेला भनेका थिए। उनले आफ्नो अमेरिकी भिसा गुमाउन तयार रहेको बताए। 'यदि क्युबालीहरू भएनन् भने हामी सेवा चलाउन सक्षम नहुन सक्छौँ,' सेन्ट भिन्सेन्ट र ग्रेनाडाइन्सका तत्कालीन प्रधानमन्त्री राल्फ गोन्साल्भेसले भने। 'म गरिब र काम गर्ने मानिस मर्नुभन्दा मेरो भिसा गुमाउन रुचाउँछु,' उनले भने।

अगस्ट २०२५ मा अमेरिकाले डाक्टरलाई विदेश पठाउने क्युबाको कार्यक्रमसँगको सम्बन्धका कारण ब्राजिलियन, अफ्रिकी र क्यारिबियन अधिकारीको भिसा रद्द गर्ने घोषणा गऱ्यो। यसले ब्राजिलियन स्वास्थ्य मन्त्रालयका अधिकारी मोजार्ट जुलियो टाबोसा सेल्स र अल्बर्टो क्लेइमनको नाम लिएको थियो, जसलाई सन् २०१३ मा गठन गरिएको ब्राजिलको माइस मेडिकोस वा 'मोर डाक्टर्स' कार्यक्रममा काम गरेका कारण भिसा रद्द गरिएको थियो। केही देशले अब वासिङटनको दबाबबाट बच्न उपाय खोजिरहेका छन्। उदाहरणका लागि यस महिना गुयानाले घोषणा गऱ्यो कि उसले क्युबाली सरकारमार्फत नभई सिधै डाक्टरलाई भुक्तानी गर्न सुरु गर्नेछ।

(समिम अलजजिराकी स्तम्भकार हुन्)

चीनसँग भारतको सम्बन्धमा सुधार हुँदा बेइजिङ–इस्लामाबादबिच देखिन थाल्यो दरार

भारत-चीनबिचको व्यापार १२ प्रतिशतले बढ्दै जाँदा पाकिस्तान-चीन व्यापार १० प्रतिशतमै अड्किएको छ। यो खाडल अझ फराकिलो हुने देखिन्छ।



● सञ्जीव चोपडा

लेखक पूर्वआइएएस अधिकारी चोपडा भ्याली अफ वड्स साहित्यिक महोत्सवका निर्देशक पनि हुन्।

'पहाडभन्दा अग्लो, समुद्रभन्दा गहिरो, महभन्दा मिठो' यो वाक्यांश चीन र पाकिस्तानका नेता दुई देशको मित्रता र रणनीति साझेदारीलाई व्याख्या प्रायः प्रयोग गर्छन्। यद्यपि, यो मित्रता अहिले गम्भीर दबाबमा छ, जुन कुनै आपसी समस्याले नभई बेइजिङ र नयाँदिल्लीबिच बढ्दो आर्थिक र राजनीतिक सम्बन्धको कारणले आएको हो। पछिल्लो समय भारत र चीनबिच आर्थिक सम्बन्ध सबल बन्दै गएको छ। ब्रिक्स र जी-२० जस्ता फोरममा सदस्य भएकाले पनि उनीहरूलाई समूहको रणनीतिक लक्ष्यले पनि नजिक ल्याइरहेको छ।

२० ट्रिलियन डलर कुल गार्हस्थ्य उत्पादन (जिडिपी) भएको चीन विश्वको दोस्रो ठुलो अर्थतन्त्र हो भने भारत यसै दशकको अन्त्यसम्ममा तेस्रो ठुलो आर्थिक शक्ति बन्दै छ। वार्षिक जिडिपी ४.५ ट्रिलियन डलर रहेको भारतको अर्थतन्त्र चीनको एकचौथाई मात्र हो। यसले अझै लामो यात्रा तय गर्न बाँकी छ। तथापि, भारतले चीनलाई भेट्न सक्ने केही आधार छ। विशेषतः भारतको अर्थतन्त्र वार्षिक ७.४ प्रतिशतले बढिरहँदा चीनको ३-४ प्रतिशतमा झरेको पनि बिर्सिनुहुँदैन। त्यसमाथि भारतसँग अझै 'जनसंख्यायिक लाभ' बाँकी नै छ। भारतको जनसंख्या वृद्धिदर अझै प्रतिस्थापनस्तरभन्दा अलि माथि छ। जबकि चीन घट्न थालिसक्यो।

भारत र चीनको आर्थिक वृद्धि आजकै दरमा कायम रह्यो भने सन् २०३५ सम्ममा दुई देशको संयुक्त जिडिपी अमेरिकाको भन्दा ठुलो हुनेछ। यसले विश्वशक्तिको केन्द्र स्थायी रूपमा पश्चिम युरोप र अमेरिकाबाट पूर्वतर्फ अर्थात्, एसियामा सार्नेछन्। त्यतिवेलासम्म पाकिस्तानले अहिलेको ४२औँ ठुलो अर्थतन्त्रको स्थान पनि कायम राख्न सक्नेमा शंका छ। इस्लामाबादको ३ प्रतिशत वार्षिक वृद्धिदरको उपलब्धिलाई झन्डै समान २.७७ प्रतिशतको उच्च जनसंख्या वृद्धिदरले निस्तेज बनाउनेछ। उसले पहिलेदेखि सामना गरिरहेको खाद्य, पानी, रोजगारी र स्वास्थ्य संकट थप बढ्न सक्छ। यदि पाकिस्तानले आफ्नो अर्थतन्त्रलाई सबल बनाउन सकेन भने चीन-पाकिस्तान आर्थिक करिडोर (सिपेक)मा लगानी गरिएको झन्डै ६२ अर्बको चिनिया लगानीको भविष्य खतरामा पर्नेछ।

चीनले बनाइदिएको विमानस्थल र बन्दरगाह दुवै प्राविधिक रूपमा पूर्णतया सञ्चालनमा आइसक्दासमेत गत वर्ष ३० वटाभन्दा कम कार्गो जहाज मात्र बन्दरगाह आउनुले पाकिस्तानको कमजोर अर्थतन्त्रको चित्र प्रस्तुत गर्छ। यो अवस्थाले चीनलाई बन्दरगाहको सञ्चालन लागत उठाउन पनि गाह्रो पर्नेछ। यो आधुनिक सुविधाले सुसज्जित बन्दरगाहमा सन् २०२४-२५ मा पाकिस्तानका कुल कार्गो ट्राफिकको १ प्रतिशतभन्दा कम हिस्सा आयो। ग्वादर विमानस्थलको अवस्था अझ खराब छ किनभने त्यहाँबाट व्यावसायिक उडान अझै सुरु हुनसकेको छैनन्।



सिपेक करिडोरबाट हुने आर्थिक क्षतिका अतिरिक्त चीन त्यस परियोजनामा काम गर्ने आफ्ना इन्जिनियर र कर्मचारीमाथि बढ्दो आक्रमणले पनि चिन्तित छ। परियोजनाअन्तर्गतका कतिपय पूर्वाधार निर्माण अपूर्ण छन्। बलुचिस्तान र गिलगिट-बाल्टिस्तानमा स्थानीय आक्रोश कायमै देखिन्छ।

चीन-भारतबिचको बढ्दो सम्बन्ध

सन् १९६० को दशकमा पाकिस्तान र चीन दुवैको स्वार्थ एकदम समान थिए। बेइजिङले आफ्नो सिन्जियाङ प्रान्तलाई तिब्बतसँग जोड्ने सडकमार्ग अघि बढाउन आवश्यक जमिन पाकिस्तानबाट पाएको थियो। पाकिस्तानले गिलगिट-बाल्टिस्तान क्षेत्रको सक्सगाम उपत्यकाको झन्डै ५,१८० वर्ग किलोमिटर भूमि चीनलाई सुम्पिएको थियो। भारतले विरोध जनाएको यस कदमपछिका विगत ६ दशकमा, चीनले आफ्नो प्रतिरक्षा बलियो बनाएको छ। यस भेगमा आवश्यक सडक पूर्वाधारलगायत निर्माण पूरा गरिसक्यो। सम्भवतः चीनलाई अब यस भेगमा पहिलेजस्तो पाकिस्तानको आवश्यकता छैन।

जहाँसम्म चीन भारत सम्बन्धको कुरा छ। भारत चीनको कम्युनिस्ट सरकारलाई मान्यता दिने पहिलो देशमध्ये एक थियो। दुई देशबिच 'हिन्दी चिनी भाइ भाइ'को नारा लागेको थियो। तर, बाहिर भाइचाराको नारा लागे पनि म्याकमोहन रेखामा बढ्दो विवाद बिच विभिन्न क्षेत्रमा सीमा झडपहरू भए। लगभग ८९० किलोमिटर लामो म्याकमोहन लाइनलाई भारतले दुई देशको सिमाना मान्छ भने चीनले यसलाई ब्रिटिसले एकतर्फी थोपरेको सिमाना भन्छ।

विवाद बढ्दै गएपछि अक्टोबर १९६२ मा, चीनको जनमुक्ति सेनाले भारतको त्यतिबेला उत्तरपूर्वी सिमान्त एजेन्सी भनिने चिनिने (हालको अरूणाचल प्रदेश) मा प्रवेश गऱ्यो। चिनियाँ सेना आसामको तेजपुरसम्म पुगेको थियो। झन्डै एक महिनासम्म सो क्षेत्र कब्जा गरेर जनमुक्ति सेना म्याकमोहन लाइनभन्दा पछाडि हट्यो। यो युद्ध भारतका लागि ठूलो धक्का र हार साबित भयो। खासमा यस युद्धको चोटबाट नेहरू कहिल्यै पनि बाहिरिन सकेनन्। तथापि, यस घटनाले भारतलाई भने बहुमूल्य पाठ सिकायो र भारतीय राजनीतिक नेतृत्वले प्रतिरक्षाको महत्त्व बुझे।

चीनसँगको हारपछि भारतीय सेनाको पुनर्गठन गरियो। त्यही सबल फौजले सन् १९६५ मा जम्मू र कश्मीरमा पाकिस्तानको घुसपैठको प्रयासलाई मात्र विफल पारेन तर लाहोर र सियालकोटसम्म अघि बढ्ने साहस गऱ्यो। सन् १९७६ मा, त्यही पुनर्गठित भारतीय सेनाले अगस्ट-सेप्टेम्बरमा सिक्किमको नाथु ला र अक्टोबरमा चो लामा चिनियाँ सेनाको सामना गऱ्यो। त्यस्तै, सन् १९७५ मा, अरुणाचल प्रदेशको तुलुङ ला क्षेत्रमा फेरि चिनियाँ सेनासँग भिडेको भारतीय सेना सन् १९८७ मा सुमदुरोङ चु उपत्यकामा फेरि आमनेसामने भएको थियो।

पछिल्लो समय भने सन् २०१७ मा भुटानको सिमाना डोकलाम क्षेत्रमा भारतीय सेनाले ७३ दिनभन्दा बढी समयसम्म चिनियाँ फौजलाई रोक्यो। त्यसवेलाको गतिरोध अन्त्य भए पनि सन् २०२० मा, भारत र चीनका फौजबिच लद्दाखको गलवान उपत्यका लडे। त्यसपछि, दुवै देशहरूले विच्छेदन र तनाव कम गर्ने प्रक्रिया अपनाए, जुन अझै पनि चलिरहेको छ। दुई देशले बल प्रयोग नगरी समस्या समाधान गर्न राजनीतिकस्तरमा प्रतिबद्धता जनाएका छन्।

नयाँदिल्ली-चीन व्यापारको वृद्धि

यसबिच, विगत एक दशकमा, भारतले सबै मौसममा चल्ने सडकसहित चीनतर्फको सीमाक्षेत्रमा पूर्वाधार बलियो बनाएको छ। धेरै क्षेत्र हेलिप्याडसहितको सुविधासमेत बनिसकेको छ। जीवन्त गाउँ कार्यक्रमअन्तर्गत ६६२ सीमावर्ती गाउँहरूलाई २४सै घन्टा बिजुली तथा इन्टरनेटसँग जोड्नेदेखि पिउनेपानी, स्वास्थ्य र शिक्षा सुविधा प्रदान गरिँदै छ। यो कार्यक्रमले यी गाउँका बासिन्दालाई त्यहीँ बस्न सक्ने र ती क्षेत्रलाई साना तथा लघु उद्योगहरूको केन्द्र बनाउने लक्ष्य राखेको छ।

भारत र चीनले दुई देशबिचको व्यापार प्रवर्द्धन गर्न आफ्ना मुद्राबिच रुपैयाँ-युआनबिच सिधा व्यापारको सुनिश्चितता गरेका छन्। भारत-चीनबिचको व्यापार १२ प्रतिशतले बढ्दै जाँदा, पाकिस्तान-चीन व्यापार १० प्रतिशतमै अड्किएको छ। यो खाडल अझ फराकिलो हुने देखिन्छ। किनकि भारतसँग पहिले नै ठुलो आधार छ। सुधारिएको रसद र राम्रो फसलको व्यवस्थापनले पनि भारतको कृषि निर्यातलाई विश्वव्यापी रूपमा प्रतिस्पर्धी बनाएको छ।

यसरी, भारतले चीनसँगको आफ्नो तनावपूर्ण सम्बन्धलाई बिस्तारै सुधार गर्दैगर्दा, पाकिस्तान-चीन सम्बन्ध भने थप सबल हुनेमा शंका गर्ने ठाउँ छ। सिपेक करिडोरबाट हुने आर्थिक क्षतिको अतिरिक्त, चीन त्यस परियोजनामा काम गर्ने आफ्ना इन्जिनियर र कर्मचारीमाथि बढ्दो आक्रमणले पनि चिन्तित छ। परियोजनाअन्तर्गतका कतिपय पूर्वाधार निर्माण अपूर्ण छन्। बलुचिस्तान र गिलगिट-बाल्टिस्तानमा स्थानीय आक्रोश कायमै देखिन्छ। यसका कारण यही परियोजना नै चीन र पाकिस्तानबिचको तनावको कारण बन्न सक्छ।

द प्रिन्टबाट

इतिहासमा आज फेब्रुअरी २०



सन् १९४७ : ब्रिटिस राजा जर्ज छैटौंले लर्ड लुइस माउन्डबेटनलाई भारतबाट ब्रिटिस शासन फिर्ता गर्ने जिम्मेबारीसहित अन्तिम भायरोयको रूपमा नियुक्त गरे।

सन् १८०९ : अमेरिकाको सर्वोच्च अदालतले देशको संघीय सरकारको शक्ति प्रदेश(राज्यहरू)को भन्दा माथि भएको फैसला गऱ्यो।

सन् १८२४ : रिभरेन्ड विलियम बकल्यान्डले फेला परेका ठुल्ठुला जीवाष्मका आधारमा 'जियोलोजिकल सोसाइटी अफ लन्डन'मा पहिलोपटक लोप भइसकेको जीव डाइनोसरको अस्तित्व रहेको ब्याख्या गरे।

सन् १८६५ : 'म्यासाचुसेट्स इन्टिच्युट अफ टेक्नोलोजी(एमआइटी)'ले अमेरिकामा पहिलोपटक कलेजमा आर्किटक्चरल स्कुल खोल्यो।

सन् १९२२ : लिथुयानीले भिलनियस क्षेत्रको नियन्त्रण पोल्यान्डालाई सुम्पियो।

सन् १९२९ : अमेरिकी कंग्रेसले 'ऱ्याटिफिकेसन एक्ट' पारित गर्दै अमेरिकी सामोया क्षेत्र अमेरिकी भूमि भएको स्वीकार गऱ्यो।

सन् १९३८ : एडोल्फ हिट्लरले चीन-जापान युद्धमा जापानलाई समर्थन जनाए।

सन् १९३९ : अमेरिकामा नाजीको समर्थनमा विशाल २० हजार सहभागी प्रदर्शन भयो।

सन् २००२ : इजिप्टको अल आयातको एक भिडभाडयुक्त रेलमा आगजनी हुँदा ३७३ को ज्यान गयो।

सन् २००५ : स्पेन प्रस्तावित युरोपेली युनियनको संविधान जनमतसंग्रहमार्फत पारित गर्ने पहिलो देश बन्यो।

सन् २०१३ : इस्टोनिया सवारीसाधनका लागि राष्ट्रिय चार्जर प्रणाली स्थापना गर्ने विश्वको विश्वमा पहिलो मुलुक बन्यो।

इरान-अमेरिकाबिचको आणविक वार्ता हुन सक्छ असफल



● नीना श्रीनिवासन रथबुन

रथबुन युनिभर्सिटी अफ टोरन्टोकी अन्तर्राष्ट्रिय सम्बन्ध विषयकी प्राध्यापक हुन्।

अमेरिकाले इरानमा सम्भावित हमला र तेहरानको प्रत्याक्रमणको आशंका बढिरहेका वेला दुई देशबिच वार्ता भइरहेका छन्। अमेरिका र इरानबिचको आणविक वार्ताको पछिल्लो चरण अहिलेका लागि राम्रोसँग चलिरहेको छ र यसमा संलग्न मुख्य पक्षहरूबाट सार्वजनिक बयानबाजी निरन्तर बढिरहेको छ। 'मलाई लाग्छ कि इरानीहरू सम्झौता गर्न चाहन्छन्,' अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले फेब्रुअरी १७ मा जेनेभामा आयोजित पछिल्लो चरणको छलफलको पूर्वसन्ध्यामा भने। इरानका विदेशमन्त्री अब्बास अराघचीले वार्ताको 'मार्गदर्शक सिद्धान्त'मा प्रगति भएको उल्लेख गरे। महिनाको सुरुमा ओमानमा भएको प्रारम्भिक वार्तामा पनि यस्तै आशा देखाइएको थियो। तर, दुई दशकदेखि अमेरिकी राष्ट्रिय सुरक्षाको अनुसन्धान गर्ने र विदेश विभागको आणविक कूटनीतिमा संलग्न भएको व्यक्तिको रूपमा मलाई थाहा छ हामी पहिले पनि यत्तिको सफलतामा पुगेका थियौं। तर, ठोस निष्कर्षमा पुग्न सकेनौं।

२०२५ को वसन्त ऋतुमा संयुक्त राज्य अमेरिकाले इरानको आणविक पूर्वाधारमा बम विस्फोट गर्नुअघि पाँच चरणका भएका अप्रत्यक्ष वार्ताहरूमा पनि आशा गर्ने ठाउँ थियो। इरानले फेब्रुअरीमा स्पष्ट रूपमा उल्लेख गरेको थियो कि त्यो आक्रमणले सिर्जना गरेको अविश्वासको वातावरण अहिले वार्ता सम्झौताको प्रयासमा अल्झिएको छ। र, अहिले सम्झौतामाथिको कुनै पनि निराशावादलाई आधार बनाउनु भनेको फारसी-खाडी क्षेत्रमा अमेरिकी सैन्य निर्माण र इरानबाट प्रतिक्रियाको पृष्ठभूमिमा वार्ता भइरहेको छ, जसमा डरलाग्दो अभ्यासका लागि होर्मुज जलडमरु बन्द गर्नु पनि समावेश छ।

दुवै वार्ताका सीमारेखा

तर, दुई देश वार्ता प्रक्रियामा गुज्रिरहेका वेला बढ्दो अविश्वास पनि देखिन्छ, जुन हटाउन आवश्यक छ। अमेरिका र इरान दुवैको अडान मे ८, २०१८ मा ओबामाकालीन समयमा संयुक्त राज्य अमेरिकालाई इरान आणविक सम्झौताबाट फिर्ता लिएको मितिदेखि ओझेलमा परेको छ। इरान आफ्नो ब्यालिस्टिक क्षेप्यास्त्र कार्यक्रमका बारेमा छलफल गर्न पनि इच्छुक छैन। यो उनीहरूका लागि रातो रेखा हो। तैपनि संयुक्त राज्य अमेरिकाले इरानको ब्यालिस्टिक क्षेप्यास्त्रको सीमा र यस क्षेत्रमा प्रोक्सी लडाकुहरूको इरानको समर्थनको अन्त्यलाई आणविक वार्तामा समावेश गर्न माग गरिरहेको छ, साथै इरानले २०१५ को आणविक सम्झौताअन्तर्गत सहमत भएको युरेनियम संवर्द्धन कार्यक्रम पूर्ण रूपमा त्यागुपर्ने माग उठिरहेको छ।

फेब्रुअरी ५, २०२६ सम्म अमेरिका र रुसी आणविक हतियारहरूको आकार र स्थिति दुवैलाई सीमित गर्ने र बलियो प्रमाणीकरण संयन्त्र कायम राख्ने नयाँ सुरुवातीको म्याद गुज्रेसँगै राजनीतिक लक्ष्य प्राप्त गर्न सैन्य कारबाहीमा संलग्न हुने बढ्दो तत्परताले कूटनीतिक पहलमा चुनौती बढाउँछ।

अमेरिकी नजरमा कमजोर बन्दै छ इरान

एकातिर दुई देशबिच बढ्दो अविश्वास छ भने अर्कोतर्फ चरणबद्ध वार्ता भइरहेका छन्। अमेरिकी सरकारबाट वार्ताप्रति किन आशावाद छ ? इरानका क्षेत्रीय प्रतिनिधिहरू साथै इरानमाथि नै ठुलो मात्रामा सफल इजरायली आक्रमणहरूपछि इरान आफ्नो पहिलो कार्यकालको तुलनामा कमजोर स्थितिमा रहेको ट्रम्पको विश्वास छ। इजरायली कारबाहीको परिणामस्वरूप तेहरानका दुई मुख्य प्रायोजित समूह हमास र हिजबुल्लाहको रणनीतिक क्षमता स्पष्ट रूपमा घटेको छ।



इरान आफ्नो ब्यालिस्टिक क्षेप्यास्त्र कार्यक्रमबारे छलफल गर्नसमेत इच्छुक छैन। जबकि संयुक्त राज्य अमेरिकाले इरानको ब्यालिस्टिक क्षेप्यास्त्रको सीमा र यस क्षेत्रमा प्रोक्सी लडाकुको इरानको समर्थनको अन्त्यलाई आणविक वार्तामा समावेश गर्न माग गरिरहेको छ।

जुन २०२५ मा भएको अपरेसन राइजिङ लायन नामक कारबाहीपछि पनि अमेरिकाले अझै पनि आफ्नो हात माथि रहेको महसुस गर्न सक्छ। अन्तर्राष्ट्रिय आणविक ऊर्जा एजेन्सीको रिपोर्टको प्रतिक्रियामा इरानको आणविक पूर्वाधारमा आक्रमण गरिएको थियो। वसन्त ऋतुमा इरानको नजिकको हतियार ग्रेड समृद्ध युरेनियमको भण्डार ५० प्रतिशतभन्दा बढीले बढेको रिपोर्टमा उल्लेख थियो। अब वार्ता पुनः सुरु हुने कुरा पनि इरानले सरकारविरोधी प्रदर्शनमा रक्तपातपूर्ण दमन गरेको घटनापछि तुरुन्तै आएको छ, जसमा हजारौं प्रदर्शनकारी मारिएका छन्।

अमेरिकी समर्थनको विरोध गर्नेहरूलाई संकेतको रूपमा जनवरीमा इरानी पानीजहाज नजिकै युएसएस अब्राहम लिंकन वाहक युद्धपोत तैनाथ गरिएको थियो। अमेरिकी विदेशमन्त्री मार्को रुबियोले भनेका छन् कि सफल वार्तामा इरानको आणविक कार्यक्रमभन्दा बाहिरका विषय समावेश हुनुपर्छ, जसमा 'तेहरानमा आफ्नै जनताको व्यवहार' पनि समावेश हुनुपर्छ। ट्रम्पले इरानविरुद्ध सैन्य विकल्पलाई निरन्तर मनन गरिरहेका छन्। उनले चेतावनी दिएका छन् कि 'यदि उनीहरूले सम्झौता गरेनन् भने परिणाम धेरै गम्भीर हुनेछन्।' तैपनि वासिङटनले आफ्नो स्थितिलाई बढाइचढाइ गरिरहेको हुन सक्ने खतरा छ।

संयुक्त राज्य अमेरिकाले जुनमा गरेको हमलामा इरानी आणविक स्थलहरू 'ध्वस्त' भएको दाबी गरिरहेको छ भने उपग्रह तस्बिरले इरानले आफ्नो आणविक कार्यक्रम पुनर्स्थापित गर्न काम गरिरहेको संकेत गर्दछ। र, गाजा र लेबननमा तेहरानका प्रतिनिधिहरू गम्भीर रूपमा कमजोर हुँदै गए पनि इराकमा इरानी-समर्थित मिलिसिया (जसमा काताइब हिज्बुल्लाह पनि समावेश छन्)ले युद्धका लागि तत्काल तयारी गर्दै (सम्भावित रूपमा अमेरिकाविरुद्ध) र हुथी विद्रोहीहरूले संयुक्त राज्य अमेरिकासँगको युद्धविराम सम्झौताबाट पछि हट्ने धम्की दिएका छन्।

यसबाहेक, इरानको ब्यालिस्टिक क्षेप्यास्त्र कार्यक्रमप्रतिको प्रतिबद्धता पहिलेभन्दा अझ बलियो छ, धेरैजसो पूर्वाधार अपरेसन राइजिङ लायनबाट पुनः प्रेरित छ।

२०१५ को सम्झौतामा फर्कनेछैन

इरानले वार्ता केवल यसको आणविक कार्यक्रमको नागरिक उद्देश्यको सुनिश्चिततामा मात्र सीमित हुनुपर्छ भन्ने धारणा राख्छ, यसको क्षेप्यास्त्र कार्यक्रम क्षेत्रीय प्रोक्सी समूहहरूको समर्थन वा आफ्नै मानव अधिकार उल्लंघनको बारेमा होइन। र, यो अमेरिकाको लामो समयदेखि कायम रहेको अडानसँग नमिल्दो छ।

यो असहमतिले अन्ततः अमेरिका र इरानलाई बाइडेन प्रशासनको समयमा २०१५ को राजनीतिक सम्झौता नवीकरण गर्नबाट रोक्यो। चीन, फ्रान्स, जर्मनी, रुस, बेलायत, संयुक्त राज्य अमेरिका र इरानद्वारा हस्ताक्षर गरिएको संयुक्त व्यापक कार्ययोजना (जेसिपिओए)ले इरानमाथि लगाइएका धेरै अन्तर्राष्ट्रिय आर्थिक प्रतिबन्ध हटाउने बदलामा इरानको आणविक प्रविधिको विकास र आणविक सामग्रीको भण्डारणलाई रोक्यो। ब्यालिस्टिक मिसाइल प्रविधि र क्षेत्रीय मिलिसियाका लागि इरानको प्रोक्सी समर्थन मूल सम्झौतामा समावेश गरिएको थिएन किनभने इरानले ती उपाय समावेश गर्न अनिच्छुक थियो।

इरान सम्झौताका पक्षहरूले अन्ततः कुनै पनि सम्झौता नगर्नुको विकल्पभन्दा आणविक सम्झौता राम्रो भएको निर्णय गरे। बाइडेन प्रशासनले २०२१ मा ओबामा युगको आणविक सम्झौतालाई सुदृढ पार्ने र नवीकरण गर्ने सार्वजनिक रूपमा वाचा गरेको थियो। तर, त्यतिन्जेलसम्म, जेसिपिओए पतन भएको चार वर्ष बितिसकेको समयमा इरानले आफ्नो आणविक प्राविधिक क्षमतामा उल्लेखनीय वृद्धि गरिसकेको थियो। त्यसले कठिनाइ बढायो अघिल्लो सम्झौतामा फर्कन इरानले कुनै नयाँ फाइदाविना हासिल गरेको नयाँ प्राविधिक क्षमता त्यागुपर्ने थियो। बढ्दो सैन्य झन्झटका साथ वार्तालले अमेरिका र इरानलाई किनारबाट पछि हट्न, विश्वास निर्माण गर्न र सम्भवतः राम्रो राजनीतिक सम्बन्ध विकास गर्न मद्दत गर्न सक्छ। यो स्थिरीकरणबाट दुवै पक्षलाई फाइदा हुनेछ।

कन्भर्सेसनबाट

बेलायतका राजाका भाइ एन्ड्रयु पक्राउ

लन्डन / बेलायतका पूर्वराजकुमार एन्ड्रयु माउन्टबेटन-विन्डसरलाई सार्वजनिक पदको दुर्व्यवहार गरेको आशंकामा पक्राउ गरिएको छ। राजा चार्ल्स द्वितीयले आफ्नो भाइको पक्राउपछि टिप्पणी गर्दै कसैले पनि 'कानुनी कारबाहीबाट उन्मुक्ति नपाउने' बताए।

पछिल्लो समय अमेरिकी अधिकारीहरूले यौन अपराधी जेफ्री एपस्टिनसँग जोडिएका ३० लाख पृष्ठभन्दा बढी कागजात सार्वजनिक गरेपछि एन्ड्रयु र एपस्टिनबिच गहिरो सम्बन्ध रहेको देखाएको छ। ती कागजपत्रले केहीमा एन्ड्रयुले सन् २०१० मा भियतनाम, सिंगापुर र बेलायतबिचको राजकीय भ्रमणसम्बन्धी जानकारीसमेत एपस्टिनलाई बताएको देखाएको छ। एउटा गोप्य ज्ञापनपत्रमा, उनले अफगानिस्तानको हेलमान्ड प्रान्तमा लगानीका अवसरहरूको बारेमा एपस्टिनको राय मागेका छन्। उता विवादका बिच बेलायतका प्रधानमन्त्री केयर स्टारमरले एप्स्टिन प्रकरणमा माउन्टबेटन-विन्डसरले पनि अमेरिकाका चलिरहेको अनुसन्धानमा सहयोग गर्नुपर्ने बताएका छन्।

Government of Bagamati Province
Ministry of Physical Infrastructure Development
Urban Development and Building Office, Sindhuli
Sindhulimadhi, Sindhuli

Invitation for Electronic Bids

Date of Publication: 2082/11/08

Urban Development and Building Office, Sindhuli invites electronic bids from eligible bidders for the following works under National Competitive Bidding procedures (Single-Stage: Single-Envelope):

IFB No.	Project Name
UDBO-SIN-NCB-W-40-082-083	Infrastructure Development at Integrated Musahar Basti Tallo Patringa, Dudhauli-11, Sindhuli
UDBO-SIN-NCB-W-41-082-083	Road Concreting works on Raghutol-Football ground-Namuna tol road, Dudhauli-8, Sinduli
UDBO-SIN-NCB-W-42-082-083	Construction of Majhitar Jafati Jhora Ringroad ka.na.pa.-7, sindhuli
UDBO-SIN-NCB-W-43-082-083	Upgrading Works of 2 nos Bajar Durgatole road, ka.na.pa.-6 sindhuli
UDBO-SIN-NCB-W-44-082-083	Community building construction at Kamalamai Municipality Ward No. 13 (Kamala Ekata Club premises), completion of the incomplete community mediation center building at Dudhouli Municipality Ward No. 4, and ward office building construction at Sunkoshi Rural Municipality Ward No. 2.
UDBO-SIN-NCB-W-45-082-083	Construction of Bal Uddhan Park, Saghutar ramechhap-3, ramechhap
UDBO-SIN-NCB-W-46-082-083	Construction of Jauranta Haripate hudai Dhokakharka Ghimireghat sammako road, Gokulganga-4, Ramechhap
UDBO-SIN-NCB-W-47-082-083	Construction of Hospital Kumaltar Hudai Himganga Ma.Vi. Ramechhap-3, Ramechhap.
UDBO-SIN-NCB-W-48-082-083	Construction of Those Bajar Wada Karyalaya Sadak Dhalan, Gokulganga-2, Ranechhap
UDBO-SIN-NCB-W-49-082-083	Upgrading works of Daki Chauki Dada Bastipur Bhanjyang Su.Ga. Pa.-4, Sindhili
UDBO-SIN-NCB-W-50-082-083	Upgrading works of Khadbari tamakoshi Hospital line dipjyoti marga road Manthali-1, Ramechhap
UDBO-SIN-NCB-W-51-082-083	Construction of Kudare Juke Padhera Majhtole Road manthali-3, ramechhap
UDBO-SIN-NCB-W-52-082-083	Upgrading of Ramechhap-dhobi, Birkheshwor mavi, Kholma Gau hudai Gothpani road

RE-TENDER

UDBO-SIN-NCB-W-27-082-083	Upgrading of Bhaise-Adheri-Labse road, Ghyanglekh-2, Sindhuli

1. Eligible Bidders may obtain all further information at the office of **Urban Development and Building Office, Sindhuli** or may visit **PPMO e-GP system www.bolpatra.gov.np/egp**.


Office Chief

अर्थ पत्रिका
नयाँ पत्रिका
शुक्रबार ८ फागुन ०८२

भण्डारण योजना प्राथमिकतामा नपर्दा बर्सेनि ग्यास अभाव

भारतको मोतीहारीदेखि पाइपलाइन बिछ्याएर सर्लाहीसम्म ग्यास ल्याउने र त्यहाँ रहेको १५ बिघा जमिनमा स्टोरेज बनाउने आइओसीको अध्ययन प्रतिवेदन दराजमा थन्कियो, वार्षिक ६ अर्ब ढुवानी भाडा बचत हुने योजना अलपत्र

● **मनोज ठाकुर**, प्रवक्ता, आयल निगम



वेला-वेला भइरहने ग्यास आपूर्तिको असहजतालाई दीर्घकालीन रूपमा समाधान गर्न भण्डारगृह निर्माण गर्नुपर्ने जरुरी देखिएको छ। सरकार र हामी मिलेर आइओसीबाट आर्थिक सहयोग जुटाई परियोजना अघि बढाउन क्रियाशील भइरहेका छौं। पछिल्लो समय सर्लाहीको नेत्रगन्जमा रहेको जग्गामा ग्यास भण्डारगृह बनाउन पहल भइरहेको छ। भण्डारगृह भएको खण्डमा आपत्कालमा प्रयोग गरेर आपूर्ति सहज गर्न मद्दत पुग्छ।



अजित अधिकारी/नयाँ पत्रिका

आयल निगमले ग्यास भण्डारगृह निर्माणको योजना कार्यान्वयन नगर्दा बर्सेनि जाडो समयमा अभाव हुने गरेको छ। खपत बढ्ने, तर भारतबाट आयात कम हुने हुँदा यो वर्ष पनि माघ लागेयता बजारमा सहज रूपले ग्यास पाइएको छैन।

भरपर्दो आपूर्ति प्रणाली नभएको र मुलुकभित्र ग्यास भण्डारगृह पनि नबन्दा माग बढेको समयमा आपूर्ति सहज गर्न निगमलाई कठिनाइ भइरहेको हो। निगमले १० वर्षअघि ०७२ असारमा देशका पाँच स्थानमा कुल ३५ हजार टन क्षमताको ग्यास भण्डारगृह निर्माण गर्ने योजना बनाएको थियो, तर ती सबै योजना दराजमा थन्क्याइएको छ। पछिल्लो समय सर्लाहीको लालबन्दी नगरपालिका- १, नेत्रगन्जमा रहेको करिब १६ बिघा जमिनमा भण्डारगृह बनाउने योजना बनिरहे पनि कार्यान्वयनका लागि निगम अधिकारीले तदारुकता देखाएका छैनन्।



आयल निगमका प्रवक्ता मनोज ठाकुरले ग्यास भण्डारगृह निर्माणको आवश्यकता महसुस भइरहेको बताए। उनले भण्डारगृह निर्माणका लागि सरकारी तहबाटै प्रयास भइरहेको र इन्डियन आयल कर्पोरेन (आइओसी)सँग आर्थिक सहायताको अपेक्षा पनि राखिएको बताए। 'वेला-वेला भइरहने ग्यास आपूर्तिको असहजतालाई दीर्घकालीन रूपमा समाधान गर्न भण्डारगृह निर्माण गर्नुपर्ने जरुरी देखिएको छ,' उनले भने, 'सरकार र हामी मिलेर आइओसीबाट आर्थिक सहयोग जुटाई परियोजना अघि बढाउन क्रियाशील भइरहेका छौं।'

पछिल्लो समय सर्लाहीको नेत्रगन्जमा रहेको जग्गामा ग्यास भण्डारगृह बनाउन पहल भइरहेको उनले जानकारी दिए। आइओसीको मोतीहारीबाट नेत्रगन्जसम्म पाइपलाइन बिछ्याएर ग्यास ल्याउने र नेत्रगन्जमा कम्तीमा १५ हजार टन क्षमताको भण्डारगृह निर्माण गर्ने विषयमा अध्ययनसमेत भइसकेको छ। आइओसीले आफ्नै खर्चमा ०७९ चैतमा गरेको अध्ययनमा करिब १५ अर्ब लागतमा पाइपलाइन र भण्डारगृह बनाउन सकिने देखिएको थियो। उक्त प्रतिवेदन निगमले समेत पाइसकेको छ।

प्रतिवेदनअनुसार आइओसीको मोतीहारी टर्मिनलमा पुस ०८० बाटै पाइपलाइनबाट ग्यास ढुवानी भइरहेको छ। त्यसैले, मोतीहारीबाटै पाइपलाइनमार्फत सर्लाहीसम्म ग्यास ल्याउन सकिन्छ। १५ हजार क्षमताको भण्डारगृह बनाएर एकपटकमा आठवटा बुलेटमा ग्यास लोड गरी बजार पठाउन सकिने आइओसीको अध्ययन छ। सो अध्ययनपछि निगम र उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयले परियोजना अघि बढाउन चासो दिए पनि लगानीका लागि आइओसीलाई नै आग्रह गरेका छन्।

गत मंसिरमा भएको नेपाल-भारत संयुक्त पेट्रोलियम तथा ग्यास कार्यदलको पाँचौं बैठकमा सर्लाहीमा ग्यास पाइपलाइन अनुदानमा अघि बढाइदिन नेपालले औपचारिक रूपमा प्रस्ताव राखेको थियो। सो प्रस्तावमा भारतीय पक्षले सकारात्मक प्रतिक्रिया दिए पनि अहिलेसम्म ठोस निर्णय दिएको छैन।

सर्लाहीमा भण्डारगृह बने ग्यास ढुवानीका लागि भारत जानुपर्ने बाध्यता अन्त्य हुनेछ। अहिले वार्षिक रूपमा ग्यास ढुवानीका लागि ६ अर्ब रुपैयाँ बाहिरिने गरेकाले सो रकमसमेत बचत हुन्छ। त्यस्तै, भण्डारगृह भएको खण्डमा आपत् कालमा प्रयोग गरेर आपूर्ति सहज गर्न मद्दत पुग्ने निगम प्रवक्ता ठाकुरले बताए। 'आफ्नै भण्डारगृह भएपछि आपत्कालमा प्रयोग गर्न पाइन्छ र आपूर्ति सहज हुन्छ। त्यसैले हामी यो परियोजना अघि बढाउन क्रियाशील छौं,' उनले भने।

१० वर्षअघिको योजना

०७२ वैशाखमा भूकम्पका कारण ग्यास आपूर्ति असहज भएपछि निगमले सोही वर्ष असारमा नीति-कार्यक्रममार्फत देशभरका पाँच स्थानमा ३५ हजार टन क्षमताको ग्यास भण्डारगृह बनाउने योजना अघि सारेको थियो। त्यतिखेरको योजनाअनुसार धनुषाको महेन्द्रनगरमा पर्याप्त जग्गा रहेकाले तत्कालै १० हजार टन क्षमताको ग्यास भण्डारगृह बनाउने योजना बनेको थियो। यसका लागि करिब तीन अर्ब रुपैयाँ लागत अनुमानसमेत तयार भएको थियो।

त्यस्तै, काठमाडौं उपत्यकाको मागलाई ध्यान दिएर आसपासका उपयुक्त जिल्लामा दुई सय रोपनी जग्गा खरिद गरी १० हजार टन ग्यास भण्डारण गर्न मिल्ने परियोजना अघि बढाइएको थियो। निगम कर्मचारीहरूले काभ्रेमा ग्यास भण्डारगृह निर्माणका लागि जग्गासमेत खोजेका थिए।

त्यस्तै, मेचीमा र लुम्बिनीमा १०-१० बिघा जग्गा खरिद गरेर पाँच-पाँच हजार टन ग्यास भण्डारण गर्ने योजना पनि बनाएको थियो। तत्कालीन मध्यपश्चिमाञ्चल र सुदूरपश्चिमाञ्चल (हालको कर्णाली र सुदूरपश्चिम प्रदेश)को मागलाई ध्यान दिएर उपयुक्त स्थानमा १० बिघा जग्गा खोजी गरी पाँच हजार टन ग्यासको भण्डारगृह बनाइने योजना थियो, तर अहिले यी सबै योजना कागजमा सीमित भएका छन् र यी पाँचवटै स्थानमा ग्यास भण्डारगृह निर्माण गर्ने योजनाबाट निगम पछि हटेको छ।

दशकदेखि कागजमै सीमित योजनामा भएका मुख्य काम

● ०७२ मा आयल निगमको नीति कार्यक्रममार्फत देशका ५ स्थानमा ३५ हजार टन क्षमताको ग्यास भण्डारगृह बनाउने योजना तयार।

● ०७७ साउनमा आयल निगम र आइओसीका अधिकारी सम्मिलित संयुक्त कार्यदलले चितवनको लोथरमा पाइपलाइन ल्याएर ग्यास भण्डारगृह बनाउन सिफारिस।

● ०७९ चैतमा आइओसीद्वारा आफ्नै खर्चमा अध्ययन, मोतीहारीदेखि सर्लाहीसम्म पाइपलाइनमार्फत ग्यास ल्याएर भण्डारगृह बनाउन सकिने प्रतिवेदन।

● ०८१ साउनमा तत्कालीन उद्योगीमन्त्री दामोदर भण्डारीले भारतीय समकक्षी हरदीपसिंह पुरीलाई नयाँदिल्लीमा भेटेर अनुदानमार्फत ग्यास पाइपलाइन र भण्डारगृह बनाउन अनुरोध।

● ०८१ असोजमा आइओसी र निगमबिच काठमाडौंमा भएको बिटुबी सम्झौता कार्यक्रममा सामान्य छलफल।

● ०८२ मंसिरमा सम्पन्न नेपाल-भारत संयुक्त पेट्रोलियम तथा ग्यास कार्यदलको पाँचौं बैठकमा सर्लाहीमा ग्यास पाइपलाइन अनुदानमा अघि बढाइदिन प्रस्ताव, भारतद्वारा सकारात्मक प्रतिक्रिया।

अब राष्ट्रिय प्रसारण ग्रिड कम्पनीमा प्राधिकरणको बहुमत सेयर

कम्पनीको प्राविधिक क्षमता वृद्धिसँगै लगानी जुटाउन सहज हुने अपेक्षा



मिलन विश्वकर्मा/नयाँ पत्रिका

'राष्ट्रिय प्रसारण ग्रिड कम्पनी लिमिटेड'मा नेपाल विद्युत् प्राधिकरणको बहुमत सेयर हुने भएको छ। छुट्टै निकायमार्फत प्रसारणलाइन निर्माण तथा सञ्चालन गर्ने गरी सरकारी स्वामित्वमा २७ असार ०७२ मा स्थापना गरिएको कम्पनीको १० अर्ब पुँजी छ। जसमा अहिले प्राधिकरणको ४८ प्रतिशत र ऊर्जा, अर्थसहित आठ मन्त्रालयको ५२ प्रतिशत सेयर स्वामित्व छ। प्राधिकरणले अन्य मन्त्रालयको सेयर खरिद गरेर प्रसारण ग्रिड कम्पनीमा ५१ प्रतिशत सेयर स्वामित्व पुऱ्याउने भएको हो। गत सोमबार सम्पन्न प्राधिकरण सञ्चालक समितिको बैठकले प्रसारण ग्रिड कम्पनीमा बहुमत सेयर कायम गर्ने गरी सैद्धान्तिक निर्णय गरिसकेको छ। अब चुनावपछि कम्पनीमा प्राधिकरणको बहुमत सेयर कायम गर्ने प्रक्रियाा अघि बढ्ने प्राधिकरणका एक सञ्चालकले बताए। 'सोमबारको बैठकले प्रसारण ग्रिड कम्पनीमा प्राधिकरणको बुहमत सेयर बनाउने गरी सैद्धान्तिक निर्णय भएको छ। सम्भवतः चुनावपछि यसले पूर्णता पाउनेछ,' उनले भने।

प्रसारण ग्रिड कम्पनीका प्रवक्ता नगेन्द्रप्रसाद चौधरीले पनि प्राधिकरणको बहुमत सेयर कायम गर्ने गरी छलफल भइरहेको स्वीकार गरे। 'प्रसारण ग्रिड कम्पनीमा प्राधिकरणको बहुमत सेयर कायम गर्ने गरी छलफल भइरहेको छ। तर, निर्णयमा पुगिसकेको अवस्था छैन,' उनले भने, 'प्राधिकरणको निर्णयको विषयमा हामीलाई जानकारी आएको छैन।'

नेपालमा पहिलेदेखि नै विद्युत् उत्पादन, प्रसारण, वितरण र व्यापारको काम शतप्रतिशत सरकारी स्वामित्वको प्राधिकरणले गर्दै आएको छ। यद्यपि, ०६९ मै सरकारले यी सबै काम छुट्टाछुट्टै कम्पनीमार्फत गराउने निर्णय गरेको थियो। सोहीअनुसार प्रसारणलाइन निर्माण तथा सञ्चालन गर्न असार ०७२ मा प्रसारण ग्रिड कम्पनी स्थापना भएको हो।

'भविष्यमा विद्युत् उत्पादन, प्रसारण, वितरण र व्यापारको काम छुट्टाछुट्टै कम्पनीमार्फत गर्ने महत्त्वाकांक्षी योजना छ। त्यो अवस्थामा प्राधिकरण टुक्रिन्छ नै। त्यस अवस्थामा प्रसारणलाइन निर्माणका लागि छुट्टै कम्पनी स्थापना गर्नुभन्दा प्राधिकरणले राष्ट्रिय ग्रिड कम्पनीलाई नै लिड गरेको राम्रो हो,' प्राधिकरणका एक सञ्चालकले भने, 'राष्ट्रिय ग्रिड कम्पनीमा पनि प्राविधिक ज्ञान तथा क्षमता बढाउन आवश्यक छ। त्यहाँ इन्जिनियर पनि पर्याप्त छैनन्। न त पैसा छ, न स्वदेशी तथा विदेशी ऋणदाताले सहजै विश्वास गरेका छन्। यता प्राधिकरणसँग पैसा छ भने विदेशी तथा स्वदेशी दाताले सहजै विश्वास गर्छन्। यहाँ प्राविधिक ज्ञान तथा सिप छ भने इन्जिनियर पनि पर्याप्त छन्। यो अवस्थामा राष्ट्रिय ग्रिड कम्पनीमा प्राधिकरणको बहुमत सेयर कायम गर्दा बहुआयामिक रूपमा फाइदा छ।'

प्राधिकरणको बहुमत सेयर भएमा लगानी जुटाउन पनि सहज हुने कम्पनीका एक सञ्चालकले बताए। 'अहिले हामी नयाँ कम्पनी हौं। विभिन्न प्रसारणलाइन बनाउन स्वदेशी तथा विदेशी दातासँग छलफल भइरहेको छ। तर, नयाँ कम्पनी भएका कारण विश्वास गरेका छैनन्,' उक्त अधिकारीले भने, 'त्यो अवस्थामा प्राधिकरणको बहुमत सेयर कायम भयो भने कम्पनीलाई धेरै सहज हुन्छ। प्रसारणलाइन निर्माणमा लगानी जुटाउन पनि सहज हुनेछ।'

हालै विद्युत् नियमन आयोगले प्रसारणलाइनमा खुला पहुँच हुने गरी निर्देशिका ल्याएको छ। त्यसको कार्यान्वयनमा पनि सहयोग पुग्ने विश्वास गरिएको छ।

कम्पनीका ११ मध्ये तीन प्रसारणलाइन मात्रै निर्माणमा

हाल राष्ट्रिय ग्रिड कम्पनीले ११ वटा प्रसारणलाइन बनाउने गरी प्रक्रिया अघि बढाएको छ। त्यसमा तीन परियोजना मात्रै निर्माणाधीन अवस्थामा छन्।

एक सय ३२ केभी क्षमताको २० किमि लामो मेवा करिडोर, एक सय ३२ केभी क्षमताको ३२ किमि लामो दरौदी करिडोर र चार सय केभीको ९६ केभी लामो कर्णाली करिडोर प्रसारणलाइन निर्माणाधीन अवस्थामा छन्।

कम्पनीका अनुसार चार प्रसारणलाइन भने सार्वजनिक-निजी साझेदारी (पिपिपी) मोडेलमा निर्माण गर्ने गरी प्रक्रिया अघि बढाएको छ। त्यसमा चार सय केभीको पश्चिम सेती करिडोर, चार सय केभीकै अरुण करिडोर, दुई सय २० केभी तमोर करिडोर र दुई सय २० केभीकै लामाबगर-बाह्रबिसे प्रसारणलाइन पिपिपी मोडेलमा निर्माण गर्ने प्रक्रिया अघि बढाइएको छ।

अन्य बाँकी चार प्रसारणलाइन भने अध्ययनको चरणमा छन्। त्यसमा चार सय केभीको भेरी करिडोर, चार सय केभीको फुकोट-कर्मदेव (हुम्ला), दुई सय २० केभीको शीतलपाटी-दुंगेसाँघु र एक सय ३२ केभीको साँफेबगर-बेतन प्रसारणलाइन अध्ययनका चरणमा छन्। अध्ययनका चरणमा रहेका यही परियोजनामा लगानी जुटाउनुपर्ने दबाब कम्पनीलाई छ। प्राधिकरणको बहुमत सेयर भएमा लगानी जुटाएर यी परियोजनाको निर्माण अघि बढाउन सहज हुने विश्वास गरिएको छ।

सशस्त्र प्रहरीले गऱ्यो कपिलवस्तुमा सात लाखभन्दा बढीको अवैध सामान बरामद

कपिलवस्तु/ भारतबाट भन्सार छली ल्याइएका सात लाखभन्दा बढीको कपडा तथा किराना सामान नाका छलेर आएका अटो तथा मोटरसाइकलबाट सशस्त्र प्रहरी बल सीमासुरक्षा गुल्म कृष्णनगरले बरामद गरेको छ। कृष्णनगर क्षेत्रका विभिन्न स्थानबाट मोटरसाइकल तथा अटो प्रयोग गरी लुकाइछिपाई नेपालतर्फ ल्याइँदै गरेको अवस्थामा सामान नियन्त्रणमा लिइएको हो।

बरामद गरिएका कपडा तथा किराना सामग्री आवश्यक कारबाहीका लागि कृष्णनगर भन्सार कार्यालयमा बुझाइएको सशस्त्र प्रहरी बल सीमासुरक्षा गुल्म कृष्णनगरका प्रहरी नायब उपरीक्षक मोहन केसीले बताएका छन्। सीमामा हुने अवैध क्रियाकलाप नियन्त्रणका लागि निगरानी कडाइ गरिएको बताउँदै केसीले भने, 'हामीले विशेष सूचना र नियमित गस्तीका क्रममा भारतबाट भन्सार छली गरी ल्याइँदै गरेको करिब सात लाखभन्दा बढीको कपडा तथा किराना सामान अटो, मोटरसाइकल नियन्त्रणमा लिएका छौं।' सीमाक्षेत्रमा हुने अवैध ओसारपसार रोक्न हाम्रो अभियान निरन्तर जारी रहनेछ।

कानुनविपरीत कार्यमा संलग्न जोकोहीलाई पनि कारबाहीको दायरामा ल्याइने केसीले बताएका छन्। सीमाक्षेत्रमा पछिल्लो समय भन्सार छलीका घटना हुन सक्ने भएकाले सशस्त्र प्रहरीले गस्ती तथा चेकजाँचलाई थप प्रभावकारी बनाएको बताएको छ।

इन्डो-नेपाल ट्रेड फेस्टिभल आजदेखि

नयाँदिल्लीमा हुने फेस्टिभलमा १० उच्चस्तरीय सत्र, ६० वक्ता र ६५ भन्दा बढी स्टल रहने, दुईपक्षीय आर्थिक-व्यापारिक सम्बन्ध विस्तार गर्ने लक्ष्य

काठमाडौं/ दोस्रो संस्करणको 'इन्डो-नेपाल ट्रेड फेस्टिभल' शुक्रबारदेखि भारतको नयाँदिल्लीमा आयोजना हुँदै छ। तीन दिनसम्म चल्ने ट्रेड फेस्टिभलमा दुई देशका नीति-निर्माता तथा उद्यमी-व्यवसायीबिच अन्तर्क्रिया भेटघाटलगायत कार्यक्रम हुनेछन्। 'कनेक्टिक पिपुल, इन्ह्यान्सिङ बाइलाटरल ट्रेड' भन्ने मूल नाराका साथ आयोजना हुने फेस्टिभलका लागि १० उच्चस्तरीय सत्र, ६० वक्ता र ६५ भन्दा बढी स्टल तोकिएका छन्। महोत्सवको उद्घाटन सत्रमा नेपालका लागि भारतका राजदूत डा. शंकरप्रसाद शर्मा, भारत सरकारका पर्यटनमन्त्री गजेन्द्रसिंह शेखावत, भारतका केन्द्रीय सञ्चारमन्त्री ज्योतिरादित्य सिंधिया, नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष चन्द्र ढकाललगायतको सहभागिता रहनेछ।

फेस्टिभल भारत-नेपालबिच द्विपक्षीय आर्थिक सहकार्य, पर्यटन एकीकरण, सांस्कृतिक आदान-प्रदान तथा लगानी साझेदारी सुदृढ गर्ने प्रमुख द्विपक्षीय मञ्चका रूपमा स्थापित भएको छ। यसपटकको महोत्सवमा जलविद्युत् तथा ऊर्जा साझेदारी, सीमापार व्यापार तथा कनेक्टिभिटी, रामायण र बौद्ध सर्किटसहित पर्यटन एकीकरण, बैंकिङ, फिनटेक तथा डिजिटल अर्थतन्त्र सहकार्य, मिडिया तथा सांस्कृतिक कूटनीति, युवा सहभागिता, शिक्षा तथा नवप्रवर्तन साझेदारी, स्टार्टअप इकोसिस्टम तथा इन्डो-नेपाल सहकार्यको 'भिजन' २०३० लगायतका विषयमा विभिन्न १० भन्दा बढी उच्चस्तरीय सत्र तथा नीतिगत संवादमा ६० भन्दा बढी विज्ञ सहभागी हुने कार्यक्रम रहेको छ।

नयाँदिल्लीस्थित पिएडी चेम्बरको भवनमा आयोजना हुने महोत्सवमा व्यवसाय तथा नीतिगत छलफलसँगै महोत्सवमा नेपालको समृद्ध सांस्कृतिक सम्पदालाई सांगीतिक कार्यक्रम, चलचित्र प्रदर्शन, परम्परागत कला तथा प्रामाणिक नेपाली परिकारमार्फत प्रस्तुत गरिनेछ, जसले सहभागीलाई नेपाल र भारतको विशेष सांस्कृतिक अनुभव प्रदान गर्नेछ। महोत्सवलाई २५ हजार बढीले अवलोकन गर्ने आयोजकको अनुमान रहेको छ। इसिसिआईका अध्यक्ष युवराज बरालले फेस्टिभलबारे जानकारी गराउँदै इन्डो-नेपाल ट्रेड फेस्टिभल व्यापार, पर्यटन, संस्कृति र नवप्रवर्तनमार्फत द्विपक्षीय सहकार्य सुदृढ गर्ने परिवर्तनकारी मञ्चका रूपमा परिकल्पना गरिएको बताए।

सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको

ऋणकर्जा चुक्ता भुक्तान गर्न जारी गरेको ३५ (पैंतिस) दिने सूचना

प्रकाशित मितिः २०८२/११/०८

यस बैंकको शाखा कार्यालय, विद्यापति चोक (जनकपुर) बाट तपाई ऋणीले उपभोग गर्नु भएको ऋणकर्जाको भुक्तानी सम्बन्धी सम्झौताका शर्त अनुसार तिर्न बुझाउन पर्ने साँवा, ब्याज आदि नियमानुसार लाग्ने रकम नतिरी नबुझाई बस्नु भएकोले कर्जा बापत तिर्न बुझाउन पर्ने साँवा तथा ब्याज तिर्ने सम्बन्धमा मौखिक तथा लिखित रुपमा पटक पटक तरताकेता गर्दा समेत उक्त ऋणकर्जा रकमको सम्पूर्ण साँवा, ब्याज तथा हर्जना रकम चुक्ता भुक्तान नगरी यस बैंकसँग भएको ऋणकर्जा सम्बन्धी शर्त बन्देजहरु उल्लङ्घन गर्नु भएकोले ऋणकर्जा सुविधा बापत बैंकलाई तिर्न बुझाउन पर्ने सम्पूर्ण रकम चुक्ता भुक्तान गर्नु हुन यो ३५ (पैंतीस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिन भित्रमा पनि ऋणकर्जा सुविधा बापत तिर्न बुझाउन पर्ने साँवा, ब्याज र सो को हर्जना आदि सम्पूर्ण रकम चुक्ता भुक्तान नगरेमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ अन्तर्गत यस बैंकलाई कर्जा सुरक्षण बापत लेखिदिएको चल/अचल सम्पत्ति लिलाम बिक्री वा अन्य कुनै व्यवस्था गरी बैंकले आफ्नो लेना रकम असुल गरी लिने र प्रचलित नियम बमोजिम ऋणी तथा जमानीकर्ताहरुलाई कर्जा सूचना केन्द्र लिमिटेडमा कालोसूचीमा समावेश गरिने व्यहोरा समेत यसै सूचना मार्फत् जानकारी गराईन्छ।

तपसिल

ऋणी फर्मको नाम र ठेगाना

प्राईभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम मिति २०५७/०२/१२ मा नेपाल सरकार, उद्योग वाणिज्य तथा आपर्ति मन्त्रालय, वाणिज्य विभाग, घरेलु तथा साना उद्योग जलेश्वर महोत्तरी कार्यालयमा प्रा.फ.र.द.नं.१३३३५/२०५६/०५७ अर्न्तगत दर्ता कायम भई अर्थ मन्त्रालय, आन्तरिक राजश्व विभाग, आन्तरिक राजस्व कार्यालय,जनकपुर बाट स्थायी लेखा नम्बर (PAN) ३००८५३०८१ प्राप्त गरी महोत्तरी जिल्ला, पिपरा गा.वि.स.वडा नं.४ मा रजिष्टर्ड ठेगाना रहेका **शिव शक्ति किराना पसल**

ऋणी फर्मको प्रोप्राइटरको नाम र ठेगाना

श्री अवध मिश्र/श्रीमती.सुर्यखेली देवी.को नाती, श्री राम प्रकाश मिश्र /श्रीमती उमा देवीको छोरा श्रीमती अमृता कुमारी ठाकुर की पति, मधेश प्रदेश,महोत्तरी जिल्ला पिपरा म.न.पा./उप.म.न.पा./न.पा./गा.पा./गा.वि.स./गा.पं. वडा नं.०३ स्थाई ठेगाना भई हाल मधेश प्रदेश, महोत्तरी जिल्ला, पिपरा म.न.पा./उप.म.न.पा./न.पा./गा.पा. वडा नं ३ बस्ने ४६ वर्ष को (ना.प्र.प.नं.७३९५४०४१, जारी मिति २०५२/०५/१५, प्रतिलिपि मिति २०७९।०४।११, जि.प्र.का. महोत्तरी) श्री **मनोज कुमार मिश्र**।

जमानीकर्ताहरुको नाम र ठेगाना

१. श्री अटमी मिश्रको नाति श्री अवध मिश्र/श्रीमती सुरेखनी देवीको छोरा श्रीमती उमा देवीको पति, मधेश प्रदेश, महोत्तरी जिल्ला पिपरा गा.वि.स वडा नं. ०८ स्थाई ठेगाना भई हाल मधेश प्रदेश, महोत्तरी जिल्ला, पिपरा गा.पा. वडा नं. ३ बस्ने वर्ष ८१ को (ना.प्र.प.नं.६३९५११८०, जारी मिति २०४०/०१/१८, जि.प्र.का. महोत्तरी) **राम प्रकाश मिश्र**।

२. श्री राम प्रकाश मिश्र /श्रीमती उमा देवीको बुहारी, श्री धर्वेन्द्र ठाकुर/श्रीमती.सुनिता देवी छोरी , श्री मनोज कुमार मिश्रको पत्नी, मधेश प्रदेश, महोत्तरी जिल्ला पिपरा गा.वि.स. वडा नं. ०८ स्थाई ठेगाना भई हाल मधेश प्रदेश, महोत्तरी जिल्ला, पिपरा गा.पा. वडा नं. ३५ बस्ने वर्ष ३५ की (ना.प्र.प.नं.१८१०१७/३४३, जारी मिति २०६८/०१/२९, जि.प्र.का. महोत्तरी) श्रीमती **अमृता कुमारी ठाकुर**।

मुख्य कार्यालयः
पो. ब. १९६८१, नारायणहिटी पथ, काठमाडौं, नेपाल,
फोनः ९७७ १ ४५२७८४२/४३/२४ फ्याक्सः ९७७ १ ४५२७०४४
इमेलः info@ctznbank.com, SWIFT: CTZNNPKA
कल सेन्टरः support@ctznbank.com, ०१-५९७००६८

Citizens Bank

THE BANKER BANK OF THE YEAR 2024 NEPAL
THE BANKER BANK OF THE YEAR 2025 NEPAL

Government of Nepal
Ministry of Urban Development
Department of Urban Development and Building Construction
Office of Federal Urban Development & Building Construction (FUDBC), Surkhet

INVITATION FOR BIDS (IFB)

Notice No: 03-082/083
Date of publication: - 20th February, 2026 (2082/11/08)

1. DUDBC-FUDBC, Surkhet invites following electronic bid from eligible Nepalese Bidders under National Competitive Bidding.The details of the project is as follows:

S. N.	Contract No.	Description of Work	Estimate Amount (Without P.S. & VAT)	Bid Security Amount (Nrs)	Bid Document Fee (Nrs)	Bid Validity/Bid Bond Validity Period	Last Date of Bid Submission
1	FUDBC/ Surkhet/ Works/NCB/ 08/082/083	Construction of School Building at Gaidabaaj Ma.Vi.,Mahabu 04 and Construction of Toilet and Compound wall at Saraswati Aa.Bi Kaprikhola Dailekh.	(1S-2E)	7,50,000.00	5000.00	90days/120days from last date of bid submission	2082/12/08 (3/22/2026)
2	FUDBC/ Surkhet/ Works/ NCB/ 09/082/083	Construction of Remaining works of Majkot Badkule Health Post Building, Jajarkot after Contract Termination.	(1S-2E)	7,00,000.00	5000.00	90days/120days from last date of bid submission	
3	FUDBC/ Surkhet/ Works/NCB/ 10/082/083	Construction of Remaining works of Simarakma Birthing Center Building, Jajarkot after contract termination.	48,73,775.15	1,40,000.00	3000.00	90days/120days from last date of bid submission	

2. Eligible Bidders may obtain further information from PPMO's website: www.bolpatra.gov.np/egp.

Office Chief

ब्ल्याक प्लस डेकरका एयर प्युरिफायर बजारमा उपलब्ध

काठमाडौं/ बढ्दो वायु प्रदूषणलाई लक्षित गर्दै सिजी इलेक्ट्रोनिक्सले ब्ल्याक प्लस डेकरका एयर प्युरिफायर बजारमा उपलब्ध गराउन थालेको छ। पछिल्लो समय काठमाडौं उपत्यकालगायत देशका प्रमुख सहरमा वायु प्रदूषणको स्तर जोखिमपूर्ण बन्दै गइरहेको छ।

विशेष गरी हिउँदे सुक्खायाममा वायु गुणस्तर सूचकांक अस्वस्थकरको स्तरमा पुगिरहेकाप्रति कम्पनीले यसतर्फ ध्यानाकर्षण भएको जनाएको छ। बर्दलिँदो मौसम, धुलो र धुवाँका कारण आमनागरिकको दैनिक जीवन र श्वासप्रश्वास स्वास्थ्यमा पर्न सक्ने प्रभावलाई लिएर सजगता अपनाउन अनुरोध गरिएको छ। ग्राहकको



स्वास्थ्यलाई प्राथमिकतामा राख्दै घरभित्रको प्रदूषण व्यवस्थापनका लागि भरपर्दो र प्रभावकारी समाधानका रूपमा ब्ल्याक प्लस डेकरको एयर प्युरिफायर ल्याएको कम्पनीको भनाइ छ। बाहिरको प्रदूषित हावा र ए:२.५ जस्ता सूक्ष्म कणहरूबाट बच्न सामान्य भेन्टिलेसन मात्र पर्याप्त हुँदैन। यसै आवश्यकतालाई मध्यनजर गर्दै ल्याइएको ब्ल्याक प्लस डेकरको एपी ३५६०-बी ५ एयर प्युरिफायरले आकर्षक डिजाइन र शक्तिशाली तीन चरणको फिल्टरेसन प्रणालीको संयोजनमार्फत हावामा शुद्धता र ताजगी सुनिश्चित गर्ने कम्पनीको दाबी छ।

यसमा जडान भएको प्रि-फिल्टर प्रणालीले धुलो, कपाल र घरपालुवा जनावरको रौंजस्ता ठुला कणलाई कैद गर्ने बताइएको छ। यसले भित्र रहेका गहिरा फिल्टरलाई सुरक्षित राख्नुका साथै तिनीहरूको आयु पनि बढाउने कम्पनीले उल्लेख गरेको छ। यस्तै, हेपा १३ फिल्टर 'ट्रु हेपा' फिल्टरले हावामा रहेका ०.३ माइक्रोनसम्मका ९९.९७ प्रतिशत सूक्ष्म कण सोस्ने क्षमता राख्ने बताइएको छ।

ग्राहकको स्वास्थ्य र सहजतालाई ध्यानमा राखेर ल्याइएका यी एयर प्युरिफायरहरू नेपालभरका सिजी इलेक्ट्रोनिक्सका सोरुम र आधिकारिक विक्रेतामार्फत सहजै उपलब्ध हुने कम्पनीले जानकारी दिएको छ।

एनआईबिएल इक्विटीको बोर्ड सदस्य सल्लाहकारमा पौड्याल



काठमाडौं/ एनआईबिएल इक्विटी पार्टनर्सको बोर्ड सल्लाहकार सदस्यमा उपेन्द्र पौड्याल नियुक्त भएका छन्। यस नियुक्तिले संस्थाको रणनीतिक नेतृत्वलाई थप सुदृढ बनाउँदै दिगो तथा बैंकिङप्रतिको प्रतिबद्धतालाई अझ बलियो बनाउने विश्वास लिइएको छ।

वाणिज्य बैंकिङ, लगानी बैंकिङ तथा दिगो वित्तका क्षेत्रमा चार दशक लामो अनुभव सँगालेका पौड्यालले नेपालको बैंकिङ क्षेत्र सुदृढीकरणमा योगदान दिएका छन्। यसअघि पौड्याल नबिल बैंकको अध्यक्ष थिए। त्यस्तै, १७ वर्ष प्रमुख कार्यकारी अधिकृतका रूपमा एनएमबि बैंकको नेतृत्व सम्हालिसकेका छन्। पौड्यालको नेतृत्वमा उल्लिखित संस्थाले सुशासन, जोखिम व्यवस्थापन तथा दिगो बैंकिङका क्षेत्रमा महत्त्वपूर्ण प्रगति हासिल गरिएको बताइएको छ।

त्यसैगरी, उनले वातावरणीय र सामाजिक जोखिम व्यवस्थापनसम्बन्धी क्षमता अभिवृद्धि कार्यक्रममा बैंकिङ विशेषज्ञका रूपमा काम गरिसकेका छन्। 'सुशासन संरचना सुदृढीकरण, दिगोपन अभ्यास अभिवृद्धि तथा नेपालको बैंकिङ क्षेत्रमा नवप्रवर्तन प्रवर्द्धन गर्ने हाम्रो यात्रामा उहाँको मार्गदर्शन महत्त्वपूर्ण रहनेछ,' एनआईबिएल इक्विटी पार्टनर्सका प्रमुख कार्यकारी अधिकृत शिवान्त पाण्डेले भने। पौड्यालले आफू यस कम्पनीको आगामी विकास चरणमा सहयात्रा गर्न पाउँदा उत्साहित रहेको बताए।

गण्डकी प्याब्सनमा नयाँ नेतृत्व

काठमाडौं/ राष्ट्रिय निजी तथा आवासीय विद्यालय एसोसिएसन नेपाल (नेसनल प्याब्सन) गण्डकी प्रदेशको अध्यक्षमा सिकन्दर गुरुङ निर्वाचित भएका छन्। प्याब्सनको दोस्रो अधिवेशनले गण्डकी प्रदेश अध्यक्षमा गुरुङलाई निर्वाचित गरेको हो। उनको नेतृत्वमा ९ सदस्यीय प्रदेश समिति गठन गरिएको छ। समितिमा उपाध्यक्ष चेतनाथ भण्डारी, सचिव बालचन्द्र घिमिरे, कोषाध्यक्ष शिव गुरुङ र सदस्यहरू तारा भट्टराई, गणेश मल्ल, प्रेम भण्डारी तथा भोजराज अधिकारी रहेका छन्। नव निर्वाचित अध्यक्ष सिकन्दर गुरुङले प्रदेशस्तरीय शैक्षिक सुधार र निजी विद्यालयहरूको हित सुनिश्चित गर्न आफ्नो नेतृत्वमा काम गर्ने प्रतिबद्धता व्यक्त गरे।

केन्टका डिलर आइसिसी टी-२० विश्वकप हेर्न मुम्बईमा



काठमाडौं/ सिजी इलेक्ट्रोनिक्सअन्तर्गत पानी शुद्धीकरण ब्रान्ड केन्ट मिनरल आरओले आफ्ना डिलरलाई विश्वकप हेर्न मुम्बई लगेको छ। कम्पनीले २९ जना डिलरलाई मुम्बईको वानखेडे स्टेडियममा भइरहेको आइसिसी टी-२० विश्वकप हेराउन त्यहाँ लगेको हो।

कम्पनीका अनुसार डिलरहरूलाई तीन रात, चार दिनको मुम्बई भ्रमण प्याकेज उपलब्ध गराइएको छ। साथै, काठमाडौं-मुम्बई-काठमाडौं दुईतर्फी हवाई टिकट, तारे होटेलमा बसाइँ तथा खानपिनको पनि व्यवस्था गरिएको कम्पनीले जनाएको छ। मुम्बईका प्रमुख पर्यटकीयस्थलको अवलोकन भ्रमण (सिटी टुर) र वानखेडे स्टेडियममा हुने खेलको विशिष्ट टिकट प्याकेज पनि समावेश गरिएको छ।

सुनचाँदीको मूल्य बढ्यो

काठमाडौं/ नेपाली बजारमा सुनचाँदीको मूल्य बढेको छ। नेपाल सुनचाँदी व्यवसायी महासंघका अनुसार बिहीबार सुनको मूल्य तोलामा चार हजार तीन सय रुपैयाँले बढेर तीन लाख चार हजार सात रुपैयाँ कायम भयो। बुधबार भने तीन लाख चार सयमा कारोबार भएको थियो।

यता, चाँदीमा एक सय ८० रुपैयाँ बढ्यो। अघिल्लो दिन पाँच हजार ६० रुपैयाँमा खरिद-बिक्री भयो। बुधबार भने चार हजार आठ सय ८० रुपैयाँ रहेको महासंघले जनाएको छ।

बर्दियामा हिउँदे मकैप्रति किसानको आकर्षण बढ्दो

उत्पादन राम्रो हुने भएपछि खाली जग्गामा पनि मकै खेती गर्न थालियो

बर्दियामा **प्रकाश पौडेल**



बर्दियामा पछिल्लो समयमा हिउँदे मकै लगाउने किसानको संख्या बढ्दै गएको पाइएको छ। मकैबाट राम्रो उत्पादन हुने भएकाले पछिल्लो समयमा हिउँदे मकै लगाउने किसानको संख्या बढ्दै गएको हो। केही समयअगाडि खाली हुने गरेको जग्गामा अचेल मकै लगाएको पाइन्छ भने गहुँलगायतका अन्य बाली लगाउने खेतबारीमा समेत मकै लगाउन थालेको देखिन्छ।

विगत तीन वर्षदेखि मकै खेती गर्दै आएका गुलरिया नगरपालिका- ४ का अमर लम्सालले अन्य खेतीबाटभन्दा मकैबाट राम्रो उत्पादन हुने भएकाले मकै खेती गर्दै आएको बताए। उनले भने, 'घरमा गाई-भैंसी छन्, त्यसका लागि दाना किन्नुपर्थ्यो। मकै खेती गरेपछि त्यो बाध्यता अन्त्य भएको छ भने मकैबाट विभिन्न खाद्यान्नको परिकार बन्ने भएकाले खानका लागि समेत मकै प्रयोग हुँदै आएको छ।'

गुलरिया नगरपालिका- ८ का किसान पर्शुनारायण चौधरीले मकैबाट उत्पादन राम्रो हुने भएकाले मकैको खेती गरेको बताए। उनले भने, 'गत वर्ष आठ कट्ठामा मकै खेती गरेको थिएँ, २५ क्विन्टल मकै उत्पादन भयो। त्यही भएर अहिले पनि मकै लगाएको छु।' खेतीबाट उत्पादन राम्रो हुने भए पनि समयमा मल नपाउने समस्या छ। मल पाइयो भने पर्याप्त मात्रामा नपाइने गरेको चौधरीले गुनासो गरे।

एकीकृत कृषि तथा पशुपति विकास कार्यालयका कृषि प्राविधिक अधिकृत एवं सूचना अधिकारी फिर्तुमान चौधरीले बर्दियामा गत आर्थिक वर्षमा ०८१/८२ मा चार हजार एक सय ७० हेक्टरमा मकै खेती भएको बताए। उनले भने, 'मकैको उत्पादन राम्रो हुने भएकाले पछिल्लो समय किसान मकै खेतीतर्फ आकर्षित हुँदै गएका छन्। औसतमा प्रतिहेक्टर ४.९५ मेट्रिकटन मकै उत्पादन हुने गरेको छ।'

बर्दियाका आठवटै स्थानीय तहमा मकै खेती हुने गरेको छ। किसानले कञ्चन, स्टार-९, सुवर्ण, राजकुमार रामपुर, रामपुर हाइब्रिड-१६ लगायतका जातका मकै लगाउँदै आएको एकीकृत कृषि तथा पशुपति विकास कार्यालयले जनाएको छ।

Government of Nepal
Ministry of Urban Development
Department of Urban Development and Building Construction
Project Office of Urban Development and Building Construction
Tansen, Palpa

Invitation for Bids (Notice No. 01/2082/083)

Date of Publication: 2082/11/08 (20th February 2026)

Project Office of Urban Development and Building Construction, Palpa invites electronic bids from duly eligible and qualified registered bidders for the procurement of following works under NCB-Single Stage Double Envelope bidding procedures. Bidding Documents can be downloaded from the PPMO E-Portal-www.bolpatra.gov.np/egp.

Contract No./ID	Description of Works	Bid Security Amount (NRs.)	Bid Document Fee (NRs.)
PUDBC/PALPA/WORKS/ NCB/01/2082/83	Construction of Ramtulasi School Building, Rampur, Palpa.	6,50,000.00	5,000.00
PUDBC/PALPA/WORKS/ NCB/02/2082/83	Construction works for Karagar Building, Tansen, Palpa.	6,50,000.00	5,000.00

All bidders must submit their bid electronically. Electronic bid must be submitted through PPMO's e-GP system www.bolpatra.gov.np/egp. The Employer reserves the right to amend and correct at any time or to accept or reject, wholly or partially any or all the bids.

Project Chief

बागमती प्रदेश सरकार
सहकारी तथा गरिबी निवारण मन्त्रालय
समस्याग्रस्त सहकारी व्यवस्थापन समितिको कार्यालय
टंक प्रसाद घुम्ती सडक, अनामनगर, काठमाडौं

१५ दिने लिलाम बिक्री सम्बन्धी गोप्य शिलबन्दी बोलपत्र आह्ववानको सूचना

दोस्रो पटक प्रकाशित मितिः २०८२/११/०८

बागमती प्रदेशको प्रदेश सहकारी ऐन, २०७६ को दफा ८१ बमोजिम बागमती प्रदेश सरकारबाट दर्शन बचत तथा ऋण सहकारी संस्था लिमिटेड (३३३१/०६७/६८) किर्तिपुरलाई समस्याग्रस्त घोषणा गरी सो संस्थाको सम्पत्ति व्यवस्थापन तथा दायित्व भुक्तानी गर्ने जिम्मा सोही ऐनको दफा ८२ अनुसार गठित यस समिति समक्ष लेखी आएकोले दर्शन बचत तथा ऋण सहकारी संस्था लिमिटेडका बचतकर्ताहरूको बचत रकम फिर्ता गर्ने प्रयोजनार्थ यस सहकारीको नाममा रहेको तपशिलमा उल्लेखित घर जग्गा मूल्याङ्कन समितिले तय गरेको न्यूनतम मूल्यमा नघट्ने गरी तपशिलमा उल्लेखित शर्तको अधीनमा रही १५ (पन्ध्र) दिनभित्र गोप्य शिलबन्दी बोलपत्र आह्ववान गरिएको छ।इच्छुक बचतकर्ता, संस्था तथा व्यक्तिले सकार्न चाहेमा गोप्य शिलबन्दी निवेदन पेश गर्नु हुन सरोकारवाला सबैको लागि यो सूचना प्रकाशित गरिएको छ। विस्तृत जानकारीको लागि यस समितिको कर्यालयको Website: www.coopmc.bagamati.gov.np मा गई हेर्न सक्नु हुनेछ।साथै दुई वा दुई भन्दा बढी घर जग्गाको लागि बोलपत्र पेश गर्दा प्रत्येक घर जग्गाको लागि छुट्टा छुट्टै बोलपत्र पेश गर्नुपर्ने छ।

(क) लिलाम बिक्री हुने सम्पत्ति र मूल्यः

क्र. स	जग्गा धनीको नाम थर	ठेगाना	जग्गाको कित्ता नं र क्षेत्रफल (वर्ग मि.)	घरको कुल क्षेत्रफल (वर्ग फिट)	न्युनतम मूल्य
१	दिनेश दर्शनधारी	किर्तिपुर-५, काठमाडौं	कित्ता नं ३१२, खेत्रफल : ३४३.१५	३१६४.२५	घर र जग्गा सहित कुल न्युनतम मूल्य रु ६,७८,०३,०००/-
२	निर्मल बुद्धभूमि बचत तथा ऋण सहकारी संस्था लि.	किर्तिपुर-१६, काठमाडौं	कित्ता नं ३१९ र ३१७, क्षेत्रफलः १३२.२७	३६२१	घर र जग्गा सहित कुल न्युनतम मूल्य रु ३,९६,५२,०००/-
३	आयुषा दर्शनधारी, जेनु महर्जन, यशोधा राई	सुर्यविनायक-१, सिरुटार भक्तपुर	कित्ता नं ६९३ क्षेत्रफल १५२६.२२	घर नभएको	कुल जग्गाको न्युनतम मूल्य रु ५,७६,००,०००/-
४	आयुषा दर्शनधारी	सुर्यविनायक-१, दधिकोट भक्तपुर	कित्ता नं ३३०, क्षेत्रफल :८९०.२२	घर नभएको	कुल जग्गाको न्युनतम मूल्य रु ५,६०,००,०००/-

(ख) शर्तहरू :

१. माथि उल्लेखित जग्गा जे-जस्तो अवस्थामा छ सोही अवस्थामा खरिद गर्न बोलपत्र पेश गर्नु पर्नेछ।
२. ईच्छुक व्यक्ति, फर्म, संगठित संस्था वा कम्पनीले यो सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र कार्यालय समयमा रु. २०००।- बुझाइ समितिको कार्यालयबाट बोलपत्र फारम खरिद गर्न सकिनेछ।
३. यो सूचना प्रकाशित भएको मितिले १५ औं दिन कर्यालय खुल्ने समय ४:०० बजेसम्म बोलपत्र पेश गरी सक्नु पर्नेछ। यसरी पेश भएको बोलपत्रहरू भोलिपल्ट २:०० बजे यसै समितिको कार्यालयमा बोलपत्रवाला वा निजको प्रतिनिधिको रोहवरमा खोलिने छ। सो दिन सार्वजनिक विदा परेमा सोको भोलिपल्ट तोकिएको समयमा खोलिने छ। तर बोलपत्रवाला वा निजका प्रतिनिधि उपस्थित नभए पनि बोलपत्र खोल्न बाधा पर्नेछैन।
४. शिलबन्दी बोलपत्र फारममा आफूले बोलकबोल गरेको रकम केरमेट नगरी अङ्क र अक्षरमा स्पष्ट उल्लेख गर्नु पर्नेछ।बोलपत्र दाखिला गरेपछि त्यसमा कुनै किसिमको हेरफेर केरमेट गर्न पाइने छैन र बोलपत्र शर्त रहित हुन पर्नेछ।
५. बोलपत्र पेश गर्ने व्यक्तिको हकमा निजले नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि र फर्म, संगठित संस्था वा कम्पनीले इजाजतपत्र, दर्ता प्रमाणपत्र, मूल्य अभिवृद्धि कर र आयकर दर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि सहित स्वंय उपस्थित हुन पर्नेछ।
६. इच्छुक व्यक्ति, फर्म, संगठित संस्था वा कम्पनीले कबुल गरेको अङ्कको १०% (दश) प्रतिशत रकम राष्ट्रिय बाणिज्य बैंक पुतली सडक शाखामा रहेको बैंक खातावालको नाम **समस्याग्रस्त सहकारी व्यवस्थापन समिति (०१), बैंक खाता नं. ११३०१०००० ४६७२००१** मा जम्मा गरी सोको सक्कलै भौचर बोलपत्र साथ पेश गर्नु पर्नेछ।
७. इच्छुक व्यक्ति, फर्म, संगठित संस्था वा कम्पनीको नाममा खरिद भएको बोलपत्र अर्को व्यक्ति, फर्म, संगठित संस्था वा कम्पनीको नामबाट पेश गर्न पाइने छैन।
८. इच्छुक व्यक्ति, फर्म, संगठित संस्था वा कम्पनीले एक्लै वा सयुक्त उपक्रममार्फत बोलपत्र प्रक्रियामा सहभागी हुनु पर्नेछ। यसरी सहभागी हुन चाहने बढीमा ३ (तीन) व्यक्ति, फर्म, संगठित संस्था वा कम्पनीको मात्र संयुक्त उपक्रममा सम्झौता मान्य हुनेछ, साथै सो उपक्रममा सम्झौताको प्रति बोलपत्रसाथ अनिवार्य रुपमा संलग्न गर्नु पर्नेछ।
९. जग्गा सकार गर्ने पक्षले नेपाल सरकारलाई तिर्न बुझाउनु पर्ने कर तथा दायित्व सम्पूर्ण भुक्तान गर्नु पर्नेछ।
१०. बोलपत्र स्वीकृत गर्ने नगर्ने अधिकार यस समिति समक्ष रहने छ।

NMB MUTUAL FUND एनएमबि म्युचुअल फण्ड | **NMB Sulav Investment Fund II**

एनएमबि म्युचुअल फण्ड
अन्तर्गत संचालित एनएमबि सुलभ इन्भेष्टमेन्ट फण्ड-२

धितोपत्र सम्बन्धी ऐन, २०६३ तथा सामूहिक लगानी कोष नियमावली, २०६७ बमोजिम नेपाल धितोपत्र बोर्डबाट २०७९/०४/०५ मा योजना संचालन अनुमति प्राप्त योजनाको निर्धारित समयावधि समाप्ती मिति २०८९/०५/१४

२०८२ माघ मसान्तको खुद सम्पत्ति मूल्य सम्बन्धी विवरण

खुद सम्पत्ति मूल्य सम्बन्धि विवरण	माघ मसान्त २०८२ (रु)	पौष मसान्त २०८२ (रु)
क. धितोपत्र तथा अन्य लगानी		
१ सूचीकृत शेयर	१,२०४,५३३,७९६.२०	१,२०७,३७२,१७०.१०
२ ऋणपत्र/बोण्ड	७८,१११,२९५.४०	८०,८०५,७८८.८०
३ सार्वजनिक निष्काशन/हकप्रद शेयर/बोनस शेयर	७१,०२९,६४२.७८	६२,४१४,५४३.३०
४ ट्रेजरी बिल	२९,०१३,०३३.४८	२८,६४७,६४४.७३
जम्मा	१,३८२,६८७,७६७.८६	१,३७९,२४०,१४६.९३
ख. चालु सम्पत्ति		
१ बैंक मौज्दात	३८,८२३,४७६.१९	४१,५१४,८८२.८४
२ अन्य सम्पत्ति	४२९,०४०.६३	४,९१९,९५०.७६
जम्मा	३९,२५२,५१६.८२	४६,४३४,८३३.६०
ग. चालु दायित्व		
१ अन्य दायित्व	४५३,५३३.६८	१६७,७०२.००
जम्मा	४५३,५३३.६८	१६७,७०२.००
कूल सम्पत्ति घ=(क+ख-ग)	१,४२१,४८६,७५१.००	१,४२५,५०७,२७८.५३
भुक्तानी हुन बाँकी सेवा शुल्क (ङ)		
योजना व्यवस्थापक तथा डिपोजिटरी शुल्क	१,९४४,१९९.४७	५,७३१,०४०.०१
कोष सुपरीवेक्षक शुल्क	११४,३६४.६८	३३७,११९.९९
खुद सम्पत्ति (घ-ङ)	१,४१९,४२८,१८६.८५	१,४१९,४३९,११८.५३
जम्मा इकाई	१२२,१००,०००.००	१२२,१००,०००.००
प्रति इकाई खुद सम्पत्ति मूल्य	११.६३	११.६३

आय व्यय विवरण

क्र.स.	विवरण	माघ मसान्त २०८२ (रु)	पौष मसान्त २०८२ (रु)
१	प्राप्त भइ सकेको ब्याज, लाभांश तथा अन्य आम्दानी	२४,०७८,५४६.८४	१९,०३९,६५६.९७
२	प्राप्त भइ नसकेको ब्याज तथा लाभांश आम्दानी	४२८,६७०.६३	२,१४०,८२६.०८
३	प्राप्त भइ नसकेको पूँजीगत आम्दानी/(नोक्सानी)	(१०४,४१७,६१४.६७)	(९६,४१०,१४७.८५)
४	पूँजीगत आम्दानी/(नोक्सानी)	६५,६३७,४१२.६६	५८,५७६,४४३.८५
	जम्मा आम्दानी	(१४,२७२,९८४.५४)	(१६,६५३,२२०.९५)
१	स्टक एक्सचेञ्ज सूचीकरण शुल्क	५०,०००.००	५०,०००.००
२	योजना लेखापरीक्षण शुल्क	१६९,५००.००	-
३	योजना व्यवस्थापक तथा डिपोजीटरी शुल्क	१४,१८९,८४२.७४	१२,१०९,८३६.००
४	कोष सुपरीवेक्षण शुल्क	८३४,६९६.६६	७१२,३४३.३१
५	वार्षिक सिडिएस तथा सफ्टवेयर जडान/मर्मत शुल्क	१७०,०००.००	१७०,०००.००
६	अन्य खर्च	१७४,२०७.०५	१५४,८९९.०५
	जम्मा खर्च	१५,५८८,२४६.४५	१३,१९७,०७८.३६
	कूल आय/(व्यय)	(२९,८६१,२३०.९९)	(२९,८५०,२९९.३१)

क्र.सं.	धितोपत्र	संख्या	सम्पत्तिको मूल्य (रु)
	वाणिज्य बैंक समूह		
१	ग्लोवल आइएमई बैंक लिमिटेड	१६२,००१	३६,४३४,०२४.९०
२	माछापुच्छे बैंक लिमिटेड	१८१,९८५	४१,६७४,५६५.००
३	एनआईसी एशिया बैंक लिमिटेड	१७१,०४९	५६,४२९,०६५.१०
४	सानिमा बैंक लिमिटेड	११६,२१२	३८,५७०,७६२.८०
५	सिद्धार्थ बैंक लिमिटेड	१४०,७३४	५२,२८२,६८१.००
			२२५,३९१,०९८.८०
	विकास बैंक		
६	गरिमा विकास बैंक लिमिटेड	११०,११०	४३,९००,८५७.००
७	मुक्तिनाथ विकास बैंक लिमिटेड	१८५,०५४	६७,५०७,६९९.२०
८	साँग्रिला डेभलपमेन्ट बैंक लिमिटेड	१६२,०७४	६७,७४६,९३२.००
			१७९,१५५,४८८.२०
	जीवन बीमा समूह		
९	हिमालयन लाईफ इन्स्योरेन्स लिमिटेड	४७,२३९	१७,१०५,२४१.९०
१०	नेशनल लाईफ इन्स्योरेन्स कम्पनी लिमिटेड	१३८,०४२	८०,७५४,५७०.००
११	नेपाल लाईफ इन्स्योरेन्स कम्पनी लिमिटेड	१०८,५०८	८१,८१५,०३२.००
१२	सानिमा रिलायन्स लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड	५९,३२६	२३,२४५,७९२.००
			२०२,९३०,६३५.९०
	निर्जीवन बीमा समूह		
१३	नेको इन्स्योरेन्स लिमिटेड	१९,८९९	१२,११८,४९१.००
१४	सगरमाथा लुम्बिनी इन्स्योरेन्स कम्पनी लिमिटेड	१०३,२९१	६१,२३५,०८६.३०
१५	सिद्धार्थ प्रिमियर इन्स्योरेन्स लिमिटेड	११४,५८९	७९,६२७,९९६.१०
			१५२,९८१,४७३.४०
	उत्पादन र प्रशोधन उद्योग समूह		
१६	शिवम् सिमेन्ट लिमिटेड	५८,०००	३५,४९६,०००.००
१७	श्रीनगर एग्रीटेक इन्डष्ट्रिज लिमिटेड	१,६८४	२,३६२,६५२.००
१८	एसवाई प्यानल नेपाल लिमिटेड	२,३१४	४,३७८,०८८.००
१९	युनिलिभर नेपाल लिमिटेड	८०३	३७,४१९,८००.००
			७९,६५६,५४०.००
	हाइड्रो पावर समूह		
२०	बुङ्गल हाईड्रो लिमिटेड	११२९	७३०,४६३.००
२१	दरमखोला हाईड्रो इनर्जी लिमिटेड	१,६१२	१,१६२,२५२.००
२२	माबिलुङ्ग इनर्जी लिमिटेड	८१९	६१८,३४५.००
२३	माउन्टेन इनर्जी नेपाल लिमिटेड	५६,३९३	३२,६१२,०७१.९०
२४	रु रु जलविद्युत परियोजना लिमिटेड	१०२,५७१	६७,३८९,१४७.००
			१०२,५१२,२७८.९०
	लघुवित्त वित्तीय संस्था		
२५	आशा लघुवित्त वित्तीय संस्था लिमिटेड	१९,४२०	२१,७३०,९८०.००
२६	छिमेक लघुवित्त वित्तीय संस्था लिमिटेड	६०,०००	५५,१५२,०००.००
२७	नेशनल लघुवित्त वित्तीय संस्था लिमिटेड	६९,०२९	७६,८९८,३०६.००
२८	नेप्डो समुद्ध लघुवित्त वित्तीय संस्था लिमिटेड	२२,४२०	३४,०५५,९८०.००
२९	साना किसान विकास लघुवित्त वित्तीय संस्था लिमिटेड	४७,०५४	३५,९२५,७२९.००
३०	स्वस्तिक लघुवित्त वित्तीय संस्था लिमिटेड	१२८	३६७,३६०.००
			२२४,१३०,३५५.००
	अन्य		
३१	झापा इनर्जी लिमिटेड	३१०	४०३,०००.००
			४०३,०००.००
	होटल्स् तथा पर्यटन समूह		
३२	बन्दीपुर केबलकार एंड टुरिजम लिमिटेड	२,८८१	२,६९३,७३५.००
			२,६९३,७३५.००
	म्युचुअल फण्ड समूह		
३३	ग्लोबल आइएमई समुन्नत योजना २	१५०,०००	१,४२९,५००.००
३४	एचएलआई लार्ज क्याप फण्ड	५००,०००	४,६२५,०००.००
३५	कुमारी सबल योजना	४७५,०००	४,५५०,५००.००
३६	एमबीएल इक्विटी फण्ड	२७९,९००	२,८२४,१९१.००
३७	मुक्तिनाथ म्युचुअल फण्ड १	२००,०००	१,९४०,०००.००
३८	एनआईबिएल ग्रोथ फण्ड	५००,०००	४,७६०,०००.००
३९	एन आई सि एशिया ग्रोथ फण्ड २	५००,०००	४,५९५,०००.००
४०	एनआईबिएल स्टेबल फण्ड	४५०,०००	४,१६७,०००.००
४१	आरविवि फोकस ४०	२००,०००	१,८७६,०००.००
४२	रिलायबल समृद्धि योजना	४००,०००	३,९१२,०००.००
			३४,६७९,१९१.००
	कूल	५,९२१,५००	१,२०४,५३३,७९६.२०
	म्युचुअल फण्ड समूह (खुलामुखी योजना)		
१	सिटिजन्स सदाबहार योजना	१५०,०००	१,५४३,५००.००
२	प्रभु सिस्टमेटिक इन्भेष्टमेन्ट स्किम	१५०,०००	१,५१५,०००.००
	कूल		३,०५८,५००.००
	डिबेन्चर समूह		
१	बि.ओ.के. डिबेन्चर २०८६ "क"	३२,९१८	३९,१०६,५८४.००
२	ग्लोबल आइएमई बैंक लिमिटेड डिबेन्चर २०८६/८७	२,५००	२,७१७,५००.००
३	ग्लोबल आइएमई बैंक लिमिटेड डिबेन्चर २०८४/८५	८,६२९	१०,०५२,७८५.००
४	८.५% माछापुच्छे बैंक डिबेन्चर २०८७	३००	३३२,७६०.००
५	१०.५% नेपाल इन्भेष्टमेन्ट डिबेन्चर २०८२	१,५००	१,५५४,०००.००
६	१०.% नेपाल इन्भेष्टमेन्ट डिबेन्चर २०९०	९,२६४	१०,९७८,७६६.४०
७	९% नेपाल एसबिआई बैंक डिबेन्चर २०८९	१,०००	१,१५०,०००.००
८	१०% एनआईसि एशिया डिबेन्चर २०८५/८६	९००	१,०१७,०००.००
९	१०.३०% स्ट्याण्डर्ड चार्टर्ड बैंक लिमिटेड	१०,०००	११,२०१,९००.००
	कूल	६७,०११	७८,१११,२९५.४०

थप प्रकटीकरणहरु :

१ सूचिकृत तथा सूचिकृत नभएको शेयर तथा डिबेन्चर गरी २०८२ माघ मसान्तसम्मको लागत मूल्यमा कूल लगानी (धितोपत्र दलाल कमिशन, सेबोन शूल्क, डि.पि शूल्क समेत) रु १,२३१,२६६,६९९।९३ (अक्षरेपि एक अर्ब तेइस करोड बाह्र लाख छयसट्ठी हजार छ सय उनान्सय रुपैयाँ त्रियान्नब्बे पैसा मात्र।) रहेको छ।

२ योजनाको श्रावण २०८२ देखि माघ २०८२ सम्म धितोपत्र कारोबार गर्दाको लागत (धितोपत्र दलाल कमिशन, सेबोन शूल्क, डि.पि शूल्क) रु १,३६४,८१६।५१ (अक्षरेपी तेह्र लाख चौसट्ठी हजार आठ सय सोह्र रुपैयाँ एकाउन्न पैसा मात्र।) रहेको छ।

३ हकप्रद शेयर र बोनस शेयरको हकमा शेयर दाखिल खारेज बन्द मितिको दिन गणना गरी प्राप्त हुने हकप्रद/बोनस शेयरलाई खुद सम्पत्तिमा समावेश गरिएको छ। सो हकप्रद/बोनस शेयरको मूल्याङ्कन प्रत्येक मसान्तमा कायम भएको अन्तिम मूल्यको आधारमा गरिएको छ।

४ सामूहिक लगानी कोष नियमावली, २०६७ तथा सामूहिक लगानी कोष निर्देशिका, २०६९ को दफा २२ को अधिनमा रही योजनाको लगानी मूल्याङ्कन गरिएको छ। म्युचुअल फण्डको मूल्याङ्कन नीति सम्बन्धी विस्तृत विवरण योजना व्यवस्थापकको वेबसाइट "https://nmbcl.com.np/download" मा गई हेर्न सकिनेछ।

५ २०८२ माघ मसान्तमा योजनाको सूचीकृत इक्विटी पोर्टफोलियोको (म्यूचुअल फण्डमा गरिएको लगानी समावेश नगरिएको) मुल्य/आम्दानी अनुपात (PE Ratio) २७।७२ रहेको छ। जीवन बीमा कम्पनीहरुको हकमा पछिल्लो परिष्कृत वित्तीय विवरणको आधारमा र अन्य कम्पनीहरुको हकमा पछिल्लो चार त्रैमासको मुनाफाको आधारमा मुल्य/आम्दानी अनुपात गणना गरिएको छ।

६ ऋणात्मक आम्दानी भएका कम्पनीहरु समावेश नगरिएको सूचीकृत इक्विटी पोर्टफोलियोको (म्यूचूअल फण्डमा गरिएको लगानी समावेश नगरिएको)मुल्य/आम्दानी अनुपात (PE Ratio) २७।६१ रहेको छ।

७ योजनाको साप्ताहिक खुद सम्पत्ति मूल्य सम्बन्धी विवरण र प्रकाशित मासिक खुद सम्पत्ति मूल्य सम्बन्धी विस्तृत विवरण योजना व्यवस्थापकको वेब साईटमा हेर्न सकिनेछ ।

८ योजना सम्बन्धि कुनै जिज्ञाशा वा गुनासो रहेमा हामीलाई ईमेल ठेगाना "mutualfunds@nmbcl.com.np" मा सम्पर्क गर्नुहोला।

योजना व्यवस्थापक

NMB CAPITAL एनएमबि क्यापिटल लिमिटेड
बालुवाटार-४, काठमाडौं, नेपाल
फोन नं.: ०१-४५३७९६०
इमेलः info@nmbcl.com.np
वेबसाइटः www.nmbcl.com.np

का.नि.द.नं.१२८/०६३/६४, म.ले.हु.नि.द.नं. १७/०६९/०७०
शुक्रबार ८ फागुन ०८२
www.nayapatrikadaily.com
नयाँ पत्रिका

■ आइसिसी पुरुष टी-२० विश्वकप २०२६

नेपालको उतारचढावपूर्ण प्रदर्शन

१०औँ संस्करणको विश्वकपमा नेपालले तीन हार र एक जित निकाल्यो । इंग्ल्यान्डविरुद्ध बहादुरी प्रदर्शन गरेको नेपालले नवप्रवेशी इटालीबाट १० विकेट र वेस्ट इन्डिजसँग नौ विकेटको हार सामना गऱ्यो । प्रतिष्ठाको लडाइँमा स्कटल्यान्डमाथि सात विकेटको जित हात पाऱ्यो ।



मुम्बईमा **रमेश सुवेदी**

विश्वकप यात्रा थाल्नुअघि नेपालको लक्ष्य सुपर ८ थियो । अझ टेस्ट राष्ट्रलाई हराएर समूह चरण पार गर्ने योजना नेपाली कप्तान रोहितकुमार पौडेलले बनाएका थिए । विश्वकपमा नेपालले यी लक्ष्य पूरा गर्न सकेन । नेपाल एक जितका साथ फर्किएको छ । मुम्बईको वानखेडे रंगशालामा नेपालले मिश्रित नतिजा निकाल्यो । कुनै खेलमा हारले पनि वाहवाही कमायो । त्यस्तै, अर्को हारले चौतर्फी आलोचना खेप्नुपऱ्यो । यसपटकको विश्वकप यात्रामा नेपालको एउटा सुखद पक्ष भनेको १२ वर्षपछि जितका साथ घर फर्किएको छ ।

नेपालले चालू विश्वकपअन्तर्गत एसोसिएट राष्ट्रकै शीर्ष वरीयताको टोली स्कटल्यान्डलाई समूह 'सी'को अन्तिम खेलमा हरायो । स्कटल्यान्डविरुद्धको जितमा नेपालको पुनः एकपटक चर्चा भयो । विशेषतः अलराउन्डर दीपेन्द्रसिंह ऐरीको आक्रामक खेलकेन्द्रित थियो । उनी नै खेलका म्याच अफ दी म्याच भए । दीपेन्द्रसिंहको अर्धशतकीय इनिङ्सको सहयोगमा नेपालले सन् २०१४ पछि विश्वकपमा जित हात पाऱ्यो ।

१ इंग्ल्यान्डविरुद्ध उत्कृष्ट प्रदर्शन, संसारभरि चर्चा



नेपालको समूहमा सामान्य प्रतिद्वन्द्वी थिएनन् । दुईपटकका विश्वविजेता इंग्ल्यान्ड र वेस्ट इन्डिज यसै समूहमा थिए । यी दुई राष्ट्रलाई हराएर समूह चरण पार गर्ने हिम्मत नेपालले राखेको थियो । समूह चरणको पहिलो खेलमै नेपालले वानखेडे रंगशालामा १९ हजार दर्शकका अगाडि इंग्ल्यान्डविरुद्ध सनसनीपूर्ण प्रदर्शन गऱ्यो । अन्तिम ओभरमा नेपाललाई १० रन चाहिएको थियो । तर, नेपालले केवल ५ रन मात्र बनाउँदा इंग्ल्यान्डले हारेको खेलमाथि कब्जा जमायो ।

इंग्ल्यान्डको जितभन्दा पनि नेपालको बहादुरी प्रदर्शनले विश्वभरि नै प्राथमिकता पाएको थियो । बिबिसीदेखि द गार्डियनसम्मले इंग्ल्यान्डको भन्दा नेपालकै तारिफमा शब्द खर्चिए । 'नेपालको प्रदर्शन अस्वाभाविक..., झन्डै इंग्ल्यान्ड पराजित भइसकेको थियो,' द गार्डियनले लेखेको थियो । इंग्ल्यान्डजस्तो उपाधि दाबेदारलाई अन्तिम बलसम्म चुनौती तेर्स्याएको नेपालको प्रदर्शनमा त्यस दिन भारतीय मिडिया, क्रिकेटविज्ञ, आइपिएलका फ्रेन्चाइज टोली तथा पूर्वचर्चित खेलाडीबाट प्रशंसा भएको थियो । वानखेडे रंगशालामा होस् जा मरिन ड्राइभमा नेपाली खेलाडीको चर्चा हुन्थ्यो । गाडीमा हिँड्दा होस् या मुम्बईका गल्लीहरू हिँड्दा खेलाडी र नेपाली क्रिकेटकै कुरा सुनिन्थ्यो । सन् २०२४ मा दक्षिण अफ्रिकासँग १ रनले चुक्दा नेपाललाई अभागी तथा अनुभव नपुगेको टोली भनिएको थियो । यसपटक इंग्ल्यान्डसँगको खेलले पनि नेपालले जितेबराबरको प्रशंसा पायो ।

२ इटालीविरुद्ध 'ओभर कन्फिडेन्स'



इंग्ल्यान्डसँगको खेलपछि चार दिन ब्रेक भयो । यो चार दिन नेपालका खेलाडी अघिल्लो खेलकै मजा लिइरहेका देखिन्थे । उनीहरूलाई दोस्रो खेलमा त्यति चिन्ता थिएन । इटाली विश्वकपकै नवप्रवेशी थियो । वरीयतामा पनि आफूभन्दा १० स्थानमुनि थियो । फेरि एसोसिएट राष्ट्रमा इटालीभन्दा नेपाल निकै राम्रो थियो । नेपाली खेलाडी यो बिर्सिन पुगे कि आफ्ना प्रतिद्वन्द्वीलाई कहिल्यै कमजोर आँक्नुहुँदैन । खेलको अन्तिम समयसम्म नतिजा जे पनि हुन सक्छ ।

दोस्रो खेलमा भयो यस्तै । नेपालले एकपक्षीय जित निकाल्ने अनुमान लगाइएको खेलमा इटालीले उल्टै १० विकेटको सानदार जित निकाली वानखेडे रंगशालामा १८ हजार नेपाली समर्थकलाई स्तब्ध बनायो । सो खेलमा नेपालको ब्याटिङ, बलिङ र फिल्डिङ चल्दै चलेन । इटालीले नेपाललाई क्रिकेटको पाठ सिकायो । यो खेलमा नेपाल खेलाडी ओभर कन्फिडेन्स थिए । ब्याटिङका क्रममा ११ जना खेलाडी नै सामना गरेको बलमै बाउन्ड्री लगाउने योजनामा थिए ।

यसै चक्करमा इटालीका बलर हावी भए । इटालीले प्रतिस्पर्धामा कुनै पनि क्याच मिस गरेन । भनिन्छ क्रिकेटमा 'क्याचेज विन द गेम' । इटालीले यसै उदाहरण प्रस्तुत गर्दै कठिनभन्दा कठिन क्याच लिँदै नेपालको ब्याटिङ धराशयी बनायो । नेपालले इतिहासकै लज्जास्पद नतिजा व्यहोऱ्यो । यो प्रदर्शनमा विशेषतः प्रशिक्षक स्टुवार्ट ल थिए । उनले खुलेरै नेपाली खेलाडीबाट भएका असाधारण प्रदर्शनको कारण औँल्याए ।

'इटालीविरुद्ध नेपाली खेलाडीले जुन प्रदर्शन गरे, त्यसलाई माफी दिन सकिँदैन,' प्रशिक्षक स्टुआर्ट लले भने, 'नेपाली खेलाडी सोसल मिडियाबाट टाढा बस्नुपर्छ ।' उनी विश्वकपमा नेपाललाई प्रशिक्षण गराउने तेस्रो प्रशिक्षक हुन् । सन् २०१४ मा क्यानडाका पुबुदु दासानायके तथा सन् २०२४ मा भारतका मोन्टी देसाईको प्रशिक्षणमा नेपालले विश्वकप खेलेको थियो ।

३ वेस्ट इन्डिजसँग सोचेको नतिजा



पहिलो दुई खेलमा नेपालको प्रदर्शन आकाश-जमिन फरक भयो । चर्चाको शिखरमा पुगेको नेपाल एकैपटक ओरालो लाग्यो । इटालीसँगको खेलबारे केही पनि बोल्न चाहेनन् । लगातार दुई खेलमा हार सामना गरेपछि नेपालको सुपर ८ को सपना कमजोर बनिसकेको थियो । वेस्ट इन्डिजसँग तेस्रो खेल थियो । यो खेलमा हार निकाल्दा नेपालको विश्वकप यात्रा समूह चरणसम्मै सीमित हुने थियो । जितले सम्भावना कायम रहने थियो । चालू विश्वकपमा वेस्ट इन्डिज राम्रो 'सेप'मा छ । उनीहरूका बलरदेखि ब्याट्सम्यान फर्ममा छन् ।

यस्तो अवस्थामा नेपालले खेल्नुपर्ने थियो । नेपालले गत वर्षको सेप्टेम्बरमा वेस्ट इन्डिजविरुद्ध युएईको टी-२० आई सिरिजमा ऐतिहासिक २-१ को जित निकालेको थियो । एक किसिमले वेस्ट इन्डिज नेपालको नयाँ प्रतिद्वन्द्वी थिएन । तर, नेपाली खेलाडीले यो बिर्सिए कि यो वेस्ट इन्डिज टोली पूरै पहिलो रोजाइको थियो । वेस्ट इन्डिजले नेपाललाई ब्याटिङ गरायो । सोमपाल कामी र दीपेन्द्रसिंह ऐरीले आफ्नो अनुभव प्रयोग गरी नेपाललाई सम्मानजक योगफलसम्म पुऱ्याए ।

अघिल्ला दुई खेलमा बेन्चमा बसेका सोमपालले आफ्नो उपस्थितिलाई सार्थक बनाए । उनले यसै खेलमा तीनवटा विश्वकप खेल्ने पहिलो नेपाली खेलाडीको नाम लेखाए । ब्याटिङमा वेस्ट इन्डिजले आक्रामक खेल प्रस्तुत गर्दै खेल १६ ओभरसम्म पनि पुऱ्याए । वेस्ट इन्डिजसँगको नौ विकेटको हार स्वभाविक रूपमै थियो । हारसँगै नेपाल समूह चरणबाटै बाहिरियो । जुन कुनै नौलो भएन ।

४ १२ वर्षपछि पहिलो जित



१०औँ संस्करणको विश्वकपअन्तर्गत चौथो खेलसम्म आइपुग्दा नेपाल प्रतिष्ठाको लडाइँमा सीमित भयो । अब नेपालले एसोसिएट राष्ट्र स्कटल्यान्डसँग भिड्नुपर्ने थियो । स्कटल्यान्डलाई हराएर कम्तीमा विश्वकपमा एउटा जितका साथ यात्रा सकाउने योजनामा नेपाली खेलाडी थिए । यसै किसिमको समीकरणमा स्कटल्यान्ड पनि थियो । विश्वकपबाट बाहिरिसकेको पृष्ठभूमिमा स्कटल्यान्डले नेपाललाई हराउने लक्ष्य राख्यो ।

वानखेडे रंगशालामा पहिलो ब्याटिङ गरी स्कटल्यान्डले सात विकेट गुमाएर १७० रन बनायो । सोमपाल कामीले उत्कृष्ट कमब्याक गर्दै स्कटल्यान्डको रनगतिमा ब्रेक लगाए । यद्यपि, यो लक्ष्य चुनौतीपूर्ण नै थियो । तर, ओपनर कुशल भुर्तेलको आक्रामक इनिङ्स, दीपेन्द्रसिंहको ५० रन तथा गुल्सन झाको विस्फोटक ब्याटिङमा नेपालले १९.२ ओभरमा सात विकेटको जित निकाल्यो । योसँगै नेपालले सन् २०१४ पछि विश्वकपमा समग्रमा तेस्रो जित हात पाऱ्यो । अन्ततः नेपालले चालू विश्वकपमा मिश्रित प्रदर्शन गरी बुधबार राति घर फर्कियो । नेपालका कप्तान रोहित विश्वकपको नतिजाबाट खुसी देखिएनन् । विश्वकपमा शेर मल्लले राष्ट्रिय टोलीमा डेब्यु गरे । लोकेश बम, शेर, आरिफ शेख, नन्दन यादवले पहिलोपटक विश्वकपमा अवसर पाए । बसिर अहमद भने बेन्चमै सीमित बने । 'हामीले जे लक्ष्य बोकेका थियौँ, त्यसमा चुक्यौँ,' उनले भने, 'इंग्ल्यान्डसँग सुरुवात राम्रो भएको थियो । त्यसलाई निरन्तरता दिन सकेनौँ । दोस्रो चरण पुग्ने अवसर गुमायौँ ।'

आजको खेल

अस्ट्रेलिया — राति ७:१५ बजे — ओमान

जितसँगै अफगानिस्तानको विश्वकप यात्रा सकियो



मुम्बई/ अफगानिस्तानले आइसिसी टी-२० विश्वकप क्रिकेट प्रतियोगितामा जितका साथ यात्रा समाप्त गरेको छ । चेन्नईमा समूह 'डी'को प्रतिस्पर्धामा अफगानिस्तानले क्यानडालाई ८२ रनले हराउँदै तेस्रो स्थान रक्षा गरेको छ । यस समूहमा अफगानिस्तानले युएईलाई पनि हराएको थियो । दक्षिण अफ्रिका र न्युजिल्यान्डसँग पराजित भएको थियो । अफगानिस्तानले चार खेलमा समान दुई जित र हार सामना गरी ४ अंक बटुल्यो । दोस्रोपटक विश्वकप खेलेको क्यानडा जितविहीन भयो । क्यानडाले चारै खेल गुमाएको छ ।

चेन्नई रंगशालामा पहिलो ब्याटिङ गरेको अफगानिस्तानले चार विकेट गुमाएर २ सय रन बनाएको थियो । प्रत्युत्तरमा खराब सुरुवात गरेको क्यानडा २० ओभरमा ८ विकेट गुमाएर ११८ रन बनायो । अफगानिस्तानका लागि मोहमद नैवले ४ ओभरमा ७ रन खर्चेर ४ विकेट लिए ।

शतक बनाउन चुके इब्राहिम

पहिलो ब्याटिङ गरेको अफगानिस्तानका लागि तीन खेलाडीले विस्फोटक ब्याटिङ गरेका थिए । ओपनर रहमानुल्लाह गुर्बाज र इब्राहिम जर्दानले पहिलो विकेटका लागि ५.३ ओभरमा ४७ रनको साझेदारी गरेका थिए । गुर्बाजले २० बलमा पाँच चौका प्रहार गरी ३० रन जोडे । गुल्बदिन नैब १ रनमै आउट हुँदा अफगानिस्तान ४९-२ को स्थितिमा रह्यो । इब्राहिम र सिद्दिकिलाहले तेस्रो विकेटका लागि ९५ रनको साझेदारी गर्दै टोलीलाई १५.५ ओभरमा १४४-३ को बलियो स्थितिमा पुऱ्याए ।

अफगानिस्तानका लागि सिद्दिकिलाहले ३२ बलमा समान दुई चौका र छक्का प्रहार गरी ४४ रन बनाए । अजमातुल्लाह ओमाजी र इब्राहिमले चौथो विकेटका लागि ३१ रनको साझेदारी गरी टोलीलाई १८.१ ओभरमा १७५-५ को बलियो अवस्थामा राखे । इनिङ्सको अन्तिमसम्म नटआउट रहेका इब्राहिम विश्वकपमा शतकीय इनिङ्स खेल्न चुके । उनले ५६ बल सामना गरी सर्वाधिक ९५ रन बनाएका थिए । उनले सात चौका र पाँच छक्का प्रहार गरेका थिए । बलिङमा क्यानडाका लागि जसकरण सिंहले ५२ रन खर्चेर तीन विकेट हात पारे ।

अंक तालिका

समूह 'ए'

राष्ट्र	खेल	जित	हार	अंक	रनरेट
भारत	४	४	०	८	२.५०
पाकिस्तान	४	३	१	६	०.९७
अमेरिका	४	२	२	४	०.७८
नेदरल्यान्ड्स	४	१	३	२	-१.२१
नामिबिया	४	०	४	०	-३.१०

समूह 'बी'

राष्ट्र	खेल	जित	हार	अंक	रनरेट
जिम्बावे	४	३	०	७	१.५०
श्रीलंका	४	३	१	६	१.७४
आयरल्यान्ड	४	१	२	३	-०.१५
अस्ट्रेलिया	३	१	२	२	०.४१
ओमान	३	०	३	०	-४.५४

समूह 'सी'

राष्ट्र	खेल	जित	हार	अंक	रनरेट
वेस्ट इन्डिज	४	४	०	८	१.८७
इंग्ल्यान्ड	४	३	१	६	-०.२०
स्कटल्यान्ड	४	१	३	२	०.१८
इटाली	४	१	३	२	-१.०२
नेपाल	४	१	३	२	-१.३४

समूह 'डी'

राष्ट्र	खेल	जित	हार	अंक	रनरेट
द. अफ्रिका	४	४	०	८	१.९४
न्युजिल्यान्ड	४	३	१	६	१.२२
अफगानिस्तान	४	२	२	४	०.८८
युएई	४	१	३	२	-१.३६
क्यानडा	४	०	४	०	-२.४२

वेस्ट इन्डिज चारै खेलमा विजयी

दुईपटकको विजेता वेस्ट इन्डिजले समूह 'सी'मा शतप्रतिशत जित निकालेको छ । बिहीबार भएको खेलमा वेस्ट इन्डिजले इटालीलाई ४२ रनले हरायो । इडेन गार्डेनमा पहिलो ब्याटिङ गरेको वेस्ट इन्डिजले २० ओभरमा ६ विकेट गुमाएर १६५ रन जोड्यो । प्रत्युत्तरमा इटालीले १८ ओभरमा सबै विकेट गुमाएर १२३ रन जोड्दा वेस्ट इन्डिज ४२ रनले विजयी भएको हो । वेस्ट इन्डिजले आफ्नो समूहमा चार खेलमै जित निकाली सर्वाधिक ८ अंक बटुल्यो ।

वेस्ट इन्डिजका लागि साई होपले ब्याटिङ र फिल्डिङमा उत्कृष्ट प्रदर्शन गरेका थिए । खेलका म्यान अफ दी म्याचसमेत उनले ब्याटिङमा ४६ बलमा ७६ रन तथा दुई क्याच लिएका थिए । होपले ६ चौका र चार छक्का प्रहार गरे । रोस्टन चेजले २५ बलमा २४ तथा सेफान रुथफोर्डले १५ बलमा २४ रन बनाए । इटालीको ब्याटिङमा वेन मानेटीले २१ बलमा २६ तथा जे स्मुट्सले २७ बलमा २४ रन बटुलेका थिए । बलिङमा वेस्ट इन्डिजका सामार जोसेफले ३० रन खर्चेर चार विकेट हात पारे ।

११औँ संस्करणको विश्वकप खेल्ने १२ टोलीको टुंगो

मुम्बई/ सन् २०२८ मा अस्ट्रेलिया र न्युजिल्यान्डले संयुक्त रूपमा आयोजना गर्ने आइसिसी टी-२० विश्वकप क्रिकेट खेल्ने १२ टोलीको टुंगो लागेको छ । भारत र श्रीलंकामा चलिरहेको टी-२० विश्वकपको सुपर ८ को टुंगो लागेसँगै दुई वर्षपछि हुने अर्को विश्वकप खेल्ने १२ टोलीको निश्चित भएको हो ।

अस्ट्रेलिया र न्युजिल्यान्डले आयोजक राष्ट्रका रूपमा ११औँ संस्करणको विश्वकप खेल्नेछन् । जारी विश्वकपमा सुपर ८ मा प्रवेश गरेका भारत, पाकिस्तान, श्रीलंका, इंग्ल्यान्ड, दक्षिण अफ्रिका, जिम्बाबे र वेस्ट इन्डिजले पनि आउँदो विश्वकपमा स्थान पक्का गरेका छन् । सुपर ८ बाहिर रहेकामध्ये अहिले टी-२० आई वरीयतामा माथि रहेका तीन राष्ट्रले पनि आगामी विश्वकप खेल्न पाउनेछन् । अफगानिस्तान र आयरल्यान्ड जारी विश्वकपमा समूह चरणबाटै बाहिरिएका थिए ।

भारतसँगको विवादका कारण बंगलादेश यसपटकको विश्वकपमा सहभागी भएन । आठ टोली भने क्षेत्रीय छनोटमार्फत विश्वकपमा आउनेछन् । अफ्रिका, युरोप, अमेरिका र एसिया र इस्ट एसिया प्यासिफिकको क्षेत्रीय छनोटबाट तीन राष्ट्र छनोट हुँदै आठ राष्ट्रले विश्वकप खेल्ने आइसिसीले जनाएको छ । नेपालले यसपटक एसिया-इस्ट एसिया प्यासिफिकको क्षेत्रीय छनोटको शीर्ष स्थानमा रहँदै २०२६ को विश्वकपमा स्थान बनाएको थियो ।

■ शतप्रतिशत नतिजा



दुईपटकको विजेता वेस्ट इन्डिजले बिहीबार डेब्यु राष्ट्र इटालीमाथि ४२ रनको जित निकाली समूह 'सी'मा शतप्रतिशत जित निकाल्यो । भारत, दक्षिण अफ्रिका र वेस्ट इन्डिजले विश्वकप समूह चरणका कुनै पनि खेल गुमाएनन् । तस्बिर : **एजेन्सी**



जिम्बावेसँग श्रीलंका स्तब्ध

१०औँ संस्करणको टी-२० विश्वकपमा जिम्बावेले अस्ट्रेलियापछि सन् २०१४ को विजेता श्रीलंकालाई ६ विकेटले निराश बनायो

एजेन्सी

जिम्बावेले चालू १०औँ संस्करणको आइसिसी टी-२० विश्वकप क्रिकेट प्रतियोगितामा अर्को पूर्वविजेतालाई श्रीलंकालाई स्तब्ध पारेको छ । कोलम्बोको प्रेमादासा रंगशालामा बिहीबार जिम्बावेले सन् २०१४ को विजेता श्रीलंकालाई ६ विकेटले पाखा लगाएको छ । समूह 'बी'मा जिम्बावे ७ अंकका साथ शीर्ष स्थानमा उक्लियो । आयोजक श्रीलंका भने ६ अंकसहित दोस्रो स्थानमा छ । जिम्बावेले समूह चरणको खेलमा सन् २०२१ को विजेता अस्ट्रेलियालाई २६ रनले निराश बनाएको थियो ।

चालू विश्वकपको उपाधि दाबेदार मानिएको अस्ट्रेलिया श्रीलंका र जिम्बावेलाई नतिजा सुम्पिएपछि विश्वकप दौडबाट बाहिरिएको हो । जिम्बावे आइसिसी टी-२० वरीयतामा ११औँ स्थानमा छ । क्रिकेटविज्ञहरूले जिम्बावे-अस्ट्रेलियाबिचको नतिजालाई स्तब्ध मानेका थिए । तर, दोस्रोपटक अर्को बलियो राष्ट्र श्रीलंकालाई हराउँदा विज्ञहरूले जिम्बावेलाई साधारण टोलीका रूपमा नलिन बताएका छन् । प्रेमादासा रंगशालामा पहिलो ब्याटिङ गरेको श्रीलंकाले सात विकेट गुमाएर १७८ रनको योगफल बनाएको थियो । १७९ रनको लक्ष्य पछ्याएको जिम्बावेले १९.३ ओभरमा चार विकेटको क्षतिमा १८२ रन जोड्दै सनसनी नतिजा निकाल्यो । जिम्बावेलाई अर्को ऐतिहासिक जित दिलाउने क्रममा कप्तान सिकन्दर राजाले २६ बलमा ४५ रनको आक्रामक इनिङ्स खेलेका थिए । श्रीलंकाले भने अघिल्लो खेलमा अस्ट्रेलियालाई एकपक्षीय खेलमा आठ विकेटले हराएको थियो ।

जिम्बावेको बलियो साझेदारी

लक्ष्य पछ्याउँदा जिम्बावेले चारै विकेटका लागि राम्रो साझेदारी पायो । ओपनर ब्रायन बेनेटी र मारुमानीले पहिलो विकेटका लागि ८.३ ओभरमा ६९ रनको साझेदारी गरेका थिए । त्यसपछि रायन ब्रुल र बेनेटीले दोस्रो विकेटका लागि २९ रन जोडे । सिकन्दर राजाले बेनेटीसँग तेस्रो विकेटका लागि ४० बलमा ६९ रन जोडे ।

बेनेटी र मुन्योबिच पाँचौँ विकेटका लागि चार बलमा १३ रन जोड्दा जिम्बावेले श्रीलंकलाई तीन बलअघि नै हरायो । बेनेटीले नटआउट रहँदै ४८ बलमा आठ चौकाको सहयोगमा ६३ रन जोडे । मारुमानीले २६ बलमा पाँच चौका र एक छक्का प्रहार गरी ३४ रन बनाए । रायनले १२ बलमा दुई चौका र एक छक्काको सहयोगमा २३ रन जोडे । म्यान अफ दी म्याच राजाले चार छक्का र दुई चौका प्रहार गरेका थिए । बेनेटी चालू विश्वकपमा सर्वाधिक रन बनाउने सूचीको छैटौँ स्थानमा पुगेका छन् । उनले तीन खेलमा दुई अर्धशतकीय योगदानमा १७५ रन बनाएका छन् ।

श्रीलंकाको मध्यक्रम बलियो

पहिलो ब्याटिङ गरेको श्रीलंकाको शीर्ष र मध्यक्रम बलियो हुँदा जिम्बावेलाई चुनौतीपूर्ण योगफल खडा गरेको हो । तर, जिम्बावेका ब्याट्सम्यानको उत्कृष्ट प्रदर्शनका अगाडि श्रीलंकाको केही चलेन । श्रीलंकाका लागि पाथुम निसांकले ४१ बलमा आठ चौकाको सहयोगमा सर्वाधिक ६२ रन जोडे ।

चालू प्रतियोगितामा उनी सर्वाधिक रन बनाउने दोस्रो स्थानमा छन् । उनले चार खेलमा १९९ रन बनाएका छन् । यसैगरी, अर्का ओपनर कुशल परेराले १४ बलमा २२ रन बनाए । कुशल मेन्डिसले १४ रन जोडे । उनी सर्वाधिक रन जोड्ने ब्याट्सम्यानको तेस्रो स्थानमा छन् । उनले चार खेलमा १८२ रन बनाएका छन् । चौथो क्रमका पवन रत्नायेकेले २५ बलमा दुई छक्का र तीन चौकाको सहयोगमा ४४ रन जोडे ।

नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित । **कार्यकारी निर्देशक** : सुशील थापा । **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा । **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com